CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरणपुस्तकालयस्य षष्ठः प्रकाशः

बुद्धस्मरणम्

डा. टीकारामपन्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरणपुस्तकालयको षष्ठ प्रकाश

बुद्धस्मरणम्

राष्ट्रभाषानुवादानुगतम्

प्रणेता
डा. टीकारामपन्थी

प्रकाशकः

किरणपुस्तकालय तम्घास, गुल्मी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रचनाकाल: २०५३।२०५४

प्रकाशनकाल: २०५४।५।१६, मोती जयन्ती

प्रथमावृत्तिः १०००

मूल्य : रु. ३०।-

प्रकाशकः- किरण पुस्तकालय, तंघास, गुल्मी

कम्प्युटर सेटिङ : आशीष कम्प्युटर, बानेश्वर

मुद्रक : प्रकृति छापाखाना, बानेश्वर, काठमाडौं

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रकाशकीय

कविता मानवहृदयको आकर्षक, उद्बोधक र उत्तेजक हुन्छ। काव्य स्वान्तः सुखाय तथा कान्तासम्मित उपदेशदाता हुन्छ। काव्य वा साहित्यको कुनै पनि विधा स्वकालीन समाजको दर्पण हुन्छ, समाजलाई सही बाटोमा डोऱ्याउने, सत्यं शिवं सुन्दरम्तर्फ लैजाने पनि हुन्छ। प्रस्तुत काव्यले पनि असंगत र असमञ्जस कुराहरुलाई काव्यात्मक पृष्ठमा देखाउँदै तामसतावाट सात्विकतातर्फ लाग्न प्रेरणा दिएको छ।

अहिंसा र शान्तिका सन्देशदाता भगवान् गौतम बुद्धको जन्मभूमि नेपाल हो, जन्मस्थल लुम्बिनीवन हो। शान्तिका अग्रदूत महामानव बुद्धको सार्वकालिक स्मृतिनिमित्त सिद्धार्थनगर र सिद्धार्थराजमार्ग जस्ता नाम राखिएका छन्। अहिले यस ठाउँमा बुद्धका पञ्चशीलको उपहास भइरहेको छ। बुद्धको अष्टाङ्गमार्ग किताबमा मात्रै सीमित छ। शान्ति र अहिंसाका साधक बुद्धको जन्मस्थल लुम्बिनीमा शान्तिस्तूप निर्माणार्थ खटिएका जापानी बौद्धभिक्षु हत्याराका गोलीद्वारा मारिनुभएको छ।

प्रस्तुत काव्यकृतिमा वर्तमानमा अनुभूत यस्तै दुःखपूर्ण कुराहरु पोखिएका छन्। बुद्धलाई नायक बनाएर लेखिएका संस्कृत काव्यकृतिहरु खोज्दा ईसापूर्व प्रथम शताब्दीमा महाकवि अश्वघोषद्वारा रचित 'बुद्धंचरितम्' र 'सौन्दरानन्दम्' भेटिन्छन्। यी दुवैमा बौद्धधर्मको प्रचार-प्रसार नै लक्ष्य रहेकोले कलापक्ष शिथिल छ भनी समीक्षकहरु भन्दछन्। नेपालमा लेखिएका संस्कृतकाव्यकृतिहरुमा बुद्धसंबद्ध काव्य नदेखिएकोले प्रस्तुत 'बुद्धस्मरणम्' काव्यलाई पहिलो र नौलो कृति मान्नुपर्ने हुन्छ। यो कृति बुद्धका उपदेश, धर्म र दर्शनतर्फ होइन, बुद्धजन्मस्थलको दयनीय र दुःखपूर्ण क्रियाकलापतर्फ उन्मुख छ। अश्वघोष बौद्धभिक्षु भदन्त (भन्ते) थिए भने प्रस्तुत काव्यप्रवन्ध कट्टर वैदिकधर्मावलम्बीले बुद्धलाई भगवान्का नवम अवतार महामानव मानेर लेखिएको छ।

डा. टीकाराम पन्थी नेपालका औंलामा गनिनें संस्कृत विद्वान्हरुमध्ये एक मानिनुहुन्छ। उहाँका दुईदटा कृतिहरू किरण पुस्तकालयले यसभन्दा पहिले (१२ वर्षअघि) प्रकाशित गरेको थियो। अहिले यस रूपमा यो संस्कृत काव्यकृति प्रकाशित गरिँदैछ। संस्कृतमनीषीहरूद्वारा यसको गुणदोषबारे समीक्षण हुनेछ र संस्कृत नजान्नेहरुलाई पनि नेपाली भावानुवादबाट विषयवस्तु ग्रहण गर्न सजिलो पर्नेछ। लेखकका आफ्ना कुराबाट संक्षिप्त परिचय प्राप्त हुनेछ र नेपालका ख्यातिप्राप्त विद्वान् योगीश्वर नरहरिनाथज्यू तथा डा. जयराज आचार्यज्यूको समीक्षात्मक मन्तव्यबाट यसको स्तरीयता विदित हुनेछ। म पुस्तकालयको तर्फबाट कवि तथा समीक्षक विद्वान्हरूप्रति सादर कृतज्ञता प्रकट गर्छु। साथै भगवान् बुद्धको जन्मभूमि नेपालमा अहिंसा, शान्ति, मानवता, सन्मार्ग र पञ्चशीलको मर्यादा प्रतिष्ठित होओस् भन्ने आशा राख्दछु।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शुभाशंसा

टीकाराभविपश्चिताऽभिलिखितः कुबेर शुद्धात्मना
नोपालब्ध इतीह नो निपुणया दृष्ट्या स्फुटं कृप्या ।
श्रीबुद्धस्मरणे भृशं प्रणयतो व्यङ्गचेन सत्पुङ्गव-
श्छन्दोऽलङ्कृति-भङ्कृति-प्रगुणया श्रीलुम्बिनीकानने ।
सिद्धार्थे नगरे प्रबुद्धहृदये श्रीबुद्धवल्लीस्थले
ज्येष्ठे कापिलवास्तुनीह ललिते श्रीबाणगङ्गातटे ।
स्वच्छोत्तुङ्गतिलोत्तमातटभुवि व्यस्ते महाभारते
दिव्ये देवह्रदे च दाङ्गविषये चैरावतीतीरयोः ॥
बुद्धे बुद्धगयास्थले च मगधे श्रीसारनाथस्थले
काश्यां विन्ध्यगिरौ प्रयागनगरे श्रीदेविकापट्टने ।
श्रीगोरक्षपुरे कुशाम्बिनगरे श्रीव्याघ्रपुर्यादिषु
गण्डक्यां सरयूतटेऽतिविकटे श्रीलुम्बिनीस्वञ्चले ॥

रुद्राधिकत्रिशतपद्यमतीव हृद्यं
काव्यं च नव्यमपि भव्यमतीव दिव्यम्
छन्दो वसन्ततिलकादिमतं प्रधानं
श्रीपञ्चशीलनिधिना सुगतेन दत्तम् ॥

"तदस्ति नास्तीति य एष संशयः
परस्य वाक्यै र्न ममात्र निश्चयः ।
अवेत्य तत्त्वं तपसा शमेन च,
स्वयं ग्रहीष्यामि यदत्र निश्चितम् ॥"

इतीत्थमात्मीयमुदारदर्शनं
यदीयमत्रास्ति हिमालये चिरम्
स वैदिको बुद्ध उदारया धिया
ऽप्यहिंसया ख्यातिमगान्महीतले ॥

यमादिकैस्तैर्नियमैः समन्वित-
स्तथागतोऽसौ भवनाद् वनं गतः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपस्यया द्वादशवर्षया स्वया
कठोरया सिद्धिमवाप शुद्धया ॥

दयामयो धर्म उदारतामयी
यदीयवाणी हृदयञ्च कोमलम्
परोपकारो व्यसनं निरन्तरं
सदाशिवध्यानमनिन्दिताकृतिः ॥

स्वपञ्चशीलैरनुशिष्टशिष्यतः
प्रशान्तभूसिन्धुहिमालयाम्बरः
तथागतो यत्र तथागतोऽभवत्
तदीयभूमाविह किं तथाऽखिलम् ?

जनाः समस्ता विपरीतवृत्तयो,
विचारधारा विपरीतगास्तथा ।
निरीक्ष्य निर्धौतधिया सुधीवरः
प्रस्तौति बुद्धस्मरणं सुभाषितम् ॥

पालैःपालितपालपाभिधपुरी पाल्पाऽधुना पठ्यते,
पालानामनुपालनोत्थितगिरा पालीति विश्वश्रुता ।
दिक्पालाः प्रथमं ततो मनुमुखा भूपालका भूतले,
आदित्यान्वयपालपालितगिरः श्रीपञ्चपालीमुखाः ॥
गुल्मी-स्वाङ्ग-अखा-मनाङ्ग-लमजुङ्-धादिङ्-रसुवा-नवा-
कापू-कीपु-लपू-भपू-मकुनया-वारा-प्रसा-रौतहट् ।
हिंसादोषविवर्जिताः परिचिता जिल्लाञ्चलाः सर्वशः
गङ्गासागरभारतादिसहिताः कैलाश-शैलादयः ॥

शान्ताः सन्तु फलन्तु सत्फलममी देशा अशेषाः सदा,
दुर्गा दुर्गहिमालयादविकलं रक्षन्तु विश्वं सदा ।
काले वर्षतु वारिदोऽखिलनदा नद्यो वहन्तूज्ज्वलाः,
सस्यश्यामलमस्तु भूतलमिदं विश्वस्य शान्तिः स्थिरा ॥

योगी नरहरिनाथः

- योगी नरहरिनाथः
२०५४, गङ्गादशहरा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Preface

The Buddhasmaraṇam is a long poem with 311 verses in Sanskrit composed in about two months by Dr. Tika Ram Panthi, Professor of Sanskrit at Tribhuvan University, Kathmandu, Nepal. Dr. Panthi (born in Gulmi district of the Lumbini zone in western Nepal in 1939) obtained the doctorate degree in Sanskrit Grammar in Banaras, a center for traditional Sanskrit education in India.

The Buddhasmaraṇam is Dr. Panthi's fifth book in Sanskrit verse. The first four were Ruruvṛttam (1964), Aśrūpahārah (1982), Nenepālaḥ (1984), and Sudharmā (1997). Dr. Panthi writes Sanskrit poems with a classical felicity and in a lucid literary style. He has a historical and contemporary social awareness, not too uncommon in modern Sanskrit poets from Nepal. In the Buddhasmaraṇam, he presents a picture of the emerging modern Nepalese society influenced by the consumerist culture that is different from the ideal society, Lord Buddha envisioned through his preaching of the noble path.

Coming from Lumbini zone, named after the birth place of Lord Buddha, the poet is stung by an irony that siddhārtha-nagara (the Siddhartha city), the Siddhārtha rājamārga (Siddhartha Highway), named after Prince Siddhartha who became the Buddha, have become sites of criminal activities. He laments: "Not a single day is over without an incident of crime in those places." The recent murder of Reverend Nawatame, a Japanese monk building a peace stupa in Lumbini, comes as shocking event in the chain of criminal activities that take place there. Lord Buddha's teachings are forgotten. Pañca śīla (the five principles of peaceful living) are ignored.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

The poet writes: "on the Pokhara-Sunauli Highway called Siddhārtha Rājamārga one hears about the continuous talk about alcohol, meat, theft, robbery, murder, violence, looting, prostitution and other social evils. Not a single store is seen without meat and alcohol." This is in sharp contrast to the teaching of Lord Buddha. The profit motive and poverty induces the people to run old trucks, and buses on the highway, and the accidents are common with dreadful sights of death. The soul of the Lord must be pained with what we witness everyday. The verses are addressed to Lord Buddha.

For instance, the verse 43 reads: "O Mārajit (Victor over the cupid), the India-Nepal trade gate, Sunauli, in your motherland has become the door for girl traffickers to take the Nepalese girls from the families of their own relatives to the brothels in Indian cities." And the 44-45th verses read:

पाटच्चरः कलसुताः कुलटीचिकीर्षु
श्चौर्येण बम्बइपुरं नयतेऽनुनीत्या
विक्रीयमाणवपुषो नयतो जनात् ताः
मूल्यार्थि-कुट्टनिकया गणिकीक्रियन्ते ॥
हे संयमिन् ! किमु भवान् स्वगृहस्य रम्यं
द्वारं ददासि दुरितोद्यततस्करेभ्यः ।
आवश्यकत्वमधुनास्ति नृसिंहमूर्ते
रावेशपूर्णमवतारमरं धरस्व ॥

(A girl trafficker deceives the simple girls from good families, and takes them to Mumbai (Bombay). The Madams of the brothels buy those girls from the seller, and force them into sex labour. O Restraining Lord, why do you allow the criminal traffickers to use your gate ? Now we pray to you to assume the incarnation of the Nrsimha (Lion-man), full of anger, to tear the bodies of these criminals).

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Thus the poet reports to the Lord what he has seen in his motherland. He is sorry to see the society so degenerated, not only in Nepal. but also around the world. He deserves attention from the students of modern Sanskrit literature written in Nepal I am highly impressed by his poems, and hope that he receives a wider audience for his beautiful works.

Jayaraj Acharya, Ph. D.
Former Fellow at Harvard University and
Former Ambassador to the United Nations

August 5, 1997

"गैर्वाणीमवलम्ब्य काव्यकरणं नेपालदेशस्य यत्
टीकारामबुधस्य सूक्तिसरलं निर्वर्ण्य मोमोद्म्यहो !
दृष्ट्वास्यादभुतकल्पनां सुललितां भावैर्नवीनैर्युतां
मन्येऽसौ नचिरेण काव्यजगति ख्यातिं परां यास्यति ॥"

- डा. श्रीकृष्णमणित्रिपाठी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना कुरा

भगवान् गौतम बुद्धको जन्मभूमि नेपाल हो, तपोभूमि भारत हो र वैभवभूमि जापान हो। बुद्धको दयामय मूर्ति अहिले जापान बनेको छ, किनभने त्यहाँ बौद्धधर्मको बोलवाला छ र त्यस देशले ठूला, साना, मझौला सबै किसिमका देशहरुलाई अनुपम सहयोग गरिरहेको छ। धनी, गरिब, मध्यम सबै देश उपकृत छन् जापानद्वारा।

गौतम बुद्धको जन्मस्थल रुपन्देहीको लुम्बिनी वन हो, रूपन्देहीमा भैरहवा र बुटवल नगर छन्। योगी नरहरिनाथज्यूको भनाइअनुसार 'बुटवल' शब्दको पूर्वरूप 'बुद्धवल्ली' हो। त्यहीं घुम्दाघुम्दै भगवान् सिद्धार्थ गौतमले बुढ्याइँ रोग र मृत्युबाट छुट्कारा पाउनुपर्छ भन्ने प्रथम चेतना प्राप्त गरेका थिए।

हाल भैरहवाको नाम 'सिद्धार्थनगर' राखिएको छ। त्यस्तै सोनौली पोखरा राजमार्गको नाम 'सिद्धार्थ राजमार्ग' छ। राष्ट्रिय विभूतिको स्मृतिनिमित्त यी नाम राखिएका हुन्। यी नामहरुको र त्यहाँ भइरहने मानवीय व्यवहारको कुनै सम्बन्ध छैन। त्यस नगरमा तथा त्यस राजमार्गमा बसोबास गर्नेहरु, व्यापार गर्नेहरु वा यात्रा गर्नेहरुको सिद्धार्थसँग कुनै सरोकार छैन। बुद्धका उपदेशहरु कसैका लागि मान्य छैनन्, पञ्चशीलको कुनै मान्यता छैन। सिद्धार्थनगर भैरहवामा र सिद्धार्थ राजमार्ग (सुनौली-पोखरा रोड) मा रक्सी, मासु, चोरी, डकैती, हत्या, हिंसा, लुटपाट, व्यभिचार आदि निरवच्छिन्न रूपमा चलेका छन्। सोनौलीबाट पोखरासम्म बाटोमा कुखुराका फुल र रक्सी नराखेको चियाको दूकान एउटा पनि छैन तथा मासुविनाको होटल एउटा पनि छैन। सर्वत्र कुक्कुटाण्ड, सुरा, सुन्दरी, मांस!। सर्वत्र चोरी छ, जेबकटुवा छन्, डाँकू छन्! थोत्रा बसहरु त्यहाँ चलाइन्छन्, दुर्घटना भइरहन्छ, नरसंहार भइरहन्छ। यिनै कुराहरुको संक्षिप्त चित्र यसमा छ।

बुद्धको स्मृतिका निमित्त सिद्धार्थ नाम राख्नुमा कुनै सार्थकता वा औचित्य देखिंदैन। सिद्धार्थनगर भैरहवा तथा सिद्धार्थराजमार्गभित्रका बस्तीहरु-सोनौली-भैरहवा-बुटवल-केरावारी, पाल्पा, रामदी, पोखरा (तंघास समेत) मा प्रत्यक्ष अनुभूत मानव व्यवहार यस प्रवन्ध काव्यमा प्रस्तुत छन्। दैनिक जीवनमा भोगेका कुराहरुमात्र यहाँ छन्, टाढाको कल्पना छैन!

यसमा ३११ पद्य छन्। मंगलाचरणका २५ पद्य छोडेर बाँकी पद्यमा नेपालीमा भावानुवाद दिइएको छ। यो पद्यात्मक निवन्ध २०५३ वैशाख

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पूर्णिमादेखि २०५३ आषाढपूर्णिमासम्म लेखिएको हो। केही पद्यमात्र हाल, प्रकाशन समयमा थपिएका हुन्। यी थप पद्यहरूमा नेपालको वर्तमान राजनीतिक परिवेश संक्षिप्त रूपमा प्रस्तुत छ। यहाँ पूर्वापर-संबद्ध काव्योचित कथासूत्रात्मक घटनाक्रम छैन। यो आकारले मात्र खण्डकाव्य भन्न सुहाउँछ। यसमा सनातन वैदिक धर्मावलम्बीको आँखाले गौतमबुद्धलाई परमेश्वरका नवम अवतार नायकको रूपमा संमानित गरिएको छ। बुद्धको जन्मभूमि नेपालमा, तपोभूमि भारतमा तथा बुद्धधर्मावलम्वी अन्य देशहरुमा प्राय अनुभूत हिंसात्मक कार्यकलापबाट संत्रस्त, थर्थर काँपेको हृदयले बुद्धलाई संबोधन गरेर आत्मपरक शैलीमा गम्भीर व्यथा समुद्भावित छ यहाँ, चीत्काराभिव्यक्ति नै प्रस्तुत्य हो यस कृतिको। प्रबन्धको अन्तमा वर्तमान विश्वको बिग्रँदो वातावरण संक्षिप्त रूपमा प्रस्तुत छ तथा लुम्बिनीमा दर्शनविश्वविद्यालय वा दर्शनविद्यापीठ स्थापित हुनुपर्ने आवश्यकता देखाइएको छ।

अन्तमा यो प्रबन्ध पढेर संमति दिनुहुने श्रद्धेय योगीश्वर नरहरिनाथज्यू तथा यसको सपरिश्रम अध्ययन-चिन्तन गरी सारपूर्ण भूमिका लेखिदिनुहुने हृदयालु विद्वान् सुहृद्वर डा. जयराज आचार्यज्यूप्रति सादर आभार प्रकट गर्छु। त्यस्तै प्रस्तुत कृति प्रकाशनार्थ दायित्व लिने किरण पुस्तकालय, तंघास गुल्मीलाई, मूलतः पुस्तकालयका जिम्मेवार व्यक्तित्व श्री शशि पन्थीलाई सहस्रशः साधुवाद ज्ञापन गर्न चाहन्छु। ओं शान्तिः।

- डा. टीकाराम पन्थी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धस्मरणम्

निर्वाणधिषणं सत्यं धर्मचक्रप्रवर्तिनम्
निर्वैरं जितकन्दर्पं तं वन्देऽद्वयवादिनम् । १

जरारुङ्मरणप्राप्तविरागं तत्त्वमार्गिणम्
अल्पकालतपोलब्धबोधं बुद्धं नमामि तम् । २

निर्विकारं चिदानन्दं सर्वज्ञं सत्त्वविग्रहम्
सुगतं सौम्यवपुषं धर्मराजं नमाम्यहम् । ३

सारनाथाश्रयं नौमि भिक्षुकाणां समर्हितम्
समन्तभद्रनामानं लोकभद्रकरं शिवम् । ४

यशोधरापतिं पूज्यं राहुलपितरं प्रभुम्
पतिं लोकस्य कर्तारं जगतः प्रणमाम्यहम् । ५

'कीकटेषु जिनसुत' इति पौराणिकै र्मतम्
लुम्बिनीवनजन्मानं वन्दे शुद्धोदनात्मजम् । ६

मायादेवीतनूजातं गौतम्याः पालितं विभुम्
बुद्धं तथागतं वन्दे शान्तमूर्तिं कृपाकरम् । ७

समस्तजगदाधारं पिप्पलाधस्तपस्थितम्
सर्वभूतेश्वरं देवमर्हन्तमभिवादये । ८

उद्भूतः कापिले यश्च गयायां बुद्धतां गतः
निर्वाणश्च कुशीपुर्यां स मां पिपर्त्तु पूर्णतः । ९

यस्य धीसरिति स्नातौ नरावशोकगान्धिनौ
प्राणिवारसुरक्षायै संलग्नौ प्रणमामि तम् । १०

यं महामहिमानं ते वज्रिणं वज्रशक्तिकम्
वज्राचार्या यजन्ते तं सास्मर्ये भक्तवत्सलम् । ११

शाक्यसिंहं पडभिज्ञं यं विश्वार्तिविनाशनम्
शाक्या आराधयन्ते तं वन्दे शाक्याधिपं प्रभुम् । १२

❀ ❀ ❀ ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लुम्बिन्यञ्चलजन्मानं ब्रह्मज्ञं लोकपूजितम्
अर्घाखाँचीमण्डलीय 'काहुले' श्वाँगवासिनम् । १३

आस्तिकानामलोभानां याजकानां शिरोमणिं
श्रुतिस्मृतिपुराणानां व्याख्यातारं विचक्षणम् । १४

श्रीगोविन्दप्रसादाख्यं मरासिन्युपनामकम्
प्रभाते स्मरणीयं तं सादरमभिवादये । १५

यत्कृपया शैशवेऽहं शब्दशास्त्रे प्रवेशितः
प्राच्यमार्गे चालितश्च गुरुं तं नौमि सर्वदा । १६

❀ ❀ ❀ ❀

अर्घाखाँचीमण्डलस्थे महर्षीणां तपस्थले
सुरम्ये खिदिमे ग्रामे सञ्जाता मुनयस्त्रयः । १७

दधिरामो हरिहरो घनश्यामश्च नामतः
महर्षिश्च वदान्यर्षिरुपाध्यायर्षिरर्थतः । १८

त्रिमुनि शब्दशास्त्रं तद् यद् यावद् विदितं मया,
एतन्मुनित्रयस्यैव कृपाप्रसव एव तत् । १९

अन्धकारमये लोके विद्याज्योतिःप्रकाशि तत्
मान्यं मुनित्रयं नौमि सादरं नतमस्तकः । २०

❀ ❀ ❀ ❀

जानामि नैव भवतो गुणनामधेये
हे गौतम ! प्रणतिमेव समर्पयेऽहम्,
त्वं गौतमोऽसि तव गौस्तमनाशिनी चेत्
शाशम्यतां नु तमसस्ततिरस्मदीया ? २१

हे गौतम ! मलाई हजुरका गुण र नामबारे केही जानकारी छैन । म हजुरलाई प्रणाम मात्र समर्पण गर्छु । हजुरको वाणीले अन्धकार-अज्ञानरूपी अन्धकारको कालो पटलाई पन्छाइदेला हैं ? ('तम' शब्द सान्त अकारान्त दुवै छ)

माया प्रभो ! प्रकृतिरस्ति भवाँस्तु मायी
मायासुतो जगदिदं घटयत्यजस्रम् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मायातमः पतितमेतमपेतबोधं
निर्वाणमार्गमुपनेष्यसि जीवमार्य ? २२

प्रकृति माया हो, हजुर मायी । मायादेवीका छोरा हजुरले निरन्तर यो जगत् सचेष्ट, गतिशील बनाइन्छ । तपाईंले मायामय अन्धकारमा डुबेको, बोध नभएको, यस अज्ञानी जीव (म) लाई निर्वाणको बाटोमा पुऱ्याउनुहोला ?

हे लोकरक्षक ! मुनीन्द्र ! निधेहि शान्तिं
शक्ता वयं न वपुषोऽपि सुरक्षणाय ।
शस्त्रास्त्रसज्जितकराः प्रचरन्ति गुप्ताः
क्रूरा इतस्तत इमे नृशरीरवन्तः । २३

हे लोकरक्षक, मुनीन्द्र, शान्ति स्थापित गर्नुहोस् । हाल हामी आफ्नो ज्यान बचाउन पनि नसक्ने भयौं । यहाँ त मान्छेको शरीर भएका, नराकार घातुकहरू लुकिछिपी यताउति हिंड्छन् । यिनीहरू हातहतियारद्वारा सुसज्जित छन् ।

ये सौगतेश ! भवदर्चनमात्रधर्मा
न त्वां विना शरणमन्यमनुव्रजन्ति,
ते शाक्यसिंह ! भवता भवतापभीताः
शाक्याः स्वकीयभजनानुरताः सुरक्ष्याः । २४

हे सौगतेश, शाक्यसिंह ! जसको धर्म हजुरको आराधना मात्र छ, जो हजुरबाहेक कसैको शरणमा जाँदैनन्, उनीहरूलाई, आफ्नै भक्तिमा निरन्तर लागेकालाई, संसारको तापबाट डराइरहेका शाक्यहरूलाई अवश्य सुरक्षित गर्नुहोला ।

"वार्धक्यरोगनिधनानि न चापतन्तु,
यावच्छरीरधृति मास्तु शिरोऽर्त्तिरस्य,"
एवं विचार्य खलु वर्तय मां सुवृत्ते,
विभ्राजतां तव कृपाऽनिशमर्कबन्धो ! २५

हे अर्कबन्धु भगवन्, बुढ्याइँ, रोग र अकाल मृत्युले यसलाई आक्रमण नगरून्, बाँच्दासम्म यसको कपाल नदुखोस्, यस्तो सोचेर मलाई राम्रो आचारमा लगाउनुहोस्, हजुरको कृपा सदा विराजमान होओस् ।

सर्वार्थसिद्ध ! ननु शाश्वतशान्तिमीह-
मानेन हातुमनसा विषतुल्यकृच्छ्रम्
सर्वे पुमर्थगणिता विषयाः सुलभ्या
भूयासुराशु भगवन्तमियत् प्रयाचे । २६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे सर्वार्थसिद्ध भगवन् ! म हजुरसँग के माग्दछु भने जसले शाश्वत शान्ति खोजिरहेको छ, विषतुल्य दुःख छोड्न चाहेको छ, त्यसले पुरुषार्थमा गनिएका सबै कुरा सजिलै र चाँडै पाउनुपर्छ !

शौद्धोदने ! दृढपरिश्रमलभ्यमानं
शुद्धोदनं वितर मे, न तु राजकार्ये
उत्कोचजातमथ कृत्रिममूल्यलब्धं
लोप्त्रायितं धनमनिष्टमवाप्नुयान्माम् । २७

हे शौद्धोदनि भगवन् ! मलाई कठोर परिश्रमबाट कमाइने शुद्ध ओदन (अन्न), चोखो धन दिनुहोस् । मलाई सरकारी सेवामा बसेर कमाइने घूस चाहिन्न, कमिशन चाहिन्न, कीर्ते बिलबाट पैसा चाहिँदैन, यस्तो धन चोरीको दसी हो । प्रभो ! म दसी खान चाहन्नँ ।

द्वीपान्तरीय-विषयाधिनिवासिनो यज्
जानन्ति यादृशमहो ! भवतो महत्त्वम्,
अध्यासिता अपि वयं भवतो जनिम्ना
गर्वान्वितं विषयमेतमदो न विद्मः । २८

अन्य द्वीपअन्तर्गत पर्ने देशहरूका बासिन्दाहरूले बुद्धको जे जति महत्त्व बुझेका छन्, हे भगवन् ! हामी नेपालीहरू, जो हजुरको जन्मले पवित्र तुल्याइएको देशमा बस्छौं, त्यो त्यति महत्त्व बुझ्दैनौं, बस, हामी त बुद्ध जन्मेको गर्वान्वित देशमा बस्छौं मात्र ।

पौराणिका भगवतो नवमावतारं
शौद्धोदनिं किमुत जैनमपि ब्रुवन्ति ।
संशय्यते यदि पुराण-समीक्षणेन,
सोऽयं भवानिति गतानुगतिं श्रयामः । २९

पुराणवेत्ताहरूले नवम अवतार बुद्धको कुरा गर्दा लुम्बिनीका राजा शुद्धोदनका छोरा शौद्धोदनि मान्छन् साथै कीकट देशका जिनका छोरा 'जैन' पनि भन्दछन् । यस्तो दुई मतबाट हामी सन्देहमा पर्छौं । त्यस अवस्थामा गतानुगतिक मार्गद्वारा शौद्धोदनि बुद्धलाई नै नवम अवतार मान्दछौं ।

आर्पी सनातनपरम्परयाऽनुयातां
रीतिं परां समवगत्य परस्सहस्राः
संकल्पमन्त्रपठने सकलक्रियासु
'बौद्धावतार' इति संनिगदन्ति सन्तः । ३०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सनातन परम्पराले स्वीकारेको उत्कृष्ट आर्ष रीति जानेर हजारौं विद्वान्हरूले सम्पूर्ण कर्महरूमा संकल्प-मन्त्र पढ्दा 'नवमे बौद्धावतारे' भन्ने चलन छ ।

❀ ❀ ❀ ❀

जातो भवानधिभु यर्हि तदोत्तरस्या
वेदध्वनि र्व्यजनि चक्रसरित्तटेपु ।
श्रौतक्रियाविकृतिजन्यतमःप्रवृत्तिं
दृष्ट्वा भवान् प्रविशति स्म गयां तपोऽर्थम् । ३१

भगवन् ! जुन कालमा पृथ्वीमा हजुरको जन्म भयो, त्यस कालमा उत्तरतिर गण्डकीका तटहरूमा वैदिक यज्ञका कर्महरूमा केही विकारहरू उदित भई दुराचार भइरहेका थिए । फलतः तपाईं त्यतातर्फको तपोभूमि छोडेर तपोनिमित्त गयातर्फ लाग्नुभयो । (त्यसबेला भारतीय तपस्वीहरू गण्डकीतर्फै लाग्थे ।)

देवाट-रामपुर-रामदि-मुक्तिशैला
औंर्वाश्रमो भृगुरुरुप्रभृतिस्थलानि
सर्वेषु वैदिकसवा विसृताश्च तेषु
प्रच्यावितप्रविधयो हि कलेः प्रभावात् । ३२

त्यसबेला देवघाट, रामपुर, रामदी, मुक्तिनाथ, अर्गली, भृगुतुङ्ग, रिडी, रुरुक्षेत्र आदि सम्पूर्ण पवित्र क्षेत्रहरूमा वैदिक यज्ञहरू भइरहन्थे, तर कलिको प्रभावले गर्दा आवश्यक यज्ञीय प्रविधिहरू चुकेका, नष्ट-भ्रष्ट थिए ।

यद्यप्युपक्रमत एव कलेर्निषिद्धं
संप्रोक्षणं, तदपि वेदसवा विधेयाः
निर्यूपकाः समचलन्, विकृतेषु तेषु
शामित्रमप्युदितवत् स्मृतिकारनिन्द्यम् । ३३

हुनत कलियुगको प्रारम्भमा नै वैदिक यज्ञमा पशुहिंसा निषेध गरिएको थियो, तैपनि विनामौलाका, हिंसारहित, अमांस यज्ञहरू चलाइए । केही समयपछि फेरि विकार आयो, पाखण्डीहरूले पशु मार्न थाले, त्यस्तो काम स्मृतिकारहरूको निन्दनीय थियो ।

पाखण्डवादविहिता प्रतिपिद्धहिंसा,
तन्त्रोक्तरीतिमनुसृत्य कृताऽन्यहिंसा,
तदहिंसनद्वितयमैक्ष्यत बाल्यकाले
शास्तस्त्वया विशसनस्य विरोधबीजम् । ३४

एउटा त वैदिक यज्ञमा गरिने निषिद्धहिंसा, जो पाखण्डीपनाबाट भइरहेको थियो, अर्कोचाहिं तान्त्रिक हिंसा थियो- कोट आदिमा देवीदेवताका नाममा भेंडा, बाख्रा,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राँगा, हाँस, कुखुरा आदिको बलि दिने कार्य । हे शासनशील भगवन्, यी दुवैथरी हिंसाबाट बाल्यकालमा हजुरलाई हिंसाप्रति विरोध जागेको थियो ।

❀ ❀ ❀ ❀

आकाशभूमिजलयानसमृद्धलोके
स्वाभाविकी भवति दुर्घटनाऽनुवाटम् ।
संख्यासि नाथ ! गमनागमनप्रवृत्ता
नक्तन्दिवं कति जना जहति स्वदेहम् ? ३५

आकाश, भूमि र सागरमा हिंड्ने यानहरूमा हाल प्रतिदिन, हरेकमार्गमा भएका दुर्घटनाहरूमा दिनदिनै कति मानिस मर्छन् ? हे भगवन् ! के हजुरले गिन्ती गर्न भ्याउनुभएको छ ?

हा ! हन्त ! दुर्घटनया व्रणितान् प्रमीतान्
उद्धर्तुमेत्य घटनास्थलमश्रुपूर्णम्
उद्धारकाः पतित-यात्रि-विदीर्ण-गोजा-
स्यूतेभ्य आददति नोटमितोऽद्भुतं किम् ? ३६

बस दुर्घटना भयो, यात्रीहरू खसे, उद्धारकहरू भेला भए । अफसोस छ ! बिचल्लीमा परेका यात्रीहरूको उद्धारार्थ भेला भएका उद्धारकहरू नै हत आहत मूर्च्छित यात्रीहरूका च्यातिएका गोजा र झोलाबाट नोट निकाली आफ्ना गोजातिर राख्छन्- चोरी डकैती हुन्छ त्यहाँ ! यसभन्दा ठूलो आश्चर्य के छ !

दासाऽश्मदुर्घटनया मदनाश्रितौ द्वौ
श्वेताजले निपतितावसुभिर्विमुक्तौ ।
षड्यन्त्रमूलघटनेति विशङ्क्य वैर-
मप्राप्तशासन उपाक्रमत प्रवर्गः । ३७

दासढुंगा दुर्घटना ! जीप खस्यो ! मदन र आश्रित, दुई वरिष्ठ नेताहरूले सेतीगण्डकीको प्रवाहमा प्राण विर्सजन गर्नुभयो ! यो दुर्घटना, षड्यन्त्रमूलक घटना हो कि भन्ने शंका गरेर तत्काल शासनसत्तामा नरहेका राजनीतिक दलले विरोध प्रारम्भ गर्‍यो ।

आन्दोलनेऽधिविपयं परितोऽनुरभ्य
संचालिते कतिपया अनघा विपन्ना ।
राज्यं प्रदाय भगवान् लघु-तद्दलाय
सर्वान् व्यरीरमदमून् दलबद्ध-वर्गान् । ३८

त्यसपछि देशव्यापी रूपमा सडक आन्दोलन भयो केही निर्दोष नागरिकहरूको विपन्नतापछि भगवानले आन्दोलनकारी विपक्षी दललाई राज्यशासन सुम्पिदिएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दलसँगसंबद्ध सबै वर्गलाई चूपचाप गराइदिनुभयो । तै चूप, मै चूप ! दासद्धुङ्गा शब्द बिर्सियो, हरायो, उच्चारित भएन !

उन्माथ-दम्भ-विटता-व्यभिचार-चौर्य–
विश्वासघात-मदिरानृत-लुण्टनानि
एतानि वृत्तिकरणेऽपरिहार्यताया
मर्त्यैः स्वकोदर-दरी-भरणे श्रितानि । ३९

हिजोआज अपरिहार्य रूपमा स्वीकृत पेट पाल्ने बाटाहरू, जीवनवृत्तिका बाटाहरू, यी हुन्- हत्या, दम्भ, गुण्डागर्दी, व्यभिचार, चोरी, विश्वासघात, रक्सी, झूटो बोली, डकैती ।

ग्राम्या वराह-कृकवाकव आप्रयोज्याः
प्राघूर्णिकादर-सुभोजन-सग्धिहेतौ,
वैसारिणोरणक-बर्कर-सैरिभास्तु
सामान्य-तेमनतयाऽन्वहमेव योज्याः । ४०

“वध्यो न भूतसमुदाय” इति प्रवादं
वेदैश्च बुद्धवचनैश्च नरा विदन्ति ।
किं नार्षहिंसन-निषेध-रवो व्यरंसीद् ?
न प्राप्यते तव दयाम्बुधिरद्य बुद्ध ! ४१

सुँगुर, बंगुर, कुखुराहरू- पाहुनाको आदरमा, विशेष भोजनमा, वनभोज आदि सामूहिक भोजमा, प्रयोग गरिन्छन् अनिवार्यतः । माछा, भेंडा, बाखा, राँगा यी त प्रतिदिन साधारण तरकारी निमित्त नै प्रयोग गरिन्छन् । वेदहरूबाट र बुद्धवचनहरूबाट मानिसहरू के जान्दछन् भने ‘प्राणिसमुदाय अवध्य हुन्छ ।” हिंसालाई निषिद्ध ठान्ने वेदको आवाज के अब चूपचाप लागेन र ? हे बुद्ध ! हजुरको दयारूपी समुद्र अब अप्राप्य भयो ।

आकम्पमानहृदयो मृगयेऽनुकम्पा-
माक्रन्दमानकरणः करुणां बिभिक्षे ।
ख्यातोऽधिभूमि हृदयालुरथो दयालु-
स्त्वं हिंसितानसुभृतो दयया न पश्येः ? ४२

हे भगवन् ! मेरो हृदय काँपिरहेको छ, म हजुरको दया खोज्दछु । मेरो इन्द्रिय-अन्तस्करणले आर्तनाद विलाप गरिरहेको छ, म हजुरको करुणाको भिक्षा माग्छु । हजुर सहृदय र दयालुको रूपमा पृथ्वीमा प्रसिद्ध हुनुहुन्छ । के हजुरले यहाँ मारिएका, मारिँदै गरेका प्राणीहरूलाई दयाको दृष्टिले नहेर्नुहोला र ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे मारजित् ! तव जनुर्धरणी-प्रदेशो
द्वारायते कुवणिजां विपथश्रितानाम् ।
पण्यं वराङ्गमवधार्य हिमालकन्या
निर्यापयन्त्यनुदिनं यत आप्तचौराः । ४३

हे कामजयी भगवन् ! हजुरको जन्मभूमिप्रदेश, सुनौली कुमार्गमा लागेका दुराचारी व्यापारीहरूको ढोका (फाटक) बनिरहेको छ । यहाँको गेटबाट आत्मीय चोरहरू- आफ्नै नाता सम्बन्ध भित्रका वा पूरा परिचित वा प्रेमीहरूले वेश्या बनाउन नेपालका कन्याहरू प्रतिदिन निकासी गर्दछन् ।

पाटच्चरः कुलसुताः कुलटीचिकीर्षु-
श्चौर्येण बम्बइपुरं नयतेऽनुनीत्या ।
विक्रीयमाणवपुषो नयतो जनात् ता
मूल्यार्थि-कुट्टनिकया गणिकीक्रियन्ते । ४४

नेपालका कुलीन कन्याकुमारीहरूलाई चोरले फकाइफुल्याई गरेर वास्तवमा चोरी कर्मद्वारा, वेश्या बनाउने लक्ष्यले बम्बई लैजान्छ । बेचिने गरी चोरद्वारा त्यसरी बम्बई पुऱ्याइएका कुमारीहरू कुटनीका हातमा दिइन्छन् । वेश्यालयमा वेश्या बनाइन्छन् ।

हे संयमिन् ! किमु भवान् स्वगृहस्य रम्यं
द्वारं ददासिं दुरितोद्यत-तस्करेभ्यः ?
आवश्यकत्वमधुनाऽस्ति नृसिंहमूर्ते-
रावेशपूर्णमवतारमरं धरस्व । ४५

हे संयमी भगवन् ! अपराधपूर्ण काममा लागेका तस्करहरूलाई हजुरले आफ्ना घरको द्वार दिइरहनुहुन्छ ? किन यसरी छाडा गरिदिनुहुन्छ ? यस्ता अपराधीहरूलाई तह लाउन नृसिंह अवतारको आवश्यकता छ । तसर्थ छिट्टै आवेशपूर्ण नृसिंह अवतार धारण गर्नुहोस् । अपराधी तह लाउन नृसिंह अवतार चाहिन्छ ।

"कल्किर्भविष्यति भवान् दशमावतार
उत्सारिते कलुषिते कृतमागतं स्यात्"
इत्थं पुराणनिचयोऽभिदधात्यहं तु
प्रल्हादरक्षणकरीं तव मूर्तिमीहे । ४६

हे भगवन् ! बुद्धावतार नवम हो । दशम अवतारको रूपमा हजुर कल्कि हुनुहुनेछ । त्यसबेला समस्त पाप-अपराधहरू उखेलिएलान्, सत्ययुग आउला ! यस्ता कुराहरू पौराणिक कथाहरूमा लेखिएका छन् । तर म भने आजको परिस्थितिलाई हेरेर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रल्हादलाई सुरक्षित गर्ने नृसिंहमूर्ति नै चाहन्छु । बिन्ती छ- हजुर नृसिंह बनेर नै हाम्रो संरक्षण गर्नुहोस् ।

यद्वा भवान् भवतु शाक्यमुनि र्हि भूयो
रूपान्तरेण समयानुगतप्रभावः ।
निर्वाणमार्गमपहाय जनान्तरेत्य
सामाजिकेऽध्वनि भवान् नृगणं नयेत । ४७

अथवा हजुर फेरि पनि शाक्यमुनि बनेर अवतार लिनुहोस् । तर अब हुने नयाँ अवतारमा समयअनुसारको प्रभाव हुनुपर्छ, पहिलेको भन्दा भिन्न खालको हुनुपर्छ । निर्वाणमार्ग होइन, समाजवादी मार्ग अपनाएर जनताको माझमा हजुर आउनुहोस् र समाजलाई समाजवादी बाटोमा लैजानुहोला । यो आशा छ ।

तच्चेद् भवान् तपस आचरणं व्यहास्यत्
पित्र्यासनं समधिरुह्य जनान् बिभर्तुम् ।
तल्लोकदर्शनमहो ! विरचय्य रम्यं
हृद्या समाजसरणि र्विहिताऽभविष्यत् । ४८

यदि हजुरले परम्परागत पैतृक राजगद्दीमा आरूढ भएर प्रजाहरूमाथि शासन गर्न तपस्या गर्ने प्रवृत्ति छोड्नुहुँदो हो त सुन्दर लोकदर्शन बनाइने थियो, मनोहर समाजवादी मार्ग बनाइएको हुने थियो । अर्थात् आध्यात्मिक पक्षको ठाउँमा रमणीय लोकसंग्रही काम हुने थियो ।

साकेतशासनमभूज्जगति प्रतीतं
त्रेतायुगेऽकृत स दाशरथिः समृद्धम् ।
शौद्धोदनि र्यदि तथा स्वमहीमभोक्ष्य-
न्नेपालकीर्तिरवनौ विसृताऽभविष्यत् । ४९

अघि त्रेतायुगमा अयोध्याको शासन संसारमा प्रसिद्ध थियो, त्यस राज्य-शासनलाई दाशरथि रामले समृद्ध तुल्याएका थिए । यदि शुद्धोदन राजाका छोरा शौद्धोदनिले (बुद्ध नवनीकन) राज्य-शासन गर्दा हुन् त कलियुगमा नेपालको आदर्शराज्य-शासनसंबद्ध कीर्ति संसारभर फैलिने थियो ।

❀ ❀ ❀ ❀

राज्यासनं विरहयन् दृढशास्तिमुख्यं
त्वं चाभ्युपैरमृतवर्त्मक-बुद्धभावम् ।
त्वं शान्तिदूत इति वित्तचरोऽसि लोके
तत्तर्हि कानि कृतकानि हि शान्तिदौत्ये ? ५०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तपाईंले बलियो शासन दिन सकिने राजकाज छोडेर अमृतमय बाटो भएको बुद्धत्व रोज्नुभयो । राज्य नै गरेको भए समाजमा शान्ति कायम हुँदो हो । बुद्ध बनेका तपाई शान्तिदूतको नामले प्रसिद्ध हुनुहुन्छ । शान्तिदूत मानिने तपाईंका काम के छन् ?

द्यौः शान्तिरादिवचनानि युगान्तरीया-
दार्षात्पथः प्रगमितानि भवन्मतानि ।
संश्लिष्य शान्तिरचना भवदीयकार्ये
क्रन्दन्ति देव ! महतीष्वधिपाः सभासु । ५१

हे देव ! 'द्यौः शान्तिः' आदि शान्तिवादी-वचनहरू युगान्तरीय आर्ष मार्गबाट मानवजातिलाई प्राप्त हुँदै आए, हजुरद्वारा पनि संमानित गरिए । हिजोआजका नेताहरू भने शान्तिसंबन्धी रचनाहरू बुद्धसँग मात्रै जोडेर ठूलाठूला सभाहरूमा चिच्याउँछन् ।

राष्ट्राधिप-प्रमुखशासक-मन्त्रिमुख्या
ये तत्र सादर-निमन्त्रणयोपयाताः,
तेषां समक्षमभिषेक-महोत्सवेऽत्र
वीरेन्द्र-वीर-धरणीपतिना सभायाम् । ५२

प्रस्ताव एष निहितः समयानुसारी
"शान्तीश-बुद्धजनन-प्रथित-प्रदेशः
शान्तिप्रकाम-जनवर्ग-समाश्रितश्च,
नेपाल एष भवताद् ननु शान्तिदेशः ।" ५३

प्रस्तावमेतमपि नाथ ! परश्शतानि
राष्ट्राणि यद्यपि समर्थितवन्ति, किन्तु
चर्चाऽधुना नहि समर्थकराष्ट्रनाम्नां,
विस्मार्यते स इतिहास, इदं विचित्रम् ! ५४

यसरी कुर्लनेहरूसँग केही कुरा भन्नु छ- महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राज्याभिषेक महोत्सवको अवसरमा निमन्त्रित राष्ट्राध्यक्ष, सरकारप्रमुख र प्रधानमन्त्रीजस्ता विश्वका विभिन्न देशहरूबाट आएका पाहुनाहरूका अगाडि एउटा प्रस्ताव राखिबक्सेको थियो- "नेपाल शान्तीश बुद्धको जन्मले प्रख्यात देश हो, यहाँका नागरिकहरू पनि शान्ति चाहन्छन्, तसर्थ नेपाल शान्तिको देश हुनुपर्छ, म शान्तिक्षेत्रको प्रस्ताव राख्छु ।" यस प्रस्तावलाई संसारका सयौं राष्ट्रहरूले समर्थन गरे । परन्तु हिजोआज (नेपालमा दलीय व्यवस्था लागू भएपछि) उक्त प्रस्तावका समर्थक राष्ट्रहरूको नाम लिइन्न, कुनै चर्चा छैन, मानौं अब त्यो इतिहास बिर्साउनुपरेको छ । के यो अनौठो कुरा होइन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विस्मारणं किमिह सत्यमसत्यमाहो ?
किं वा दलाधिभुव आददते न शान्तिम् ?
सा वा निसर्गगमनेत्यभिमन्वतेऽमी ?
युद्धं भवेत् कलुपितं किमु शान्त्यशान्त्योः ? ५५

यसरी बिर्साउने काम जानीबुझी गरिएको सत्य हो वा त्यत्तिकै उपेक्षापूर्वक भइरहेको असत्य हो ? अथवा दलीय नेताहरूलाई शान्तिसँग कुनै सरोकार छैन ? अथवा शान्ति स्वभावैले कायम हुन्छ, यसलाई संस्थागत रूपमा लिनु पर्दैन भन्ने मान्छन् नेताहरू ? अथवा शान्ति र अशान्ति घृणित युद्ध गरिरहून्- 'आन्दोलनद्वारा अशान्ति, प्रशासनिक दमनद्वारा शान्ति'।

❀ ❀ ❀ ❀

सीमान्वितस्तव पितुर्विषये ह्यवाच्यां
'गोनर्द' नाम विषयश्च तदा बभूव।
एतर्हि तद् द्वितयमेव न चास्ति, किन्तु
सौहार्द्र-सूत्र-निषितौ विषयावुभौ स्तः। ५६

भगवन् ! हजुरको जन्मकालताक हजुरको पैतृक शाक्य गणराज्यको दक्षिणी सीमामा 'गोनर्द' (गोण्डा) देश थियो। ती दुवैमा मित्रता थियो। हाल ती दुवै राज्य छैनन् तापनि बृहद् भारत र नेपाल दुईवटा मित्रताका सूत्रमा बाँधिएका देशहरू छन्।

त्वज्जन्मभू-जनपदो विततो न्विदानीं
सिद्धार्थनाम नगरं विदितं किलाढ्यम्।
यत्रोल्लसन्त्यगणिता गृहहर्म्यसौधा
वैज्ञानिकोपकरणैरभिसज्यमानाः। ५७

तपाईंको जन्मभूमिसँग संबद्ध जनपद अहिले पर्याप्त विस्तृत छ। त्यसैभित्र 'सिद्धार्थ' भन्ने नाम भएको अत्यन्त धनी नगर छ भन्छन्। त्यस नगरमा असंख्य घरहरू, धनीमानीका हवेलीहरू, अति धनीका दरबारतुल्य भवनहरू छन्, ती सबै सकेसम्म आधुनिक वैज्ञानिक उपकरणले सज्जित छन्।

नेपाल-भारत-जनाः समवेत्य यत्र
पण्यानि संप्रणिमयन्त इतस्ततस्त्याः।
देशद्वयी-जनसमागम-भूमिरेषा,
वाणिज्यकेन्द्रमिदमस्ति निविष्टसीमम्। ५८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ नेपाल र भारततर्फका व्यापारीहरूको जमघट हुन्छ, यता र उताका व्यापारीहरूले माल-सामान साटासाट गर्छन् । यो दुई देशका जनता भेट हुने ठाउँ हो । यहाँ दुवै देशको सीमा जोडिएको छ । यो व्यापारिक केन्द्र हो ।

त्वन्नाम-मान-जननाद् न हि पावितेयं
सिद्धार्थपूरियमभूद् भगवन् ! जुगुप्स्या ।
उत्कोचि-घातुक-मलिम्लुच-मद्यपानां
संमर्दपूर्णनगरी विदिताऽधुनेयम् । ५९

कति राम्रो नाम, भगवान्को नाम- सिद्धार्थनगरी, तर हजुरप्रति आदर-सम्मान देखाउँदैमा नगरी पवित्र भएन । यो त अरू बढी जुगुप्सित, निन्द्य पो भयो । अहिले यसले ख्याति पायो- भीडको नगरी । कसको भीड- घुसखोर, हत्यारा, चोर-डाँकू र जँड्याहाको !

एतच्चतुर्विधनृणां नवनग्ननृत्यं
पश्यन् न दुःख्यति मनो मम भुक्तकष्टम् ।
गोपाल-शिक्षक-कृषीवल-नागराद्या
लुण्ट्यन्त एभिरदयैश्चतुरैश्चतुर्भिः । ६०

शास्तर्भवद् गृहपुरो वृजिनं विचिन्तञ्
चित्रीयते मम मनो विकलं विमूढम् ।
सत्यां जनश्रुतिमिमां श्रृणु धीमदिन्द्र !
'उज्जृम्भतेऽन्धतमसं परितः प्रदीपम् ।' ६१

हे भगवन् ! उल्लिखित भीडवाला चारथरीको नयाँ नांगो नाच देखेर पनि कष्ट भोगिसकेको मेरो चित्त दुख्दैन । यी चार थरीले आफ्नो क्रियाकलाप र बठ्याइँद्वारा निर्दयी बनेर गोठालाहरू, किसानहरू, शिक्षकहरू, नगरवासीहरू जस्ता सरल मानिसहरूलाई लुटिरहेका छन् । हे शासनशील भगवन् ! हजुरका गृहनगर (सिद्धार्थनगर, भैरहवा) को पापात्मक आपराधिक प्रवृत्ति देख्दा, विचार गर्दा मेरो मन अत्यन्त विह्वल र विमूढ भएर आश्चर्यको अनुभव गर्छ । बुद्धिमान्हरूमा श्रेष्ठ भगवन् ? "बत्तीको वरिपरि- (बत्तीमनि) अन्धकार" भन्ने जनश्रुति साँचो रहेछ ।

यद्गोपुरेण भवदक्षरधी-स्रवन्ति
स्रोतांसि सन्निरगमन् हि सुनौलिकायाः,
निर्यान्ति तेन पणितव्यतया प्रहेया
वेश्यालयाय सुकुमार-कुमारिका हा ! ६२

पुराकालमा, हजुरले उपदेश दिने समयमा, जुनचाहिं सुनौलीको फाटकबाट हजुरको वाणीप्रसूत ज्ञानधारा बाहिर निस्कन्थे, अहिले त्यसै फाटकबाट बिक्रीका निमित्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निकासी गरिने, वेश्यालयमा पठाइने, सुन्दरी कुमारीहरू निस्कन्छन्, निकालेर लगिन्छन् ।

आत्मानमाकलयितुं तव बुद्धिधारा
आत्मानमाविलयितुं हिमवत्कुमार्यः,
याताश्च यान्ति च यते ! यति कालचक्रे,
किं किं भवे भवति, तत् कतमोऽभिधत्ते ? ६३

हजुरबाट दिइएका ज्ञानधाराहरू आत्मचिन्तन निमित्त जाने गर्थे, यी हिमालयका कुमारीहरू आफ्नो शरीरलाई कलंकित (दूषित, अपवित्र) तुल्याउन जान्छन् । हे भिक्षुरूप भगवन् ! यो समयचक्र बित्ने क्रममा संसारमा के के कुरा भइरहन्छ ? को भन्न सक्छ ?

यद्गोपुरेण भवदीयगणो बुभुत्सुः
पृच्छाभिरार्य ! समुपागमदद्य तेन
विक्रेतुमानयति चौरगणः प्रमाण-
पत्राणि माध्यमिकपर्षदुपाङ्कितानि ! ६४

हे आर्य ! जुन सुनौली फाटकबाट अघि ज्ञान प्राप्त गर्न चाहने हजुरसँग संबद्ध उपासक साधक गण प्रश्नहरूको सूची बोकेर आउने गर्थ्यो, आज त्यसै फाटकबाट "उत्तरप्रदेश माध्यमिक शिक्षापरिषद्" शीर्षक भएका कीर्ते प्रमाणपत्रहरू बोकेको चोरहरूको गण प्रमाणपत्र बेच्न आउँछ, (त्यस्ता प्रमाणपत्रवालाले नेपालका विश्वविद्यालयहरूमा पढ्छन्) ।

येनैव बोधिबटवः समुपस्थितास्त्वं
तेनैव मण्डलपतीनुपदाभिराच्र्य
हत्या-बलात्करण-चोरित-नागरत्व-
वाणिज्यतत्परविटाः प्रविशन्ति चात्र । ६५

भगवन् ! हजुरको समयमा जुन सुनौली फाटकबाट बोधिबटुहरू हजुरकहाँ आउने गर्थे, हाल त्यसै फाटकबाट जिल्लाका मालिक, हाकिम, शक्तिशाली व्यक्तित्वलाई घूसले पूजा गरेर हत्या, बलात्कार, चोरी नागरिकता, चोरी व्यापार आदिमा संलग्न गुण्डाहरू प्रवेश गर्छन् ।

येनैव गन्ध-फल-पुष्प-दलादिजातं
निर्यापितं तव गणैः श्रमणै र्भदन्तैः,
तेनैव गञ्जचरशादिकमद्यवस्तु
निर्याप्यतेऽधिकृतशास्तृजनै र्मिलद्भिः । ६६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन सुनौली फाटकबाट हजुरका गणहरू श्रमण र भिक्षु भिक्षुणीहरूले चन्दन, फल,फूल पत्र आदि प्रसाद स्वरूप बस्तु निकासी गर्थे, हाल त्यसै फाटकबाट संबन्धित अधिकृतहरू, जिल्ला चलाउने मालिकहरूसँग मिलेर गाँजा चरेश जस्ता मादकपदार्थ निकासी गर्छन् ।

तद्गोपुरेण किमु चैति निरेति किं वा ?
शेषोऽपि नो गणयितुं भविता समर्थः ।
हेरोयिनेऽनुदिनमेति शतं सहस्र-
मायाति गञ्जचरशाय तथैव तावत् । ६७

त्यस फाटकबाट प्रत्येक दिन के के निकासी हुन्छ र के के पैठारी हुन्छ भन्ने कुरा हजार जिभ्रावाला भगवान् शेषले पनि गणना गरेर बताइदिन सक्दैनन् ! हेरोइनका निमित्त दिनदिनै सयौं हजारौं रुपैयाँहरू भारततर्फ जान्छन्, त्यसैगरी गाँजा चरेशका निमित्त उताबाट नेपालतर्फ प्रत्येक दिन सयौं हजारौं रुपियाँ आउँछन् ।

वैदेश-शुल्कसदने तपनीय-वर्षे
प्रायाप्य-वस्तु-सुपरीक्ष्यधिकारिवर्गे
अर्जन्ति यामिक-निपत्रवहादि-भृत्या
आचार्य-लभ्य-भृतितोऽष्टगुणाधिकं स्वम् । ६८

यहाँ सुनौली फाटकनेर विदेशबाट ल्याएको सामान जाँचबुझ गर्ने भन्सार अड्डा छ, भन्छन् सो अड्डामा सुन बर्सन्छ । यहाँ परीक्षण गर्ने सरकारी समूह छ- पियनदेखि हाकिमसम्म । यहाँका चौकिदार र पियनसरहका व्यक्तिले, विश्वविद्यालयका विशिष्ट श्रेणीका प्रोफेसरहरूले भन्दा आठ गुणा बढी धन कमाउँछन् भन्ने सुनिन्छ । माथिल्लो तहका कर्मचारीको कुरै गर्न परेन !

प्राप्ताधिकारमदिनामिह शौल्किकानां
ब्रह्मापि लाभमवधारयितुं न शक्तः ।
तद्गोपुरे तव भुवो घटतेऽनुमासम्,
कम्यूनसांसदजना अपि चात्र सन्ति । ६९

भन्सार अड्डामा अधिकृत मत्त कर्मचारीहरूको आम्दानी निश्चित गर्न ब्रह्मा पनि असमर्थ छन् रे । भगवन् ! हजुरको नगर सिद्धार्थनगरी लगायत हजुरको भूमि नेपालका सबै भन्सार अड्डाको कुरा एउटै छ । स्मरणीय छ- यस देशमा कम्युनिष्ट सांसदहरू पनि हुनुहुन्छ ।

कामादि-पञ्चक-नियन्त्रक-मृग्य-मार्ग-
निर्देशकाः प्रविचरन्त्यपि शाक्यवर्याः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लोकापवाद-हरणीं सरणीममीपां
लुब्धाभिमानि-निवहे कतमः श्रणोतु ? ७०

काम, क्रोध, लोभ, मोह, मद यी ५ विकारलाई रोक्नुपर्छ भन्ने अन्वेषणीय मार्गका निर्देशक शाक्य बौद्धहरू लुम्बिनीमा छन्, सिद्धार्थनगरतर्फ पनि घुम्छन्; तर लोकापवादलाई बचाउने उहाँहरूको मार्ग (भनाइ) कसले सुन्ने ? लोभी र अहंकारीले उपदेश सुन्छ र ?

"तं स्वर्गमस्तमुत गौतम-बुद्धदेशं
कम्यूनशास्तिसमयाद् अब कम्युनिष्टम्"
ईदृक्षडिण्डिमरवे विसृतेऽपि लोकः
संशोधयेद् न जगतः प्रथितेतिहासम् । ७१

"प्रसिद्ध सगरमाथाको देश, गौतमबुद्धको देश भनी चिनिने नेपाललाई कम्युनिष्ट शासन शुरु भएकोले कम्युनिष्ट देश भन्नू जान्नू, सुन्नू, सुनाउनू प्रचार-प्रसार गर्नू अब " भन्ने डिण्डिम घोष फैलिए तापनि मानव समाजले संसारप्रसिद्ध इतिहासलाई मेट्नेछैन, संशोधन गर्नेछैन ।

वारावलापरिवृता भवदीय-पूःस्था
आगन्तुकाशनगृहायित-गञ्जिकास्ताः
सिद्धार्थनामबृहदक्षरबाह्यपट्टै-
र्हा ! पञ्चशीलवचनान्युपहासयन्ति । ७२

भैरहवा, बुटवल, तानसेन जस्ता हजुरको क्षेत्रभित्रका नगरहरूमा सिद्धार्थ होटल, सिद्धार्थ गेष्ट हाउस, सिद्धार्थ लज, सिद्धार्थ रेष्टुरेण्ट भन्ने ठूला अक्षरवाला साइनबोर्ड झुण्ड्याइएका मदिरालयहरू छन्, त्यहाँ वारवनिता पनि सुलभ छन् । अफसोस छ- यी सबैले पञ्चशील बचनको उपहास गर्छन् ।

तल्लुम्बिनी-मह-समित्युपचाल्य-शून्य-
वेदेषु-नेत्रमित (२५४०) बौद्ध-महोत्सवेऽत्र
'केसी' श्रुतः समुदभाषत मन्त्रिवर्यः ।
प्राहुर्जना भषणं-संश्रवणं गतार्थम् । ७३

लुम्बिनी उत्सव समितिद्वारा आयोजित २५४० औं बौद्ध महोत्सवमा 'केसी' नामक माननीय मन्त्रीज्यूले भाषण गर्नुभयो, त्यहाँका जनसाधारणले भनेको कुरा हो- रटे-रटाएको भषण को सुनिरहन्छ ?

तत्र त्वदावसथ-चत्वरगो बिडाल
उत्खात-काष्ठमय-रक्षितकस्त्वदीयैः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वन्मूर्ति-पूजनसमापनतो भ्रमद्भि-
र्नोटैः सुपूजित इतः किमु चित्रमन्यत् ? ७४

बुद्धपूर्णिमाको दिन साधारण जनहरू, कृषकहरू पनि भगवान् बुद्धको दर्शन गर्न लुम्बिनी जाने गर्छन् । बुद्धको मूर्ति पूजा गरेर बाहिर प्राङ्गणमा घुम्दा उनीहरूले काष्ठमय बिडाल प्रतिमूर्तिलाई नोट चढाई पूजा गरे । त्यो काठको बिरालो त्यहाँ उत्खनन गर्दा भेटिएको थियो । त्यहीं सुरक्षित थियो । बिरालाको पूजा आश्चर्यको कुरा हो ।

ये द्वारि शम्भुसदनस्य वृषं समार्हन्,
ते द्वारि बुद्धसदनस्य बिडालमार्चन् ।
वित्तो वृषस्तु शिवपत्त्रतया जगत्यां
बुद्धौतुसंगतिमिमे न कदाऽप्यजानन् । ७५

सरलमति धार्मिक नेपालीहरूले शिवमन्दिरको बाहिर बसाहाको प्रतिमूर्ति पूजा गरे, तिनैहरूले बुद्धमन्दिरको द्वारमा बिरालाको प्रतिमूर्ति पूजा गरे । साँढे त शिववाहन भनेर संसारमा प्रसिद्ध छ, तर बुद्धको र बिरालाको के संबन्ध छ, तिनीहरूलाई थाहा छैन ।

एतत्प्रतीकमवधारय धर्मराज !
बुद्धे शिवे च न विभेदमवैति लोकः,
नैपाललोकनिकरं भगवन्नवेहि
सामान्यतो वृष-बिडाल-समर्चकं तम् । ७६

हे धर्मराज, बुद्ध ! यो एउटा प्रतीक मात्र हो- नेपालीहरू शिवको ढोकामा वृष र बुद्धको ढोकामा बिरालो पुज्छन् । यद्यपि बिरालो बुद्धको बाहन होइन- हो पो कि ! थाहा नपाएर पुजे । वास्तवमा तिनीहरू समानतः शिव र बुद्धका भक्त छन् ।

नैपाललिच्छविमहीपतयोऽन्वदर्शन्
बौद्धैशवैष्णवजनान् सममान्यतार्हान् ।
देवह्रदं हरिहरात्मक-तीर्थमुक्त्वा
वाराहवागपि समन्वयमिच्छतीमम् । ७७

नेपालका लिच्छवि राजाहरूले नेपालमा देखिने सबै संप्रदायका मानिसहरूलाई समान दृष्टिले हेर्थे- शैव, वैष्णव, बौद्धमा भेदभाव उनीहरूले कहिल्यै गरेनन् । आफूहरू पनि शिव, विष्णु र बुद्धका उपासक थिए । लिच्छवि राजाहरू कोही शैव बौद्ध थिए त कोही वैष्णव बौद्ध । देवघाटलाई हरिहरात्मक तीर्थ बताउँदै वाराह पुराणले पनि समन्वय (शैव-वैष्णव समन्वय)को कामना गरेको छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवह्रदेन सह सा भवदीयभूमिः
संयोजिता हरिहरप्रियतीर्थसीम्नि,
तत् तर्हि बुद्धशिवविष्णु-समर्चकानां
किं वा भवान् त्रयसमन्वयमीहतेऽत्र । ७८

देवघाटसँग हजुरको भूमि लुम्बिनी अंचल जोडिएको छ । देवघाट शिव र विष्णुको साझा क्षेत्र हो र त्यसमा हजुरको भूमि लुम्बिनी अंचलको भूभाग पनि जोडिएको हुँदा अब यो तीनथरी- बौद्ध, शैव र वैष्णवको समन्वय भूमि बनोस् भन्ने हजुरको इच्छा होला ।

त्वल्लुम्बिनी-विकसने गुरुयोजनाया
वीतेऽपि सार्धदशक-द्वितये समानाम्
वैदेशिकं दुरुपयोजितमर्थराशिं
दृष्ट्वाऽपि दुःख्यति न शास्तृगणो विचित्रम् । ७९

लुम्बिनी विकास निमित्त गुरुयोजना तयार पारेदेखि यता २५ वर्ष बिते । तर केही काम भएन । लुम्बिनी विकासार्थ विदेशबाट आएको अर्थराशि खै कहाँ गयो ? त्यस धनराशिको दुरुपयोग भएको टुलुटुलु हेर्छ तर चित्त दुखाउँदैन शासकगण ।

तल्लुम्बिनीजनपदस्य तराइभागे
रूपन्दिही-कपिलवस्तु-परासिं-नाम्नि
अन्वेषणार्थमितिहास-निवेदितानि
षष्टिः स्थलानि किमु सन्ति न विस्मृतानि ? ८०

लुम्बिनी जनपदको तराई क्षेत्रमा रूपन्देही, कपिलवस्तु र परासी जिल्लामा इतिहासकारहरूले ६० वटा स्थल खोजीका निमित्त बताएका थिए । शायद अब ती ठाउँहरू सरकारद्वारा वा संबद्ध निकायद्वारा बिर्सिए होलान् ।

कोपश्च तद्विकसनार्थममेयराशिः
संस्थापितोऽपि भगवन् ! किमु चर्करीति ?
जानाति नैव जनता, न भवानवैति
सार्धं त्वया वयमिमे रमितानुपश्याः । ८१

भगवन् ! लुम्बिनीको विकास-निमित्त असंख्य धनराशि भएको 'लुम्बिनी विकास कोष' स्थापित छ । यसले प्रतिदिन हरहमेशा के गरिरहेको छ कुन्नि ! न त जनता जान्दछ, न त हजुर नै जान्नुहुन्छ । हजुर र हामी सबै रमिताहेरूवा हौं । रमिता हेर्छौं, बस्छौं ।

❀ ❀ ❀ ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यत्रत्यपर्यटनतोऽत्रभवान् विरक्तः
पश्यन् जरा-निधन-रोगभवं विपङ्कम्
सिद्धार्थपूःसहचरी तव बुद्धवल्ली
सा स्वास्थ्य-वेश्म-मिषतो विनिहन्ति रुग्णान् । ८२

बुटवल बुद्धवल्ली- हजुरको पर्यटकीय बगैंचा । त्यहीं पुग्दा बुढ्याइँ, रोग र मृत्युको पङ्क देखी बुझी हजुर विरक्त हुनुभयो । त्यो नगरी पनि सिद्धार्थनगरी भैरहवाको सहचरी बहिनी हो । त्यहाँ अस्पताल छ, अखडा, रोगीहरू मर्ने अखडा ।

नैसर्गिकं हि मरणं मनुजस्य, किन्तु
तत्रास्ति नग्ननटनं भिषगातुराणाम् ।
लोकापवादकरगर्भभृतः कुमार्यो
मुद्राः प्रदाय भिषजे स्खलयन्ति गर्भान् । ८३

मानिसको मृत्यु स्वाभाविक हो, जोसुकै पनि मर्छ, जन्मन्छ मर्नलाई । तर यहाँ चिकित्सक र आतुरको नाङ्गो नाच छ । अगम्य व्यक्तिहरू, नाता पर्ने मानिसहरूबाट वा कुनै किसिमको अवैध आचरणबाट धारण गरेको गर्भ पतन गराउन महिलाहरू चिकित्सकलाई यथेष्ट रुपियाँ दिन्छन्, यसर्थ यो गर्भपातको अखडा हो ।

अद्यत्व ईदृशदिनं न हि देव ! दृश्यं
हिंसां यदा न घटयेत् तव बुद्धवल्ली ।
रात्रिन्दिवं हि धनगर्धनलुण्टकाद्या
द्वारो विपाट्य सुजनान् विशसन्त्यलज्जम् । ८४

हे भगवन् ! हिजोआज त कुनै त्यस्तो दिन बुटवलमा बित्दैन, जुन दिन हिंसा, हत्या नहोला । रातदिन धन-लोभी-चोर, गुण्डा, लुटाहा, डाँकू, घरफोरा, जेबकटुवाहरूको बिगबिगी छ, ढोका फोर्छन्, निर्लज्ज बनेर सरल मानिसहरूलाई मार्छन्, लुट्छन् ।

दुर्मार्ग-दुर्घटनिका-निहताऽहता ये,
प्रच्छर्दिकादिरुजया निधनोन्मुखा ये
पाटच्चरादि-नृपिशाचहताऽहता ये
केचिद् विसंगतनिदानमृता वराकाः । ८५

पात्या अगम्यधृतगर्भभवाश्च जीवाः
पाश-प्रपात-विषपानमृता विवादैः
एते समे समवयन्ति भिषङ्निवासे
प्रान्तीयकल्यसदने सुपरीक्षणार्थे । ८६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुटवलमा अंचल अस्पताल छ, यहाँ लाश र रोगीहरू, घाइते र मरणासन्नहरू उपस्थित हुन्छन्, उपस्थित गराइन्छन्, जँचाइनुपर्ने, आउनैपर्ने, ल्याउनैपर्ने । बिग्रे भत्केको कच्ची बाटो वा चालकको लापरवाहीबाट घटित दुर्घटनाका लाश र घाइतेहरू, हैजा लागेर मर्नै आँटेकाहरू, चोर डाँकू आदि नरपिशाचद्वारा मारिएका लाशहरू, निदान नबुझीकन औषधि खुवाएर चिकित्सकद्वारा नै मारिएका बिचराहरू, गर्भ तुहाउन आउने महिलाहरू, जहान-परिवारसँग झैझगडा हुँदा झुण्डिएर, हाम्फालेर, विष खाएर मरेकाहरू, यी सब भेला हुन्छन् ।

जीवन्तु वा जहतु देहमुतास्तु किञ्चित्
प्रायः समीक्ष्यत इहार्य ! चयः शवानाम् ।
कुत्साऽनुकूर्दति विभो ! किमु वा चिकित्सा ?
भैषज्यगेहमथवा निधनालयोऽयम् ? ८७

मरेका त मरिहाले, लाश जाँच्ने हो । बाँचेका घाइते वा रोगीहरू औषधि गर्दा गर्दै बाँच्लान् वा मर्लान् केही होला । तर प्रायः हे आर्य ! लाशको थुप्रो देख्न पाइन्छ । यहाँ कुत्सा (बीभत्सता, करुण दृश्य) दौडिरहेको छ वा चिकित्सा भइरहेको छ ? त्यस्तै अस्पताल हो वा मरणालय (मर्ने घर) हो ? चिकित्सालय हो कि लाश थुप्र्याउने ठाउँ हो ?- सन्देह जाग्छ सदा सर्वदा !

विक्रीय वप्रभवनादिक-पार्वत-स्वं
सस्याढ्य-भूसहित-रम्यनिवासकामाः
नोट-प्रसेव-सहिताः प्रविशन्ति पूर्वं
तन्मध्यदेशमुखरूपित-बुद्धवल्ल्याम् । ८८

झोलाभरि नोट राखेर बुटवलमा आउनेहरू खास तीनथरी हुन्छन् । एकथरी पहाडको जमिन घर, गाई, भैंसी बेचेर मधेशमा खेत किन्ने, राम्रो बस्ती खोज्ने भनी झोलाभरि नोट राखेर मधेशको मुखरूप, प्रथम प्रवेशस्थल बुटवलमा प्रवेश गर्छन् ।

अत्रैव च प्रतिदिनं सरकारसैन्या
यद्वा प्रमार्जन-विशोधनिकासु भृत्याः
पर्याप्तनोटसहिताः प्रविशन्ति तावत्
ते भारतात् प्रतिगताः स्वगृहाय देशम् । ८९

अर्कोथरी लाहुरेहरू छन्- भारतीय पल्टनबाट तथा भाँडा माझ्ने झण्डू बढार्ने जस्ता कामबाट पैसा कमाएर घर जान भनी आफ्नो देशतर्फ फर्केका । यिनीहरू पनि पर्याप्त नोट बोकेर आएका हुन्छन् ।

तंघास-बागलुङ-पर्वत-पोखरादि-
शैलप्रदेश-वणिजोऽप्युपयान्ति चात्र ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विक्रेय-वस्तु-चयनार्थममी चरन्ति
स्यूतान् समुह्य बहुनोटधरान् सभीकाः । ९०

अर्काथरी व्यापारीहरू हुन्- तंघास, बागलुङ, पर्वत, पोखरा आदि पहाडी क्षेत्रबाट सामान खरिद गर्न बुटवल झरेका । यिनीहरू प्रशस्त नोटले भरिएका झोलाहरू बोकेर व्यापारको सामान बदुल्न डराई डराई खसौलीमा घुम्छन् ।

रात्रिन्दिवं मृगयितुं भगवन् ! त्रयं तद्
लुण्टाक-चौर-विटका विचरन्त एव
गोजा-प्रसेव-सुविकर्तनतो हरन्ति,
नो चेदसूनपहरन्ति निलीय तेषाम् । ९१

उपर्युक्त तीनै थरी-मधेश किन्न आउने, लाहुरे र व्यापारीहरूलाई खोज्न, डाँकू, चोर गुण्डाहरू खस्यौलीमा यत्र तत्र घुमिरहन्छन् । घुम्दाघुम्दै जेब र झोला काटेर रुपियाँ निकाल्छन् । त्यसो गर्न नसकेमा कतै अरू सर्वसाधारणबाट छिपेर, एकान्तमा पारेर यिनीहरूको ज्यानै मारेर पनि नोट हात पार्ने कोसिस गर्छन् ।

❀ ❀ ❀ ❀

आ पोखरानगरतोऽनुगतः सुनौलीं
'सिद्धार्थराजपथ' आर्य ! भवन्तमार्हत् ।
बाटीय-दुर्घटनिका-गणंना न कार्या
लुण्टाक-हिंसकगतिः सविशेषमीक्ष्या । ९२

हे आर्य ! पोखरादेखि सुनौलीसम्म, वा सुनौलीदेखि पोखरासम्म, फैलिएको राजमार्ग- यसले गौतमबुद्धको पवित्र नाम, सम्मानित नाम पायो- सिद्धार्थराजमार्ग । यहाँ सडकमा प्रायः भइरहने दुर्घटनाबारे गणना गर्नु व्यर्थ छ, सम्भव छैन । विशेषतः हेर्नुपर्ने कुरा-डकैती र हत्याहरू हुन् ।

या पोखरा भ्रमणभूरिति विश्रुता सा
हैमालभागनगरी प्रियदर्शनाऽस्ति,
आसीत् पुरा जनपदोऽत्र कृषीवलाढ्यो
जीमूत-नद्युभयमातृक आर्यसेव्यः । ९३

जुन पोखरा पर्यटन क्षेत्रको नामले प्रसिद्ध छ, त्यो हिमाली क्षेत्रको नगरी ! अति सुन्दर नगरी ! यहाँ पर्याप्त कृषकहरूको जनपद थियो, यहाँ आर्यहरू, विद्वान् ब्राह्मणहरू प्रायः बस्थे, यहाँ प्रायः वर्षा भइरहन्छ, सेतीनदीको जलबाट वा अन्य खोलानालाबाट पर्याप्त जल प्राप्त हुन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्वत्स्मारके पथि कृते भगवन् ! पुरी सा
हर्म्यादि-रम्य-सदनैरुपसज्जिताऽभूत् ।
तस्याः पुरो विकसनादहह ! प्रवृद्धा
हत्याविलुण्ठनगति र्जनभीतिकारी । ९४

हजुरको स्मारक 'सिद्धार्थ राजमार्ग" तयार भयो, त्यसको साथै पोखरामा घरहरू, भव्य हवेलीहरूको संख्या बढ्यो । त्यस नगरको राम्ररी विकास भयो, विकासको सँगसँगै हत्या, लुटपिट, डकैती बढ्दै गयो । जनतालाई शान्तिपूर्वक बस्नु छैन ।

मत्स्याद्रि-श्रृङ्गगत-भूतप-भूतिभूता
नृत्यत्तरङ्ग-विलसत्तनुरार्षसिन्धुः
श्वेताभिधा वहति, कूर्दति, पोखरायां
वालेव मातुरसि गौरवपुः सुरावा । ९५

माछापुच्छ्रे हिमालयका चुचुरामा अवस्थित शिवजीका ललाटको भस्मबाट उत्पन्न भएकी श्वेता (सेती गण्डकी), जो अति प्राचीन कालमा प्रसिद्ध वैदिक नदी हुन्, जसको शरीर नाचिरहेका तरंगले सुशोभित छ, मीठो तोते बोली भएकी गोरी बालिका आमाको काखमा खेले झैं पोखराको काखमा कुद्ने र खेल्ने गर्छिन् ।

या पाशुपाल्य-कृषिवृत्ति-समृद्धिकालम्
अस्मेष्ट शाम्भवनदी वनदा नदन्ती,
उल्लुण्ठन-क्षणन-जीविजनान् मिलन्ती
चित्रीयते ह्वयति चात्रभवन्तमद्य । ९६

जबसम्म पोखरा प्रदेश पशुपालन र खेतीपातीबाट समृद्ध रह्यो, तबसम्म शिवकी नदी- सेती गण्डकी मीठो शब्द गर्दै, कृषकवर्गलाई पानी दिंदै खूब हाँसिन्, हाल यिनले लुटपाट, डकैती, चोरी र हिंसा गर्ने, एवं त्यसबाट जीविका गर्ने मान्छे देखिरहेकी छन्, अनि अचम्म पर्दै आफ्ना करुण शब्दले हजुरलाई बोलाउँछिन् ।

कृष्णा-सिते हरिहरात्मभवे तटिन्यौ,
ते द्वे भवद्विषयवर्ष्मविभूषणे स्तः ।
आदाय साहृयमनयोरितरैरलभ्यं
शान्त्यै प्रयस्यतु भवानधिदेशमार्य ! ९७

हे भगवन् ! काली र सेती दुई गण्डकी क्रमशः हरि तथा हरबाट उत्पन्न नदी हुन् । यी दुवै हजुरको देश नेपालरूप शरीरका गहना हुन् । अरू कसैले लिन नसकिने सहायता हजुरले यी दुवैबाट लिन सकिन्छ । त्यसरी सहायता लिई नेपालमा शान्ति कायम गर्न हजुरबाट प्रयास होओस् ।

❀ ❀ ❀ ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धार्थराजपदवीमभितः स्थिता या
नेपालवारुणदिशि प्रथिता चिरत्ना,
शैलप्रधाननगरी तव बुद्धवल्ल्या
नेदीयसी हृदयहृत्तनुरस्ति पाल्पा । ९८

साह्रै पुरानो, पुराकालदेखि पश्चिमी नेपालमा प्रसिद्ध अतीव सुन्दर पाल्पा नगरी छ। यो बुटवलको नजिकमा, पहाडमा रहेको छ । यो पर्वतप्रधान नगरी हो । यो सिद्धार्थराजमार्गद्वारा चिरिएको, पटुका बाँधेजस्तै गरी बीचबाट काटिएको छ।

स्वस्थत्व-शिक्षण-सुपर्यटनार्थ-भूमि-
र्जोघुष्यते निचय-विक्रय-वञ्च्यमानैः,
एतत् त्रयं फलयितुं समवेत- यत्नः
पाल्पीय-नागरजनो जिन ! जाजजीति । ९९

हे भगवन् जिन ! यहाँबाट गुल्मीतर्फ मोटरबाटो गयो, यहाँका व्यापारीहरू थोक व्यापारबाट ठगिए, अब यस नगरीलाई 'शिक्षा, स्वास्थ्य र पर्यटनको नगर तानसेन' भनियो । हाल पाल्पा तानसेनका नागरिकहरू उक्त तीन कुरा सफल पार्न जुटेर लागेका छन्, युद्धस्तरमा संघर्ष चलेको छ ।

नेपालवक्षसि धृता तव लुम्बिनीयं
षड् मण्डलानि विलसन्ति तदीयकुक्षौ ।
षड्मण्डली-परिधिमध्यग-शैलभागे
पाल्पाऽस्ति शान्तिनगरी, दयसे भवान् नः । १००

तपाईंको यो लुम्बिनी नेपालको छातीमा, माझमा छ । त्यसका पेटमा ६ जिल्ला पर्छन् । यी ६ वटै जिल्लाको परिधिको माझमा पर्ने पर्वतीय क्षेत्रमा शान्तिनगरी पाल्पा छ । हजुरकै दयाले गर्दा यहाँ शान्ति छ ।

आनन्दथूननुभवन् नृगणो गृणाति-
'लुण्टाक-घातुक-गणो न शृणाति चास्मान् ।
उद्वेपथुं जनयते स हि बुद्धवल्ल्याम्
सिद्धार्थनामपुरि वा न तु पालपायाम् । १०१

कर्पं पलं गृहयितुं कनकस्य चैतत्-
पुर्यो मलिम्लुचचयः कृपिकान् कृणाति ।
मुद्राः सहस्रमथवाऽभ्यधिकास्तदूनाः
पुर्योस्तयो र्नृमरणाय भवन्त्यनूनाः ।" १०२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आनन्द मोजमस्तीमा रहेका पाल्पाली मानिसहरूको मुखबाट सुनिन्छ- चोर डाँका र हत्याराहरूले हामीहरूलाई आक्रमण गर्दैनन् । बुटवल र भैरहवामा भने मानिसहरू थर्थरी काँपेर, आत्तिएर, डराएर बसेका हुन्छन् । ती दुबै नगरमा एक दुई तोला सुन हर्न चोर डाँकाहरू ज्यान लिन्छन्- कृषकहरूलाई ज्यानै जोगाउन गाह्रो ! एक हजार रुपियाँ, लगभग, केही बढीघटी ती दुबै ठाउँमा मान्छे मारिन पर्याप्त हुन्छन् ।

व्यूढाः कुमार्य इतरा अपि निष्ककण्ठ्यो
हृष्यद्हृदः सुवसनाः करग-प्रसेवाः
उद्वेगलेशरहिताः पथि निर्व्रजन्ति,-
शान्तिं विलोकयतु लोकप ! पालपायाम् । १०३

विवाहित कुमारीहरू र अन्य महिलाहरू राम्रा लुगा र घाँटीमा गहना लगाएर खुशीसाथ हातमा ब्याग लिएर बिल्कुलै नडराईकन बाटोमा निस्कन्छन्, हिंड्छन् । हे लोकरक्षक भगवन् ! पाल्पाको शान्ति हेर्नुहोस् ।

एषा निदर्शनपुरी तव जन्मभूमा-
वुज्जृम्भतेऽत्र महिमा भवतोऽतिमात्रम् ।
नार्यो युवान इह संघटयन्ति संघान्
सन्त्यत्र पञ्चषगणाः सुगतेऽनुबद्धाः । १०४

नानाविहारसहिते नगरे मनोज्ञे
प्रायः प्रभो ! स्थविरवादपथप्रवृत्ताः
निःस्वार्थतः सुगतमार्गपरा हि वज्रा-
चार्यास्तथैव विमदा विलसन्ति शाक्याः । १०५

भगवन् ! तपाईको जन्मभूमि लुम्बिनीको सन्दर्भमा यो नगर उदाहरणीय छ । यहाँ हजुरको महिमा पर्याप्त हुर्केको छ, मुखरित छ । यहाँ बौद्ध महिलासंघ, बौद्ध युवासंघ, ज्ञानमालासंघ, ज्ञानमालासभा, धर्मोदय सभा, जस्ता बौद्ध संघहरू छन् । आनन्दविहार जस्ता अनेक विहार भवनहरू छन् । स्थविरवादको मार्गमा प्रायः प्रवृत्त वज्राचार्यहरू र शाक्यहरू छन् । (सांसारिक व्यवहारतर्फ, भौतिक सम्पत्तिको सन्दर्भमा जेसुकै भए तापनि) बुद्धोपासना, पञ्चशील प्रार्थना, धर्मदेशना, संघसंचालन जस्ता कुरामा पूर्ण निस्वार्थ, काम-क्रोध-लोभरहित अहंकाररहित देखिन्छन् ।

होलाङ्दिनिर्मित-विहार-विराजिताऽस्ति
थाई-समागत-तथागत-भव्यमूर्तिः ।
बौद्धोक्तशील-परिपालनलग्न एकः
संस्थापितोऽत्र करुणादिम- बौद्धसंघः । १०६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संघाधिभूर्गतमदो नियतो विपश्चित्
स च्छत्रराजविदितो विगतप्रलोभः
प्राज्ञ-प्रभुत्व-परिशीलित-बोधमार्ग-
मालोक्य वास्तविकलक्ष्यमुपैतु संघः । १०७

तानसेन नगरको एक छेउमा होलाङ्दी भन्ने ठाउँमा, बनाइएको बौद्ध विहारमा थाइल्याण्डबाट ल्याइएको तथागत बुद्धको भव्य प्रतिमूर्ति स्थापित, विराजित छ । यहीं नै बौद्धशीलहरू परिपालन गर्नामा तत्पर, बुद्धोपासनामा संलग्न 'करुणा बौद्ध संघ' संगठित गरिएको छ । प्रसिद्ध विद्वान् छत्रराजशाक्यलाई यस संघको अध्यक्ष (नायक) बनाइएको छ । छत्रराजजी पूर्ण निर्लोभ, निःस्वार्थ, वैयक्तिक स्वार्थसँग मतलब नभएका र अहंकाररहित हुनुहुन्छ । विद्वान्को नायकत्वमा परिशीलित बोधमार्गको आलोक पाएर संघले वास्तविक लक्ष्य प्राप्त गर्लां !

याऽमेरिकीय-मिशनाभिध-कल्यशाला
वित्ता त्रिदोषशमनैः सह शल्यशाला ।
बाह्यान्तरङ्ग-विधि-शिल्पि-चिकित्सकैः सा
संसेवते प्रतिदिनं विकृतान् सहस्रम् । १०८

स्वाथ्योन्नतिप्रकरणे सफला पुरीयं
वैदेश-धर्मवितते र्दुरितावहाऽऽर्य !
स्थूलेक्षिकानुभवगोचरतैव तावत्
खिष्टार्षबौद्ध-सुकृतत्रयसंगमेति । १०९

एतर्हि तद् द्वयमवद्यमिहास्ति कृच्छ्रम्-
यच्चास्ति विस्मयकरी जनराजनीतिः,
यच्चात्र वैदिक-तथागत-मान्य-मार्गो
क्षिप्रं विभङ्क्षति विधर्म-विसारि-वर्गः । ११०

यहाँ अमेरिकी मिशन अस्पताल छ, जो वात, पित्त, कफ यी तीन दोषबाट उत्पन्न रोगहरूको उपचारका साथसाथै शल्यचिकित्साको क्षेत्रमा अति प्रसिद्ध छ । यहाँ प्रतिदिन भारतीय र नेपाली हजारौं रोगीहरूले सेवा लिन्छन् । यहाँ बाह्य र अन्तरङ्ग विभागमा कुशल चिकित्सकहरूद्वारा सेवा पुऱ्याइन्छ । स्वास्थ्यको उन्नति भइरहेको पक्षबाट हेर्दा यो नगरी अति सफल, समृद्ध छ । विदेशी धर्मप्रचारको पक्षबाट हेर्दा यहाँ साह्रै डरलाग्दो, खतरनाक स्थिति छ । हुनत मोटो दृष्टिबाट हेर्नेहरूले यहाँ वैदिक, बौद्ध र इसाई गरी तीन धर्मको त्रिवेणी-संगम मान्लान्, तर यस्तो कुरा सुन्दैमा अप्रिय र पीडादायक छ ।

वास्तवमा यस नगरमा अरू सबै पक्षहरू राम्रा छन्, तर यी दुई कुरा अत्यन्त कष्टकर वा अवद्य (भन्न नसकिने, भन्न नमिल्ने, भन्नै नहुने) छन्- १.

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आश्चर्यजनक जनराजनीति (जन राजनीतिको नाममा हुने आश्चर्यजनक व्यवहार)
२ विधर्म प्रचार गर्न तत्पर वर्गद्वारा वैदिक र बौद्ध मान्यताहरूलाई छिटोभन्दा छिटो भताभुङ्ग पार्न खोजिने व्यवहार ।

हे बुद्धदेव ! नगरीयमतीतकालाद्
विद्यापथेऽपि गणनीयतमा भवन्ती
मीनप्रसादमधिदर्शनसूत्रकारं
पन्तं छविं व्यजनयत् कविमाधवञ्च । १११

हे बुद्ध भगवन् ! अतीतकालदेखि यो नगरी (पाल्पा जिल्ला) शास्त्रीय मार्गमा विद्याको क्षेत्रमा गणनीयतम छ । यहाँ आस्तिक दर्शनमध्ये प्रथम र सर्वोत्कृष्ट वेदान्तदर्शनका सूत्रकार मीनप्रसाद, कवि नीलदेव पन्त, छविलाल र कवि माधवप्रसाद देवकोटा जन्मेका थिए । (उनीहरूको कोटीका विद्वान्को कल्पना अहिले गर्नै सकिन्न ।)

प्रासूत सा प्रथित-पण्डित-डिल्लीराजं
मेधाविनां वरमधीक्षित-धर्मशास्त्रम्,
प्रामाणिकीं कृतिममुष्य पठन्त एके
चित्रीयिता बुधवराः किल भारतीयाः । ११२

त्यही पाल्पाले प्रख्यात पण्डित डिल्लीराजलाई जन्मायो, उनी मेधावीहरूमा श्रेष्ठ थिए । धर्मशास्त्रका प्रवीण विद्वान् थिए । भन्छन्- उनको एउटा धर्मशास्त्रसंबद्ध प्रामाणिक कृति पढ्दा केही भारतीय विद्वान् चकित भएका थिए रे !

प्रासोष्ट विश्रुत-महास्थविरं पुरीय-
मानन्दरूपममृतं सुधियं भदन्तम् ।
गम्भीरदृक्स्थविरवादत आप्तपञ्च-
शीलेन धर्मवचनेन जगत्प्रतीतम् । ११३

यस पाल्पा नगरीले आनन्दरूप अमृत-अमृतानन्दलाई जन्मायो, उहाँ प्रसिद्ध महास्थविर हुनुहुन्थ्यो, विद्वान् तथा भिक्षु (प्रव्रजित) हुनुहुन्थ्यो । स्थविरवादमा उहाँको गम्भीर प्रामाणिक दृष्टि, दखल थियो । पञ्चशील तथा धर्मदेशनाको प्रामाणिक प्रस्तुतिद्वारा उहाँ विख्यात र समादरणीय हुनुहुन्थ्यो । उहाँको मार्गप्रदर्शनबाटै हाल तानसेन पाल्पाको बौद्धसमाजले आलोक पाएको छ ।

विद्यालयाभिध-परश्शत-निम्नरूपै-
रुच्चावचस्तर-विधि-प्रविधि-प्रकाशैः
विद्यार्थिनां दशशती-दशवाह-विश्व-
विद्यालयीय-सुदृढाङ्गमसौ बिभर्ति । ११४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहां पाल्पा जिल्लामा सयौं प्रा.वि., नि.मा.वि. र मा.वि.हरू छन् । मा.वि.हरू आफ्नो क्षमतानुसार साधारण र उच्चस्तरीय विधि-प्रविधिको प्रयोग गर्दै शिक्षण सचालन गर्छन् । यहाँ विश्वविद्यालयको बलियो अंगको रूपमा महाविद्यालय (त्रिभुवन बहुमुखी क्याम्पस) छ, जसमा दश हजार विद्यार्थी पढ्छन् ।।

पिपृच्छिषन्ति भगवन्तमिमे मनुष्याः
'शिक्षा प्रशासनसितोन्नतिमार्गमृच्छेत् ?
किं राजनीतिकदलैर्धृतशिक्षका सा
तद् मञ्च-संघ-परिषद्-गठनं भजेत ? ११५

हे भगवन् ! हजुरसँग नेपाली नागरिकहरू सोध्न खोज्छन्- के सरकारी यन्त्रले पूर्णतया बाँधिएको शिक्षाले उन्नतिको बाटो खोज्ने ? के शिक्षक संघ, शिक्षक संगठन, शिक्षक मञ्च, शिक्षक परिषद् भन्ने नाममार्फत राजनीतिक पार्टीहरूका सिक्रीले नराम्ररी बाँधिएका शिक्षकहरूद्वारा संचालित शिक्षाक्षेत्रले स्वस्थ, स्वच्छ शैक्षिक समुन्नति खोज्ने ?

तल्लुम्बिनी-जनपदे गिरिराजकुक्षा-
वुल्लेख्य-पर्यटन-भाग इति प्रतीताः ।-
रेसुंग-श्रृङ्ग-रुरुखण्ड-पणेन-दुर्गा-
श्रीपूः-सतीह्रदक-सिद्धगुहा अवेमः । ११६

द्वीपान्तरीय-चलना ललनासहायाः
श्रीपूर्वकं नगरमन्वहमा भ्रमन्ति ।
तत् पालदापुरमिदं विदितं प्रदेशे
ऽटाट्यास्थलं प्रविकसद्वपुरद्रिरम्यम् । ११७

त्यस लुम्बिनी अंचलमा, पहाडी भागमा उल्लेखनीय पर्यटन स्थल भनेर चिनिएका प्रसिद्ध ठाउँहरू हुन्- रेसुंगा, श्रृङ्गा, रुरुक्षेत्र रिडी, पणेना, दुर्गाको गुफा, श्रीनगर, सत्यवती ताल र सिद्धगुफा । श्रीनगर पाल्पा तानसेनको प्रसिद्ध पर्यटनभूमि हो । यहाँ जम्बूद्वीप, भारतवर्षबाहेक अरू द्वीपका निवासी पर्यटकहरू आ-आफ्ना ललना (पत्नीहरू) सँग पर्यटनार्थ आउँछन्, प्रायः आइरहन्छन् । तसर्थ पाल्पा, तानसेन नगर यस क्षेत्रमा प्रसिद्ध पर्यटन स्थल हो । यो विकासमार्गतर्फ लम्किरहेको रमणीय पहाडी प्रदेश हो ।

✿ ✿ ✿ ✿

सिद्धार्थनामनगरात् तव जन्मवासात्
कास्कीं गतस्य बसधावन- वर्त्मनोऽस्य
'सिद्धार्थमार्ग' इति नाम स सर्वकारो
ऽकार्षीद भवदबहुसमादरदर्शनाय । ११८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भगवन् ! हजुरको जन्मस्थल (तत्समीपस्थ) सिद्धार्थनामक नगर (भैरहवा, सुनौली) बाट कास्की पोखरासम्म पुगेको बस दौड्ने बाटो, भाग्यशाली राजमार्ग, जसको नाम सरकारले 'सिद्धार्थ राजमार्ग' भन्ने राख्यो । बुद्धप्रति असीम आदर देखाउने उद्देश्यले त्यस्तो नाम राखियो ।

का संगति र्भवति राजपथेन तेऽन्या
नेपाल-राष्ट्रिय-विभूत्यनुचिन्तनायाः ?
बुद्धोपदेश-मननं यदि नेष्यते चे-
न्न स्युः कथं कृषिक-बल्लवनाममार्गाः ? ११९

सुनौली-पोखरा राजमार्गलाई 'सिद्धार्थराजमार्ग' भनियो । नेपालका राष्ट्रिय विभूतिको संस्मरणबाहेक बाटाको र बुद्धको के सम्बन्ध हुन सक्छ ? बुद्धका उपदेश-मत-दर्शनसँग सरोकारै नभएपछि बुद्धकै नामबाट बाटाको नाम किन ? कुनै किसान वा गोठालाको नामबाट राजमार्गको नाम राख्न किन नहुने ? (जस्तै बुधन-मार्ग, सन्ते-मार्ग, नथुने-मार्ग)

'सिद्धार्थ' नाम-पृथुलाक्षर-पट्टवेद्यः
'सिद्धार्थगौतम' इति प्रथितोऽपरश्च
शिक्षालयौ विलसतो विषयान्तरीयौ,
त्वन्नाम-योजन-निरर्थकता स्फुटैव । १२०

बैरिया (कपिलवस्तु) मा सिद्धार्थ क्याम्पस तथा बुटवल (रूपन्देही) मा सिद्धार्थ गौतम क्याम्पस छन् । ठूलाठूला अक्षर भएका साइनबोर्ड झुण्डिएका ! बौद्ध धर्मदर्शनसँग सरोकारै नभएका यी क्याम्पसहरूमा हे भगवन् ! हजुरको नाम जोड्नु अत्यन्तै व्यर्थ छ ।

किं वा चरित्रपतितः किमु पुंश्चली वा ?
लुण्टाक-मद्यप-मलिम्लुच-हिंस्र-धूर्ताः,
ईदृक्षु चान्यतम-नाम विचार्य युक्तं
मार्गस्य नाम विदधातु स सर्वकारः । १२१

अथवा चरित्र-पतित, वेश्या, लुटाहा, रक्सीबाज, चोर, हत्यारा, गुण्डा, यस्तै व्यक्तित्वमध्येबाट बाटोमा भइरहने क्रियाकलाप र प्रवृत्तिको आधारमा उपयुक्त नाम सरकारले राजमार्गलाई दिनुपर्ने हो कि ? त्यसो गरे कसो पर्ला ?

यद्वा त्वदाख्यसरणौ नहि मेऽस्त्यसूया,
त्वज्जन्मभूमि-नगरेषु तवैव नाम्ना
मद्यालयाः कनकभूषण-भाण्ड-वासा
यन्त्रालया अशन-वास-गृहा लसन्ति । १२२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अथवा हजुरको नामधारी बाटोसँग मलाई कुनै असूया (रिस डाहा) छैन, किनकि हजुरको जन्मभू, लुम्बिनी अंचलका नगरहरूमा- भैरहवा, बुटवल, परासी, तौलिहवा, तानसेन- मा हजुरकै नामबाट सुनचाँदी पसल, रक्सीभट्टी, प्रेस, अतिथिगृह, होटेल, भाँडाका दूकान, कुनै पनि वस्तुका पसल (पर्याप्त मात्रामा) छन् ।

त्वन्मार्गमा वसतयो बसकातिथेया
आपान-भोजन-निवासगृहा अनेके
सिद्धार्थ-बुद्धवल-बर्तुङ-रामदीस्था
रम्भावनी-स्यङज-वालिङ्गा लसन्ति । १२३

भगवन् ! सिद्धार्थ राजमार्गमा पर्ने बस्तीहरू सबै आतिथेय छन्, बसहरूको प्रतीक्षा गर्ने अभ्यागत-पूजक (होस्ट) हुन् । त्यहाँ सर्वत्र लज, होटल, भट्टीहरू छन् । प्रमुख बस्तीहरू हुन्-सुनौली, बुटवल, बर्तुङ, रामदी, केराबारी, स्याङ्जा, वालिङ ।

हे नाथ ! हंस-महिषोरण-विड्वराह-
वैसारिणाज-चरणायुध-मांसहीनम्
तत्तत्स्थलेऽशनगृहेषु मिलेद् न भोज्यम्
नैवादृता किमधुना त्वदहिंसनोक्तिः ? १२४

हे भगवन् ! उल्लिखित ठाउँहरूमा हाँस, राँगा, भेंडा, सुँगुर, बंगुर, माछा, खसी, बोका, कुखुरा इत्यादिको मासु नपाइने, निरामिष होटल कहीं पनि छैन । यो सिद्धार्थमार्गमा अहिंसा-शीलको मान-मर्यादा हाल किन रहेन ?

हालालया विलसिताः प्रकृताः प्रदोषा-
दापान-संरचनया नटयन्ति शौण्डान् ।
केचिच्च मार्गपतिताः प्रलपन्त्यबद्धम्,
नाम्यर्हितं सुगत ! शीलममद्यताख्यम् । १२५

ती बस्तीहरूमा साँझबाट रक्सीमण्डली (जँड्याहा-डफ्फा) को भेला शुरू हुन्छ । मद्यमत्तहरूको कुत्स्य नृत्य शुरु हुन्छ । कोही त बाहिर सडकमै पल्टेर मदजनित बकबक फतफत गरिरहन्छन् । यहाँ अमद्यत्व-शीलको सम्मान रहेन !

मैरेय-मधवक-मद्य-मदैः प्रमत्ता
वारावला-परिवृता मुहिराः स्वपन्ति ।
प्रातर्लपन्ति मलिना मिहिरोदये ते
नैवाभिनन्दति जनोऽ व्यभिचारशीलम् । १२६

भ्याली (गुँड) को रक्सी, महुवाको रक्सी र अन्न कुहाएर बनाएको सामान्य जाँडरक्सी पिएर बेहोश ती कामुकहरू वारनारीहरूको घेरामा मस्त सुत्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सूर्योदयपछि मलिन भएर उठ्छन् । मानिसहरूबाट अव्यभिचार शीलको अभिनन्दन सम्मान रहेन ।

यद्वा सुरापहृत-चेतन-गाढनिद्रा-
नुल्लुण्ठ्य वारवनितासु गतासु कल्ये
गोजा-प्रसेव-निहिता असमीक्ष्य मुद्राः
सोरोहतं गतमदाः प्ररुदन्ति पान्थाः । १२७

कतै बस बास बस्नु परेर, बसयात्रीहरू बास बसेको अवस्थामा उक्तानुसार रक्सीले बेहोश भएका, मस्त सुतेका यात्रीहरूका गोजा र झोलाबाट रूपैयाँ झिकी, चोरी गरी साँझबाट ननिदाउँदासम्म हाँसख्याल गरेका वारनारीहरू राती नै भाग्छन् । बिहान जागेर हेर्दा त रुपियाँ पैसा छैनन् । रक्सीले छोडेको छ । छाती पिटीपिटी रुन्छन् बिचरा बटुवाहरू !

लुण्ठन्ति पान्थ-समुदायगताश्च चौरा
अस्पृष्टमांसमदिरान् सहयात्रिणोऽन्यान् ।
प्रायो विटैः पथिगता वनिताश्च लुण्ठ्याः
संमान्यते न च कदाचिदचौर्यशीलम् । १२८

बसहरूमा नचिनिने गरी चोर, डाँकु जेबकटुवाहरू बसेका हुन्छन् । आफ्ना दायाँबायाँ बसेका रक्सी मासु नखाने यात्रीहरूका गोजाबाट र झोलाबाट रुपियाँ चोर्छन् । तिनैहरू यात्री नारीहरूका रुपियाँ पैसा र गहना चोर्ने लुट्ने गर्छन् । कहिल्यै पनि अचौर्यशीलको सम्मान भएन ।

रम्भावनी हृदयहृद् वसतिर्बसानां
कण्डाणकः खलसनोऽप्यथ चालकश्च
गृह्णन्ति दीदिविमवश्यतया दिवा ते
रात्रौ सुपेय-चषकं नियमोऽयमेषाम् । १२९

केराबारी (पाल्पा र खस्यौलीको माझमा पर्ने पहाडी बस्ती) बसहरूका निम्ति मनोहर बस्ती हो । ट्रकहरूका लागि पनि, पोखरा-गुल्मीतर्फबाट आउने रित्ता ट्रकहरूले बसहरूले सरह नै यात्री बोकेका हुन्छन्, साँच्चैभन्दा ट्रकहरूकै नियमित जमघट यहाँ हुन्छ । कण्डक्टर, चालक र खलासीले दिनमा खाना खान्छन् भने रातमा मनपर्ने रक्सीको गिलास (बोतल) ग्रहण गर्छन्, यो शाश्वत नियम हो । 'दिदी-दिदी' भन्दै भात खाने हुँदा यस्ताखाले ठाउँबाटै भातका निम्ति 'दीदिवि' शब्दको प्रयोग भएछ !

आस्यैरमी प्रमुदिरा मदिरां पिबन्ति
पीनस्तनी-वदनमण्डलमक्षिभिश्च ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एवं सका सुखकरी मुहिरावमानां
संक्लेशदा त्वरयतामभिशापभूता । १३०

बुटवल, तानसेनतर्फ भात खाएको भए पनि दिउँसो यहाँ गाडी रोक्नैपर्छ र दिउँसोमा रक्सी खानुपर्ने हुन्छ । त्यसबेला यी कामुकहरू जुनसुकै समयमा पनि रक्सी पिउँदा मुखले रक्सी पिउँछन् साथै आँखाले पीनस्तनी युवतीको मुखमण्डल पिउँछन् । यसरी जँड्याहा, बेहोश, मूर्खहरूको निम्ति यो स्थान आनन्ददायक हो भने आफ्नो ठाउँमा पुग्न आत्तिएका यात्रीहरूका निमित्त साह्रै कष्टदायक र अभिशापस्थल हो ।

सा तानसेन-खशवेश्म-गतागतान् यद्
यात्रावतस्त्वरितकार्यतयोण्णकान् हा !
घण्टां निरुध्य विवशान् विदधाति नित्यं
'सिद्धार्थमार्ग' इति ते विरमन्ति हन्त ! १३१

तिष्ठन्ति चोभयत एत्य बसाष्ट्रकाश्च
यानेश्वराश्च सुखयन्ति निरर्गलत्वात्,
एषा सुविस्मयकरी चिरकालतोऽस्ति,
किं कुर्म आर्य ! विवशा भवदध्वबोधा : । १३२

केराबारीमा तानसेन-खस्यौली आवत-जावत गर्ने यात्रीहरू घण्टौं रोकिनुपर्छ । जस्तोसुकै अपर्झट काम-सिकिस्त बिरामी भेट्नुपर्ने वा अरू कुनै अत्यावश्यक काम परे तापनि रोकिनैपर्छ । विवशता छ ! यहाँ, केराबारीमा तानसेनबाट र बुटवलबाट आउने बस र ट्रकहरू कम्तीमा एक घण्टा रोकिनैपर्ने नियम छ । नियम जस्तै भनौं, गाडीवालहरू कण्डक्टर, ड्राइभर, खलासी पूर्ण स्वतन्त्र, फुक्का, निरुत्तरदायी हुन्छन् । युवतीहरूसँग हाँसख्याल गर्छन्- हा हा ही ही । यात्रीहरू मनमनै भुटिएर रोकिन्छन् । यो ठाउँ पहिलेदेखि नै यस्तै हो । यात्रीहरू विवश छन्- शिकायत गर्ने पीरमर्का पोख्ने ठाउँ छैन । भगवान् बुद्धको पवित्र नाम भएको 'सिद्धार्थमार्ग' हुनाले यात्रीहरू चूपचाप लाग्नुपर्छ ।

सिद्धार्थमार्गहृदयस्थितचक्रनद्या:
सव्यापसव्य-तटवर्ति-सुरालयेषु
आकार-भोजन गृहेषु-सुरा: सुवामा
मांसाक्त-भुक्तिसहिता: सुलभा अजस्रम् । १३३

सिद्धार्थराजमार्गको मुटुमा पर्ने गण्डकी (रामदी) का दायाँबायाँ तटमा साइनबोर्डबाट होटेल जस्ता देखिने मदिरालयहरू छन् । त्यहाँ मासुसहितको भात र सुरा सुन्दरी सर्वदा सुलभ छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तत्र प्रभो ! कपिलसिद्धगुहा प्रसिद्धा
यस्यामनेक-नरपाल-सुताः कुमारीः
बन्दीकृता दनुजदुन्दुभिना दयार्द्रो
निष्काश्य दाशरथिरर्पितवान् पितृभ्यः । १३४

त्यहाँ कपिलमुनिको सिद्धगुफा (सुनगुफा) प्रसिद्ध छ । त्यसमा अनेकौं भारतीय राजाहरूका कन्याकुमारीहरू दुन्दुभि दानवले थुनेर राखेको थियो । भगवान् रामचन्द्रले घुम्न आएको बेलामा दयापूर्वक तिनीहरूलाई निकालेर आ-आफ्ना बाबुहरूको हातमा सुम्पिदिनुभएको थियो । (आनन्द रामायणमा यो कथा छ)

ऐतिह्य-संविदित-रामपुराख्य-राज्ये
तद् 'रामदी' ती मगरीयगिरोदगारि ।
'तीर्थस्थलं कथय रामनदीति धाम'
योगीश्वरो नरहरिः समवोचदस्मान् । १३५

इतिहास प्रसिद्ध 'रामपुर' राज्यका बासिन्दा मगरहरूले मगराती भाषाबाट त्यस ठाउँको नाम 'रामदी' भन्ने राखे । हालसाल योगीश्वर नरहरिनाथले हामीसँग 'अबदेखि यस तीर्थस्थललाई रामनदीधाम भन्नू' भन्नुभएको हो ।

सिद्धार्थमार्गमभितोऽभ्युदिता वणिज्याऽऽ
वासाः कदामिष-सुरा-गणिकाभिराढ्याः ।
तन्मेध्यतीर्थ-भणितं रमणीयधाम
कुत्स्यं निरीक्ष्य विरमन्ति भवद्भदन्ताः । १३६

भगवन् ! सिद्धार्थ राजमार्गको दुवैतिर अवस्थित व्यापारिक ठाउँहरूका पसलहरू- होटेल, लज, भट्टीलगायत सबै- हाल अति अमेध्य छन् । त्यहाँ प्रायः सुनौलीदेखि पोखरासम्म सबै बस्तीहरूमा कुत्सित मासु, सुरा, सुन्दरी यथेष्ट उपलब्ध छन् । पवित्र तीर्थ भनिएको त्यो रमणीय धाम कुत्सित, निकृष्टस्तरीय देख्दादेख्दै पनि हजुरका भिक्षु भिक्षुणीहरू चूपचाप छन् ।

एतर्हि चास्ति यदिह प्रतिकृष्टरूपं
मांसादिकं त्रितयमत्र पुरा न चासीत् ।
सांख्याश्रमस्तदनु दाशरथेर्विहारः
सिद्धार्थ-वर्त्म, किमु विस्मयकृत् त्रयं नः । १३७

अहिले जुन तीन कुरा- मांस, मदिरा, व्यभिचार निकृष्ट रूपमा विद्यमान र विकसित छ । त्यो अघि थिएन । यो रामदी, सांख्यमुनि कपिलको आश्रम हो । त्यसपछि भगवान् रामचन्द्रको भ्रमणस्थल हो । त्यसपछि गौतमबुद्धको क्षेत्र हो । इतिहासका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी तीन कुरा र अहिलेका प्रचलित मासु, मदिरा, व्यभिचार यी तीन कुराले चकित पार्छन् हामीहरूलाई ।

रम्भावनी-वलिङ-रामनदी-स्थवासाः
संमर्दमादधति यात्रिगणस्य शश्वत् ।
रात्रिन्दिवं चलति खादतमोदताऽत्र
मांसालयाः पचतभृज्जतया नदन्ति । १३८

केराबारी, वालिङ, रामदीका बस्तीहरूमा जुनसुकै बेला पनि गाडीमा हिंड्ने यात्रीहरूको भीड हुन्छ । त्यहाँ बस र ट्रकहरूको जमघट खाली हुन्न । 'खाओ, खुशी होओ, मोजमंज्जा गर' यस्ता ध्वनि रातदिन गुन्जिरहन्छन् । अर्कोतर्फ 'पकाओ, भुट' भन्ने आवाज चलिरहन्छ, मासु पकाउने ठाउँतिर ।

एह्येहि भो अनुज भुङ्क्ष्व पिबेति साधु
वल्गूयिताप्तवचनै र्वनिताजनैः स्राक् ।
बाहून् प्रगृह्य सदनान्तरपाहृतानां-
मभ्यागत-ट्रक-बसेश्वर-खेटकानाम् । १३९

हासाय सन्ति सुहृदो रमणाय रामाः
पानाय मद्यमशनाय समांसमन्नम् ।
रम्भा बहिर्लसति पण्यतया प्रसार्या,
रामा गृहान्तरुपगूहति यानयूनः । १४०

'आउनुहोस् भाइ, खानुहोस्, पिउनुहोस्' भन्दै मधुरवाणी बोल्ने विश्वासिला सुन्दरी, होटलवाल्ली वा भट्टीवाल्नीले गाडीका स्टाफ आकृष्ट गरिन्छन्, हातहातै समातेर घिसार्दै भित्र लगिन्छन्, ती मुग्ध बेहोस मूर्ख युवकहरू भित्र लगिन्छन्, अब उनीहरूलाई स्वर्गीय आनन्द छ- हाँस ख्याल निम्ति साथीहरू छन् । रमणार्थ रामाहरू छन्, पिउनलाई रक्सी छ । खानलाई मासु र भात छ । बाहिरतर्फ बिक्रीका रम्भा (केरा) छन् । भित्रतर्फ रामाले गाड़ीवाला युवकलाई आलिङ्गन गर्छे ।

मार्गस्थिता वसतिरेव विमृग्यते यै-
र्यानाधिपै र्मदिरया प्रसितैश्च पान्थै,
वामेन वामनयनातनुमामृशन्तो
दक्षेण ते चषकमाददते करेण । १४१

केही गाडीवालहरू (कण्डक्टर, चालक र खलासी) र रक्सीमा आसक्त यात्रीहरू ठाउँमा पुग्नुभन्दा सुरा-सुन्दरी सुलभ भएको बाटाकै बस्तीमा बस्न खोज्छन् । उनीहरूका निमित्त दायाँ हातमा रक्सीको गिलास र बायाँ हातद्वारा सुन्दरी शरीर स्पर्श सुलभ हुन्छन् । त्यस्तै ठाउँ बास निमित्त रोज्छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सर्पश्रवायितममद्यकचायगेहम्,
निर्मांसभोजनगृहाः शशशृङ्गतुल्याः,
वारस्त्रियो यदि कदाचन दुर्लभाः स्यु-
र्वामाविहीनवसतिः खसुमायितैव । १४२

सिद्धार्थमार्गका बस्तीहरूमा रक्सीबिनाको चिया दूकान सर्पको कान झैं असम्भव, मासुबिनाको होटल खरायोको सिंग झैं असम्भव, यदाकदा वारनारी नभेटिन सक्छन्, तर सुन्दरी बिनाका बस्ती आकाशपुष्प झैं असम्भव ।

❀ ❀ ❀ ❀

पन्था असावसितपत्रित ऊढयानो
यावत् समा दश दृढाङ्गतयाऽन्वचालीत्,
उद्भिन्नपत्रविकृतः क्षतविक्षताङ्गो
नाक्षँस्त चक्रगबसादि तदूर्ध्वकाले । १४३

जब यो मार्ग तयार भयो, कालोपत्र लगाइयो, दश वर्षसम्म मजबूतीसाथ, बलियो शरीरले गाडी बोकेर संचालित भयो । त्यसपछि अलकत्र उप्किँदै गयो । बाटाको रूप विकृत भयो । अंग क्षतविक्षत भयो । कुनै पनि चक्रयान चलाउन गाह्रो भयो ।

व्यङ्गोऽध्वनि प्रतन-जीर्ण-बसाधिरूढा
उत्प्लाव्यमानतनवः सरुजोऽध्वनीनाः
क्रन्दन्ति हन्त ! विवशा मनसाऽऽहुरित्थम्
'गच्छामि मृत्युसदनं किमु वा स्वगेहम् ?' १४४

बाटो बिग्रयो, कालोपत्र उप्क्यो । साह्रै पुराना थोत्रा जीर्ण बसहरू चलाइन्छन् । उफारिएका यात्रीहरू दर्दनाक पीडाको अनुभव गर्छन्- सिकिस्त बिरामी झैं भएर चिच्याउँछन् । अफसोस ! उनीहरू विवश छन् ! त्यसैमा नहिंडी निर्वाह छैन ! मनले यस्तो भन्छन्- 'म मृत्युलोकतर्फ जाँदैछु कि घर जाँदैछु !'

पञ्चाशदासनयुते बसके खलासी
सार्धं शतं समधिरोपयतेऽध्वनीनान् ।
उत्थानकेऽथ पटले प्रकृतासनेषु
यात्रापरो ननु शतात्पर आस्यतेऽ हो ! १४५

बसमा ५० वटा सिट छन् । खलासी तीन गुना बढी डेढ सय (वा सयभन्दा बढी) यात्री बसाल्छ । निश्चित सिटमा ५० जना बस्छन् । छतमा त्यत्ति, बसभित्र खडा हुने ठाउँमा त्यति । अथवा बाटबाटै बसमा चढ्न उभिएको यात्रीलाई 'भो, ठाउँछैन' भन्ने चलन हुँदैन, चढाउँदै जाँदा मौकाले जति पुग्छन्, त्यति यात्री हिंडालिन्छन्, आश्चर्य छ !

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यानं तथाविधपथेऽनुदिनं प्रचाल्यं
न्यग्भूत-दीर्ण-सरजः सिटमाविरूपम्
अन्वाहृति-प्रगमनीयमतीव जीर्णं
सार्धं शतं वहतु यात्रिण ईदृगार्य ! १४६

त्यस्तो विरूप बाटोमा प्रत्येक दिन चलाइने बस, भित्र बाहिर, जताततै अति विरूप, साह्रै पुरानो छ । भित्रका सिटहरू थ्याच्चिएर, झ्याच्च परेर भुइँमा पुगेका छन् नुगेर, कपडा धुजाधुजा परेको छ । धूलैधूलाले भरिएको छ । विचरा त्यो बस ! लगभग डेढ सय जना बोक्नुपर्ने बस । पछाडिबाट धकेलेर बडो मुश्किलले स्टार्ट गराइन्छ । दशा यही हो भगवन् ।

कण्डाणकस्य च खलासिन आस्यजन्या-
स्तुङ्कार-हुंकृति-निभर्त्सन-रूक्षवाचः
निर्बन्धनान् हिटलरस्य यथाववादान्
क्रीत्वाऽद्मि नोटपिटकै रुदरं प्रपूर्य । १४७

भगवन् ! कण्डक्टर र खलासीका तुङ्कार, हंकार हप्काइ, रुखा बोलीहरू, हिटलरका निरङ्कुश हुकुम सरह छन्, जसलाई नोटका बिटा दिएर किन्छु र पेटभरि खान्छु, चूपचाप विवश !

पञ्चाशतः क्षमतया त्रिगुणं वहन्ति
यानानि यन्त्रविकृतेरभिदुर्घटन्ते ।
शैलप्रपाद-भृगु-भेदन-निर्मितेऽहं
मार्गे तथाविधबसेन चलामि नाथ ! १४८

पचास जनाको क्षमता भएका बसहरूले तीन गुना (१०० भन्दा बढी) बोक्छन्, कतै पुर्जा बिग्रिनासाथ दुर्घटित भइहाल्छन् । पहाडका तल्लो भागतर्फ डरलाग्दा भीर फोरेर बनाइएको, कहालीलाग्दो बाटो छ ! हे नाथ ! त्यस्तो बाटोमा त्यस्ता अतिजीर्ण थोत्रा बसमा हिंडेकै छु विवश ! नहिंडी निर्वाह छैन !

पाल्पा-खसावसथ-सीमग-सिद्धबाबा-
शालान्तिके तव पथो हि तिनाउनद्याम्
यानं न्यपप्तदपचालक-कुत्स्य-चालाद्
हा ! सप्तविंशतिरसून् व्याजहुश्च पान्थाः । १४९

भर्खरैको कुरा हो) पाल्पा र खस्यौली (रूपन्देही) को सीमानेर अवस्थित सिद्धबाबाको मन्दिर छ, त्यसैको नजिक अपचालक (निकृष्टचालक) को कुत्सित चालनको कारण हजुरको मार्ग (सिद्धार्थराजमार्ग) बाट तिनाउ नदीमा बस खस्यो । अफसोस ! २७ जना यात्रीको मृत्यु भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सिद्धार्थ-वर्त्मनि महेन्द्रपथेऽथ पृथ्वी-
मार्गे तथा त्रिभुवनारणिकाऽध्वनो र्वा
नैपालकेषु नगरेषु विचालितानि
यानानि दुर्घटनया समजीहरन् नृन् । १५०

तद् भारताख्य-समरेण हृतो रसाया
भारोऽष्टमेन भवता, नवमेन तावत्
प्रत्यक्ष-हिंसन-विरोधकृताऽस्फुटेन
व्याजेन यानविपदो ह्रियते स नूनम् ! १५१

सिद्धार्थराजमार्ग, महेन्द्र राजमार्ग, पृथ्वीपथ, त्रिभुवनराजपथ, अरणिको राजमार्ग तथा नेपालका नगरहरूमा विकृत रूपमा चलाइने यानहरूले दुर्घटनाद्वारा नरसंहार गरिरहेका छन् । यस्तो लाग्छ- आठौं अवतार श्रीकृष्णले महाभारत युद्ध रचेर भूभार हरेका थिए । नवौं अवतार बुद्ध भने हिंसाविरोधी भएकाले मानौं प्रत्यक्षतः हिंसात्मक शैली अपनाउन चाहन्नन्, तर अप्रत्यक्षतः यानहरू दुर्घटित भएको निहुँ पारेर भूभार हरिरहेका छन् !

❀ ❀ ❀ ❀

पाल्पापुरोऽनिलदिशं प्रगतोऽभि गुल्मीं
सिद्धार्थमार्ग-विटपो रजसाऽऽप्लुतोऽध्वा ।
तत्रापि चोक्तविध-सार्धशतौघवाहा
जीर्णा बसा अपचलन्तिं विशेष एवम् ।-१५२

(१) यानाधिरूढ-पदगाः सह चेत् पयान्ति
पूर्वं प्रपद्य पदगाः प्रपिबन्ति चायम् ।
(२)आरोहणावतरणे सुकरे चलत्सु
यानेषु जीनमहिषस्य गतिं दधत्सु ।१५३

(३)नेदीयसो हि पथिकान् विवशान् विधाय
व्युत्थाप्य रोगि-जरठानपि चालयन्ति ।
(४)भाद्राश्विनाद्यवसरे पथिकाधिकत्वे
कण्डाणको वदति यात्रिजनान् जनेश !– १५४

"ते 'लाहुरे' सुविदिताष्टिकटं लभन्ताम्,
पेटा-प्रसेव-शयनीयक-शुल्कदानात् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राध्यापका भृतिभुजो वणिजस्तथाऽन्ये
शुल्कं वितीर्य प्रचलन्तु समुत्थितास्ते ।" १५५

(५)उत्थाय साचि विनिधाय पदोऽन्यपत्सु
निष्पीड्यमानवपुषः सहयात्रिकायैः
पान्थाश्चलन्ति सिटवासि-चुरोट-धूमै-
र्वाष्पीय-नारक-समेन बसेन नेयाः । १५६

(६)भारेऽधिके प्रतनचक्रभिदाभिरत्र
मार्गेऽवरोधितबसाद् बहिरास्थितानाम्
संमर्दिनां रचयतामिव खण्डमेलां
यात्रावतां विदशया विजितोऽन्तकाध्वा । १५७

(७)वर्त्मार्धगो यदि विकृत्य बसोऽवरुन्ध्यात्
कण्डाणकः प्रतिददाति न चात्तशुल्कम् ।
(८)वाणिज्यजीवि-धनिनां ट्रकटेक्टराणां
दुश्चालकां अपहरन्त्यनुनीय कन्याः । १५८

हे बुद्ध भगवन् ! पाल्पाबाट वायव्य दिशातर्फ मोडिई सिद्धार्थमार्गको एउटा हाँगा गुल्मी पुगेको छ । यो अतिसंकीर्ण धूलिमार्ग हो, जहाँ सुनौली-बुटबल-तानसेनबाट निरन्तर चल्ने अत्यन्त थोत्रा, संयभन्दा बढी यात्री बोक्ने बसहरू तंघास पुगी फर्कन्छन् । ती थोत्रा बसहरू आफ्नो विरूप, वीभत्स स्थिति देखाउँदै चलिरहन्छन् । ती बसहरूका मूल विशेषता यी हुन्-

(१) बसमा चढेका र पैदलयात्री सँगसँगै हिंड्ने हो भने पैदल यात्री छिटो कुनै ठाउँमा पुगेर चिया पिइसक्छन् । (तानसेनबाट बस र पैदलयात्री सँगसँगै छुटेमा पैदलयात्री पहिल्यै जोर्ते पुग्छन्, चिया पिउँछन्, केही बेरपछि बस पुग्छ ।)

(२) बसहरूको हिंडाई बूढा राँगा (भैंसी) को जस्तै हुन्छ । तसर्थ चलिरहेका बसबाट ओर्लन वा चल्दा बसमा चढ्न सजिलैसँग सकिन्छ ।

(३) नजिक ओर्लने (तानसेनबाट चढी हाडथोक, अर्गली, रिडी, टक्सार ओर्लने) यात्रीहरूलाई टिकट र सिट दिइँदैन । भाडा पूरा लिइन्छ । उभिएरै उनीहरू यात्रा गर्छन् । बूढा अथवा बिरामी भए पनि उभिएर, थिचिएर, किचिएर, च्यापिएर यात्रा गर्नुपर्छ ।

(४) भदौ असोजमा, बडा दशैंको समयमा, यात्रीहरू धेरै हुन्छन् । त्यसबेला कण्डक्टर भन्छ- 'लाहुरेहरू टिकट लिएर सिटमा बस्नुहुन्छ, किनकि उहाँहरू बाकस, गुण्टा र झोलाको भाडा पनि प्रशस्त दिनुहुन्छ । अरू सबै यहाँबाट तंघास जाने शिक्षक, कर्मचारी, विद्यार्थी, व्यापारी आदि सबै जनाले भाडा दिएर उभिएर जानुपर्छ । यिनीहरूलाई टिकट र सिट मिल्दैन ।'

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(५) उभिएर जाने यात्रीहरूको दुर्दशा दयनीय हुन्छ । दुवैतर्फका सिटको बीचमा साङ्घ्रो ठाउँ हुन्छ । परस्पर खुट्टामाथि खुट्टा टेकाउनुपर्छ । शरीर तेर्स्याएर उभिंदा माथिपट्टिको डन्डी समातिन्छ, थोत्रा गाडीमा डन्डी नै हुँदैन ! सहयात्रीहरूकै शरीरले शरीर अड्याइदिन्छ । एक शरीरले अर्को शरीरलाई थिचेर, निचोरेर, बङ्ग्याएर तेर्स्याइदिन्छ । उभिएका यात्रीहरूको त्यस्तो अवस्था छ । सिटमा बसेका यात्रीहरू चुरोट पिएर धूवाँ उडाउँछन् । पापीहरूलाई यातना दिन निर्मित बाफप्रधान नरक जस्तो बसद्वारा यात्रा गरिन्छ ।

(६) भार बढी हुँदा प्रायः टायर फुट्छन् अथवा अरू पुर्जा बिग्रेर बस रोकिन्छ । बस रोकिएपछि यात्रीहरू ओर्लन्छन् । त्यहाँ सानु मेला नै लागेजस्तो देखिन्छ । यदाकदा रातको समय, महिला, केटाकेटी, बूढाबुढी, रोगी पनि हुन्छन्, जुन दुर्दशा हुन्छ, त्यसले यममार्गलाई जितिदिन्छ । यममार्गको यातना बसमार्गमै भोगिन्छ ।

(७) बाटोमा गाडी बिग्रियो । तम्घाससम्मको भाडा लिएको छ । बलेटक्सारमा गाडी बिग्रियो । त्यो यात्री अर्को गाडीमा वा हिंडेर जाला, तर बाँकी बाटोको भाडा कन्डक्टरले फर्काउँदैन, गाडी बिग्रनेबित्तिकै लुक्न जान्छ ।

(८) व्यापारबाटै जीविका गर्ने ठूलाठूला धनीहरूले ट्रक र ट्र्याक्टर किनेका हुन्छन्, मालसामान बोकाउँछन् । तलबी ड्राइभर हुन्छ । त्यसरी बिनामालिक ट्रक वा ट्र्याक्टर दौडाउने ड्राइभरले बाटबाटै कन्याकेटीहरू फकाउँछ र भगाएर लैजान्छ । यस्ता घटना देखिन थालेका छन् ।

❀ ❀ ❀ ❀

'बुद्धो दयानिधिरभूत् पशुजातिमात्रे'
प्रोच्चैरुदैरिरदिदं जयदेवसूरिः ।
गोजातयोऽन्यपशवश्च भवत्कृपायां
जीवन्तु लोकभविकार्यपथेन पाल्याः । १५९

'भगवान् बुद्ध पशुजातिमात्रमा दयानिधि (दयाका खानी) हुनुहुन्थ्यो' भनी उँचो स्वरमा जयदेवसूरिले भनेका छन् । तसर्थ, हे बुद्ध ! हजुरको कृपामा गोजातिलगायत समस्त पशुहरू लोककल्याणकारी आर्यमार्गद्वारा पालिएर बाँचून् ।

चौर्येण वा निलयनेन गवां विहिंसा
ऽनुश्रूयते क्वचन, तद् मनसाऽप्यकल्प्यम् ।
हन्येत राष्ट्रियपशु र्जननीयिता गौ
राष्ट्रं किमीयमथ राष्ट्रियता किमात्मा ? १६०

हाल नेपालमा कतै-कतै लुकीछिपी फाट्टफुट्ट गाई मार्छन् भन्ने सुनिन्छ । हामी त्यस्तो जघन्य अपराध मनले पनि कल्पना गर्न सक्दैनौं । यदि राष्ट्रिय पशु, मातृतुल्य गाईको हत्या हुन्छ भने त्यो राष्ट्र कस्तो होला ? राष्ट्रियताको स्वरूप कस्तो होला ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

'गोभक्षिजातिरवखादतु गा नरत्वाद्'
इत्थं प्रभो ! समुदभापत मान्यनेता ।
सा जातिरस्य भपणान्यवमन्यमाना
तौर्यत्रिकेण भगवन्तमुपार्चिचत् त्वाम् । १६१

'मनुष्य भएको नाताले मानवाधिकारको उपभोगार्थ गोमास खाने जातिका मानिसहरू गाई खाउन्' भनी एकजना मान्य नेताले भाषण गरे । तर तिनीहरूले उनको भपणलाई अपमानित गरेर नाचगान बजानद्वारा (२५४० औं बुद्ध जयन्तीमा) भगवान् बुद्धको अर्चना उपासना गरे ।

बुद्धस्य शीलन-सुदेशन-दर्शनानां
लंका निधानमभवत् शरदां शतात् सा ।
शून्यात्मदर्शनविदः श्रमणा भदन्ता
भिक्षुक्य आश्रितजनैः सह संवसन्ति । १६२

सयौं वर्षअघिदेखि श्रीलंका भगवान् बुद्धका परिशीलन (पञ्चशील) धर्मदेशना र दर्शनको निधि बनेको छ । त्यहाँ शून्यात्मदर्शनका वेत्ता, श्रमण, भिक्षुक, भिक्षुणी अन्य उपासकहरूका साथ बसेका छन् ।

पार्थक्यवादपरतामिलजातिवर्ग-
स्तत्रत्य-सैनिक-गणैः सह युध्यमानः
स्वीयेषु वा भटजनेषु परस्सहस्रान्
संहर्त्तुमस्ति बलवत्तमबीजमार्य । १६३

हे आर्य ! त्यहाँ पृथक्तावादी तमिलहरू र सरकारी सैनिकहरूको बीचमा घनघोर लडाइँ चलिरहन्छ ! तर आफ्ना मानिसहरू, सैनिकहरू र निर्दोष नागरिकहरू मारिनुमा खास कारण तिनै तामिल पृथक्तावादी हुन् ।

चैत्यै र्विहार-सदनैरवतंसिता सा
पर्यन्तभूः स्थविरवार-समाश्रिताऽस्ति ।
अस्त्रास्त्रि चान्यत उदग्ररणा ज्वलन्ति,
किं प्रेतराडनुजुहूपति तानमूँश्च ? १६४

श्रीलंकामा, कतै-कतै पर्यन्तभूमिहरूमा, अत्यन्तै राम्रा चैत्यहरू छन् । विहार गृहहरू छन् । त्यहीं स्थविरहरू, महास्थविरहरू छन् । त्यही देशमा अर्कोतर्फ विभिन्न ठाउँहरूमा अस्त्रैअस्त्रको प्रहारद्वारा भयानक युद्ध चलिरहन्छन् । यमले यी पृथक्तावादीहरू र सैनिकहरू- सबैलाई स्वाहामा होम्ने इच्छा गर्नुभएको त छैन ?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हे नाथ ! तिब्बतमणिः स दलाइलामा
न्याय्यं मृषारहितमार्यपथं जिघृक्षुः
सर्वांश्च नागरजनान् ऋतमानिनीषुः
शश्वद् भवन्तमभजद् भवदेकभक्तः । १६५

हे नाथ ! तिब्बतका मणि ती दलाइलामाले न्यायपूर्ण, मृषारहित, आर्यपथ ग्रहण गर्न चाहन्थे, सबै नागरिकहरूलाई सत्यतर्फ डोऱ्याउन चाहन्थे उनी, बारम्बार हजूरको उपासना गर्थे, उनी हुन्- अनन्य बुद्धसेवक ।

तस्य प्रभो ! किमपराद्धमभीप्सतः किम् ?
किं कस्य खादितमनेन सुधर्मभाजा ?
स्वातन्त्र्यमिच्छति स भौतिकमात्मिकं यत्
तत् किं पलायननिमित्तमभूद् बलीयः ? १६६

प्रभो ! दलाइलामाले कुन स्वार्थनिमित्त के अपराध गरे ? सही धर्ममा लागेका उनले कसको के खाइदिए ? उनले जुन भौतिक वा आत्मिक स्वातन्त्र्य खोजे, त्यही नै भाग्नाका लागि बलियो कारण बन्यो ?

गुप्तः पलायित उतापसृतो निलीनो
दन्दह्यमानहृदयः स मृषाभिशस्तः
देशान्तरं शरणमिच्छति हा ! त्वदीयो
दोदूयतां स इति ते स्पृहया घटेत ? १६७

उनी कतै संरक्षित भए, भागे, वा हटे, वा लुके । उनको हृदय नराम्ररी डढाल्न खोजियो, उनी झूटो बात लागेको भएर सही सही बसे । उनी गौतम बुद्धका मान्छे हुन् ! उनले अर्के देशमा शरण खोज्नुपर्ने किन ? उनी दीनहीन दुःखी बनून् भन्ने हजुरको इच्छा होला र ? यो हजुरको इच्छाबाट घटित हुने कुरा होइन ।

नेपालमातृसुतया भृकुटी-महिष्या
प्राचारि चीनविषये भवदीयधर्मः,
चीनेन बुद्धशरणेन कथं स लामा
निर्गम्यते मतिमतां वर एष बौद्धः ? १६८

नेपाल माताकी छोरी भृकुटीले चीनमा बौद्धधर्मको प्रचार गरेकी थिइन् । चीन स्वयं बुद्धधर्मावलम्बी छ । कसरी त्यसले बुद्धिमान्हरूमा श्रेष्ठ बौद्ध लामा निकालिन्छन् ?

श्रृङ्गाटके सुविदिते च तियानमेने
यूनां हता दशसहस्रचदयं क्षणेन
चीने स्वतन्त्रमनुजाधिकृतिं ब्रुवाणा-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्ते चीनशासनविरुद्धतयाऽभिशस्ताः । १६९

चीनको प्रसिद्ध तियानमेन चौकमा एकै छिनमा युवकहरू गोलीले भुटिए, दश हजार युवक भस्म बरानी भए ! उनीहरू चीन सरकारको विरुद्ध थिए रे ! उनीहरू अपराधी ठहरिए ! बात लाग्यो- सरकार विद्रोही ! चीनमा स्वतन्त्रता, मौलिक मानवाधिकार र प्रजातन्त्रको कुरा उठाउनु नै उनीहरूको अपराध !

द्वीपान्तरातिथिवरा उपगम्य चीनं
माओ-समाधिमुपयान्ति महन्ति माल्यैः,
यूनां स्मरन्ति न निरङ्कुशता-हतानाम्,
तथ्यं तु वेत्ति मनुजाधिकृते र्निकायः । १७०

अन्य द्वीप, अन्य देशहरूबाट चीन आउने अतिथिहरू माओत्सेतुङ्गको समाधिमा पुग्छन् र माल्यार्पण गर्छन् । तर त्यसै तियानमेन चोकमा निरङ्कुशताद्वारा मारिएका युवकहरूलाई सम्झन्नन्, किनभने त्यो कुरा त्यहाँ निषिद्ध छ । मानवाधिकारवादी संस्थाले मात्र त्यो कुरा जानेबुझेको छ ।

आतङ्कवादमनुयान् कलुषी नृशंसः
शस्त्रास्त्रसज्जितकरो निवहो निलीनः
त्वज्जन्मपावितमहीं विचरन् शृणाति
नैपालकान् निरपराधजनान् जनेश ? १७१

भगवन् ! एउटा आतङ्कवादी पापपूर्ण र अपराधी हत्याराहरूको ग्रुप हातमा अस्त्रशस्त्र लिएर लुकीछिपी हजुरको जन्मले पवित्र पारिएको नेपाल भूमिमा घुमेर निरपराध सोझा निमुखा जनतालाई गोली वा तरवारले मार्छ । हाय ! कस्तो खेदजनक कुरा छ !

स्तूपं हि शान्तिकरमारचयँश्च भिक्षु-
र्जापान-नागर-युनातक-नावतामेः
यै र्घातुकैरवधि लुम्बिनिकावनीस्थो
धिक् तान् ह्रियाऽनमत आर्यचरान् धिगस्मान् ! १७२

धिक्कार छ, ती हत्याराहरूलाई ! जुन हत्याराहरूले लुम्बिनीमा शान्तिस्तूप निर्माणार्थ लागिरहेका जापानी नागरिक 'यूनाताका नावातामे' नामक बौद्धभिक्षुको हत्या गरे । हामीहरूलाई धिक्कार छ- जो विदेशी बौद्धभिक्षु मारिंदा लाजले निहुरेका छौं र आफूलाई अतीतका आर्य मान्छौं । केवल अतीतका आर्य, भूतपूर्व आर्य, हामी ! आज आर्यत्व रहेन ।

नेपालभूजनपदेष्वधिशैलभागं
ग्रामाँस्तदाक्रमण-हिंसन-चौर्य-भीतान्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्रातुं क्षमो न, जनमर्म न वेत्ति नूनं
नैपालशासकगणो बहु भर्म भुङ्क्ते । १७३

नेपाल भूमिका पर्वतीय प्रदेशका बस्तीहरूमा उक्त आतंकवादी हत्यारा गणको निन्दनीय हमला, हत्या, चोरी-डकैतीबाट डराएका ग्रामीण जनतालाई सुरक्षा दिन सरकार असमर्थ छ । शासकगण जनतालाई सुरक्षा नदिईकनै, जनताको मर्म नजानीकनै, मोटो रकमको तलब खान्छ ।

भूटानभूश्च समभूदधिभूमि वित्ता
बुद्धोपदेशनिपितेति, परन्त्विदानीम्
नेपालमूलकजनानधिकारकामान्
विद्रावयत्युत निहन्ति महीप आर्य ! १७४

भूटान बुद्धधर्मावलम्बी देश हो भन्ने कुरा समस्त भूमण्डलमा प्रसिद्ध छ । तर हाल त्यहाँ नेपालमूलका नागरिकहरू मानवाधिकारको माग गरेको अपराधमा नरेशद्वारा लखेटिन्छन् वा मारिन्छन् ।

भूटान-नागरजना जनतन्त्रकामा-
दान्दोलनं विदधतो निगडैर्निबद्धाः
कारागृहे नयविदो निहिता दयालो !
किं कस्य तैर्निजिगलिष्यमभूद् वराकैः ? १७५

प्रजातन्त्र प्राप्ति निमित्त आन्दोलन गर्ने भूटानी नागरिकहरू जेलनेल लगायतका अति कठोर यातनाहरू भोगिरहेका छन् । हे दयालु भगवन् ! ती विचरा भूटानी नागरिकहरूले कसको के निल्न खोजिरहेका थिए र ?

म्यान्माश्च बौद्धसमुदायधरः प्रसिद्धो
हे नाथ ! सैनिकगणोऽत्र महीं प्रभुञ्जन्
स्वाधीनशासन-जनाधिकृति-प्रमार्गान्
नेतॄन् कदन्दुक-कदर्थनया कृणाति ! १७६

हे नाथ ! म्यान्मा (बर्मा) पनि बौद्ध देश हो । त्यहाँ बौद्धहरूको जमघट छ । त्यहाँ सैनिक शासन छ । त्यस शासनले प्रजातन्त्र र मौलिक मानवाधिकारको माग गर्ने नागरिक नेताहरूलाई नराम्ररी जेलनेलको यातना दिइरहेको छ, उनीहरूको जघन्य हत्या भइरहेको छ ।

आविष्कृतं हि परमाणुकमस्त्रमद्य
सर्वेऽनुबिभ्यति त्रिभीपिकया विभोऽत्र,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दन्दह्यते जनवनं परमाणु-वन्हि-
स्त्रस्तं न पश्यसि तथागत ! मर्त्यसंघम् ? १७७

हे तथागत भगवन् ! आधुनिक युग आणविक युग हो । आज परमाणु अस्त्र आविष्कृत छ । संसारका मानिसहरू पारमाणविक विभीषिकाको कारण डरले थर्थरी काँपिरहेका छन् । परमाणुरूपी अस्त्राग्निले जनवनलाई जलायो भने साकल्येन भस्म खरानी पार्नेछ । मानव समुदाय कति डराइरहेको छ ? के यो स्थिति हजुरको दृष्टिगोचर छ ?

अन्येन सार्धमिदमस्त्रमपाति, याभ्यां
जापानकाः सुगतधर्ममुपाश्रयन्तः
लक्षाधिका निरपराधजनाः प्रदग्धा
हा ! हन्त ! पश्यसि कथं स्वजनान् विपन्नान् ? १७८

हे भगवन् ! द्वितीय विश्वयुद्धको अवसानतक अन्य अस्त्र (हाइड्रोजन बम) को साथसाथै यो अस्त्र (परमाणु बम वा एटम बम) खसालियो जापानमा ! बौद्ध धर्मावलम्बी लाखौं निरपराध जापानीहरू भस्म खरानी भए । साह्रै खेद छ, अकल्पनीय विषाद छ । यी आफ्ना जनहरूको, आफ्नो धर्मका उपासकहरूको त्यस्तो विपन्नता देखेर हजुरलाई के लागेको होला । नाइँ भने आफ्ना मान्छेको दुर्दशा कसरी टुलुटुलु हेर्न सक्नुहुन्छ र ?

❀ ❀ ❀ ❀

भस्मीकृतेषु ननु तेषु जनैश्च शिष्टै-
स्तत्रत्य-भौतिकसमुन्नतयेऽनुरक्तैः
जापानदेश उपमारहितो व्यधायि
हे लोकजिद् ! भगवतो भवतो दयेयम् । १७९

बम प्रहारबाट जापानीहरू भस्म खरानी भए । जो बाँचे, उनीहरू लागे भौतिक समुन्नतिनिम्ति निरन्तर । निरन्तर प्रयास, परिश्रम, संघर्ष ! उनीहरूले जापानलाई संसारमा उपमारहित बनाए- अद्वितीय । भगवन् ! लोकजित् ! यो हजुरकै दयाको फल हो ।

पीब्नोऽथवा तनुतनून् पृथिवीस्थदेशान्
आढ्यानकिञ्चनतमानुत मध्यमान् वा
मुद्राभिरुद्यमधनैश्च सदोपकुर्वन्
जापान एव सदयो भवदीयमूर्तिः । १८०

भगवन् ! जापान देश दयालु बुद्धको दयामय मूर्ति हो । यसले संसारका अनेक देशहरूलाई हमेशा सहयोग दिएको छ, अत्यन्त उपकारी बनेको छ । उसले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विश्वका ठूलाभन्दा ठूला, सानाभन्दा साना, धनी, मझौला, कंगाल- यी सबैलाई डलरले वा उद्योगजन्य वस्तुले उपकार गरेको छ ।

संदीप्यते जनमहीयित- लोकतन्त्रम्,
विभ्राजते विधिसमन्वित एव सम्राट्,
प्रौद्योगिकोन्नतिरिहास्ति, सुशान्तिरत्र,
सर्वो जनोऽत्र धनवान् मतिमानरोगः । १८१

यहीं जनसम्मानित लोकतन्त्र छ , यहीं संवैधानिक सम्राट् हुनुहुन्छ । यहीं प्रौद्यौगिक उन्नति छ । यहीं शान्ति छ । यहाँ सबै नागरिक धनी छन्, विद्वान् छन्, निरोगी छन् ।

राष्ट्राणि निर्धनतमानि समीक्ष्य सूक्ष्मं
ग्रामेषु दुर्गमतया विदितेषु तत्र
उद्योग-पेयजल-सेतु-निरामयादौ
जापान एव हि ददाति वरिष्ठसाहचम् । १८२

संसारका निर्धनतम राष्ट्रहरूलाई राम्ररी सूक्ष्म रूपमा चिनेर त्यहाँका दुर्गम गाउँहरू खोजी-खोजी सहयोग गर्छ जापान ! तिनीहरूलाई वरिष्ठ सहायता दिन्छ जापान ! गरिब देशका दुर्गम गाउँहरूमा उद्योगधन्दा, पिउनेपानी, पुल, स्वास्थ्य, यस्ता क्षेत्रहरूमा ठूलो सहयोग गर्दै छ जापान !

बौद्धाश्चरन्ति परितः श्रमणा भदन्ता
बुद्धस्य दर्शन-विचार-रवा ध्वनन्ति
अद्यत्व आर्य ! निगदामि भवानवश्यं
जापानराष्ट्रतनुसाद्भवतीति सत्यम् । १८३

हे आर्य ! जापानमा बौद्ध साधक श्रमण भिक्षुक भिक्षुणीहरू छन्, चारैतिर । बुद्धका दर्शन र उपदेशका ध्वनिहरू जताततै गुञ्जिन्छन् । म दृढतापूर्वक भन्न सक्छु कि हजुरको आत्मा जापान राष्ट्रको रूपमा परिणत भएको छ आज !

अन्तर्महिस्थ-जलनिर्गम-साधिताभि-
र्धाराभिरद्य भगवन् ! तव जन्मभूमौ
कुल्यादिलभ्य-जलहीन-तराइभागे
ग्राम्यात्र् जनात्र् जलमपीप्यदसौ दयालुः । १८४

भगवन् ! जापानले हजुरको जन्मस्थल (कपिलवस्तु रूपन्देही) का तराई प्रदेशमा जहाँ कुलाको पानी उपलब्ध छैन, ती ठाउँहरूमा, भूमिगत जल निकाली परमसुन्दर धाराहरू बनाइदियो, गाउँले मानिसहरूले मीठो स्वच्छ पानी खान पाए । दयालु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जापान, करुणामूर्ति जापान, बुद्धको करुणा बुझेको जापान- जसले नेपाली गरिब कृषकहरूलाई पानी खुवायो ।

अध्येशियाविषयमत्र भवद्यायां !
जापानराष्ट्रविधया विकसन्तु सर्वे,
किं भो भवान् स्वजननीयित-जन्मभूमिं
जापानवत् स्मितमुखीं सुभगां विदध्यात् ? १८५

भगवन् ! जापानमाथि जस्तै सम्पूर्ण एसियाली देशहरूमाथि हजुरको दया चाहियो । अरू एसियाली देशहरू जापानजस्तै विकसित बनून् ! के आफ्नी जननीतुल्य जन्मभूमि नेपाललाई जापानलाई झैं हँसिली रसिली भाग्यवती तुल्याउनुहोला ?

सिद्धार्थनासन्नगरी तव भैरवाख्या
जापानकोद्यम-विनिर्मित-वस्तुजातैः
आढ्याऽस्ति नैगमगणो हसति प्रवादी
नीवीचयाद् दशगुणाधिकलाभकारी । १८६

दूरध्वनि-श्रवण-दर्शन-यन्त्रमुख्य-
घट्यादि-यन्त्र-सहितेतर-वस्तुभिः सा
देदीप्यमान-वपुरस्ति प्रभो ! त्वदीया
सिद्धार्थपू र्ननु जगद्रमणीव हृष्टा । १८७

दिव्यातिदिव्य-सुषमा-परिदर्शनाय
नैपालको युवगणोऽप्यथ भारतीयः
कृत्वाऽपि बन्धकममूल्य-गृहं स्वकीयं
जापानकानि वसनानि सुखेन वस्ते । १८८

यावच्च किञ्चन विपण्यतयेह दृश्यं
तावच्च तत् प्रतनरूपमिवैति तत्र,
वस्तूनि चोद्यमभवानि नवानि तत्र
मासेऽन्हि वाऽभिनवरूपमिवावहन्ति । १८९

सिद्धार्थ नामक नगरी, जसलाई भैरवा भन्छन्, जापानी उद्योगबाट उत्पादित सामानहरूले सम्पन्न छ, जापानी सामान खचाखच भरिएका छन् । यहाँको व्यापारी वर्ग निकै सम्पन्न छ, प्रसन्न छ, चलाक र बोलक्कड छ, किनकि आफ्नो मूल धनभन्दा, लगानीभन्दा दशगुना बढी फाइदा गर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ (भैरहवामा) जापानमा बनेका रेडियो, टि.भी., घडी आदि अगणित सामान आउँछन् । जापानी सामानले बुद्धको सिद्धार्थनगरी साह्रै चम्केको छ । यो त्यति हँसिलो छ- मानौं विश्वसुन्दरी नै हो कि ?

नेपालमा प्रायः जापानी कपडाहरू लगाइन्छन् । जापानी कपडाहरू भैरहवाका पसलहरूमा अत्यधिक मात्रामा पाइन्छन् । त्यस बजारबाट उत्तरप्रदेशका भारतीय युवकहरूले र नेपालतर्फका नेपाली युवकहरूले आफ्ना अमूल्य घरहरू बन्धक राखेरै पनि किन्छन् र पहिरन्छन् ।
जापानमा उत्पादित रेडियो, घडी, कपडा आदि सामान उहाँबाट ल्याई भैरहवाका पसलमा फिंजाउँदा कम्तीमा एक महिना बितिसकेकोले) जापानको लागि पुराना, पुरानो मोडेलका भइसक्छन् । जापानी वस्तु जापानको बजारमा कुनै एक महिनासम्म, कुनै त एकदिन मात्रै ताजा रहन्छन् । यति छिटोछिटो मोडेल परिवर्तन हुन्छ कि आजको भोलि पुरानो भइसक्ने !

पञ्चाशदत्रभवतो भुवि मन्त्रिवर्याः
स्व-स्व-प्रियाभिरभया विहरन्ति जीपैः,
तद् जीप-कार-बसकाऽनिलयानजातं
जापानदेशत इहागमितं चिरेण । १९०

हाल (वि.सं. २०५३) मा नेपालमा ५० जना मन्त्रीज्यू हुनुहुन्छ । उहाँहरू आ-आफ्ना श्रीमतीहरूसहित जापानी जीपमा सवारी भई निर्भयतापूर्वक सैरसवार गर्नुहुन्छ । नेपालमा धेरै पहिलेदेखि जीप, कार, बस, वायुयान आदि सारा यानहरू जापानबाटै आयात हुने गरेका छन् ।

नेपाल एष भवतो जननस्य देशो
जापान एष भवतो विभवस्य देशः,
नैपालकान् स्वक-शिशून् कति हायनानि
जापानतः समनुकम्प्य भवान् प्रसीदेत् ? १९१

भगवन् बुद्ध ! यो नेपाल हजुरको जन्मभूमि हो । जापान हजुरको ऐश्वर्यभूमि हो । नेपालीहरू हजुरका सन्तान, केटाकेटी ! यिनीहरूलाई कति वर्षसम्म जापानी सामान उपलब्ध गराउने ? जापानबाटै यिनीहरूमाथि दया गरिरहने कि ? ती सामान, त्यस्ता खालका सामान, नेपालमै उत्पादन गर्नेतर्फ हजुरको निगाहा होला !

❀ ❀ ❀ ❀

नेपालकेन्द्रभुवि कान्तिपुरि त्वदीयो
भावप्रवाह उदितो नितरां प्रवृद्धः ।
शाक्याः स्तुवन्ति तव गीतिकयाऽथ वज्री-
रत्नादिवज्रशरणा मखमाचरन्ति । १९२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालको राजधानी कान्तिपुरी काठमाडौंमा हजुरप्रतिको भक्तिभाव, सम्मान, समादर, उपासना र आराधना, साधनाको धारा उदित भएको मात्र होइन,अतिमात्रामा बढेको पनि छ । पञ्चशील प्रार्थनाजस्ता गीतिकाद्वारा शाक्यहरूले हजुरको उपासना गर्छन् भने वज्राचार्यहरू जो वज्ररूप बुद्ध भगवान्कै शरणमा छन्, तिनीहरू विधिपूर्वक याग, हवनकर्म, संस्कारपरक कर्म, श्री बद्रीरत्न बज्राचार्यको शैलीमा आराधना, समुपासना गर्छन् ।

विश्वस्य नैकविपयेभ्य इहोपयाता
ज्ञाताश्च पर्यटकनामभिरन्वहं ते
स्तूपान् विहारमथ चित्तहरं सुचैत्यं
पर्यटच चित्रमवगृहच प्रतिव्रजन्ति । १९३

संसारका अनेक देशहरूबाट प्रत्येक दिन यहाँ पर्यटक आउँछन्, स्तूपहरू, विहारहरू, रमणीय चैत्यहरूमा पुग्छन्, पर्यटन समाप्त गर्छन्, फोटो खिच्छन् र फर्कन्छन् ।

नैपालकैः सुगत ! पित्तलनिर्मितास्ता-
स्त्वन्मूर्तयो विपणतः समुपाह्रियन्ते ।
कोटिं तव प्रतिकृतीरतियातकालाद्
विक्रीय गौरमनुजेभ्य इमेऽनुयामः । १९४

हे सुगत ! नेपालीहरूद्वारा ती पर्यटकहरूलाई विक्रीद्वारा पित्तलका बौद्धमूर्तिहरू टक्र्याइन्छन् । धेरै अघिदेखि बिक्री गर्दा गर्दा करोडौं प्रतिकृतिहरू, बौद्धमूर्तिहरू गोराहरूलाई दियौं, यी हामी हजुरका अनुयायी बनेकै छौं ।

संकीर्तन-स्मरण-पूजन-दास्यभावे
संख्यामतीत्य प्रतिमूर्त्यभिविक्रये ते
दुर्गन्धितावकरकव्यपसारणेन
हिंसात्म-पङ्क-शमनं खसुमायते हा ! १९५

हजुरको कीर्तन, स्मरण र पूजन हुन्छ, दास्यभावद्वारा आत्मसमर्पण हुन्छ । हजुरका मूर्तिहरू उद्योगद्वारा उत्पादित हुन्छन् । असंख्य मूर्तिहरू बेचिन्छन्, तर कान्तिपुरीको दुर्गन्धित फोहोरमैला हटाउनुको साथै हिंसात्मक पङ्कबाट बचाउने काम आकाशको फूल झैं असम्भव भयो, अफसोस छ !

जापान-सिंहल-समागत-बौद्धवर्गै-
र्नेपाल-सौगत-गणः समवैति, तेऽमी
भद्रेश्वराभिध-विहारमुपाश्रयन्त
आदान-दानमपि कुर्वत आस्थधातोः । १९६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तेपां विवेकघटिता समितिर्मीति वां
नैपालकं दलदरिद्र-रणाग्निमेवं
लंका-पृथक्करण-लक्ष्यभवं रणाग्निं
शास्तः प्रभो ! शमयितुं किमु पारयेत ? १९७

जापान र श्रीलंकाबाट आएको बौद्ध समुदाय र नेपाली बौद्ध समुदाय भद्रेश्वर बौद्धविहारमा भेला हुन्छन् । त्यहाँ अस्थिधातुको आदानप्रदान पनि हुन्छ । तर उनीहरूद्वारा कुनै समिति गठित गरेर वा उनीहरूकै स्वविवेक, सामूहिक बुद्धि लगाइए तापनि (लगाइएको छैन, लगाइएको खण्डमा) नेपाली दरिद्रहरूको पेट पाल्ने संघर्ष तथा नेपाली दलहरूको झैझगडाको दन्कँदो आगो निभाउन सक्दैनन् । न त यिनीहरूले लंकाको पृथक्तावादी युद्धको आगो नै निभाउन सक्छन् ।

किञ्चिद् दलं भवतु शासनकर्तृ, वृद्धः
प्राप्नोति रूप्यकशतं प्रतिमासमत्र ।
निर्वाप्यते जरठगो जठराग्निराहो ?
ईक्षस्व देव ! जनशासन-नव्यरीतिम् । १९८

हे देव ! आगो निभाउने कुरा मैले उठाएँ । नेपालका धनी-गरिब, सबै खाले बूढाहरूका पेटको आगो (जरठहरूको जठराग्नि) सरकारले निभाउँदै छ । कुनै पनि पार्टीको शासन होस्, ७५ वर्ष पुगेका धनी-गरिब सबै जरठहरूले जठराग्नि निभाउन, भोक शान्त पार्न, प्रतिमास रू. १००/- वृद्धभत्ता पाउँछन् । (दिनको रू. ३।३३ तीन रूपैयाँ तेत्तीस पैसा) यो पनि जनशासनको नयाँ शैली हो ।

❀ ❀ ❀ ❀

शिष्यान् महास्थविरकान् स्थविरान् प्रबोध्य
निर्वाण एष भगवानिति दृष्टतत्वाः
काले शनैर्व्यतियति त्वदुदीरितार्थ-
संगीतिकाः समुदगुः समवेतसंघाः । १९९

ता गीतयोऽ ध्यजनयन् भुवि संप्रदायान्
आवण्टितान् बहुगणोपगणेषु कृत्वा,
त्रैधं व्यभज्यत यथा महदाख्ययानं
तद् मन्त्र-वज्र-सहजाभिधयानमार्गैः । २००

सिद्धान्त-दर्शन-विचार-विखण्डनार्थ-
मेवं विभाजन-परम्परयोत्सुकास्ताः

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संगीतयः समभवन् प्रथितास्ततश्च
वर्गे दले च विविधे मनुजा विभक्ताः । २०१

सर्वास्तिक-स्थविरकादि-विभिन्नवादा
उत्पादिताः कथममी भवदेकवादात् ?
सौत्रान्तिकादिबहुरूपित-दर्शनानि
प्रादुष्कृतानि कथमेकक-दर्शनेन ? २०२

संमानिता भगवताऽद्वयवादिना ते
मार्गा अनेक इति किन्नु वयं प्रतीमः ?
एकत्व एव भवताऽभिमते मुनीन्द्र !
सिद्धान्त-दर्शन-भिदा कथमापतेत् सा ? २०३

एकैव साऽघटत माधवपौर्णमासीं
यस्यां भवाञ्जनि भौमवपु र्व्यहासीत् ।
बुद्धत्वलाभमकरोत् तपसा गयायां
नानापथास्तव दृशः कथमुद्भवन्ति ? २०४

भगवान् बुद्ध आफ्ना शिष्यहरू स्थविरहरू तथा महास्थविरहरूलाई संबोधन गरी बोधि प्राप्त गराएर निर्वाण प्राप्त गर्नुभयो । अनेक वर्षपछि अनेक बौद्धसंघ भेला भए । भगवन् ! तिनीहरू तथागत भगवान्का उपदेशहरूका संगीतिकाहरू गाएर मुग्ध भए ।
हुँदा हुँदा ती संगीतिहरूले पृथ्वीमा अनेक सम्प्रदाय जन्माए, गण र उपगण छुट्टिँदै गए । एउटा महायान-मन्त्रयान, वज्रयान र सहजयान गरी तीन मार्गमा पो फाट्यो ।

यसप्रकार संगीतिहरू नै बुद्धको विचार, दर्शन र सिद्धान्तलाई विखण्डित गर्ने साधन बने । यिनैले बौद्धधर्मावलम्बी मानिसहरूलाई विभिन्न गण र उपगणमा बाँडेर पछि अरू क्षेत्रमा पनि यो विखण्डन परम्परा कायम हुँदै बलियो हुँदै गयो । मानिसहरू अनेक वर्ग, सम्प्रदाय र दलमा विभाजित हुन्छन् ।
किन एउटै बौद्धवादमा सर्वास्तिवाद, स्थविरवादजस्ता नानावाद जन्मे ? कसरी एउटै बौद्धदर्शनबाट सौत्रान्तिक, वैभाषिक, योगाचार र माध्यमिक दर्शन जन्मे ?

अद्वयवादी भगवान् बुद्धले अनेक वाद र दर्शनलाई मान्यता दिनुभयो भन्ने हामी कसरी विश्वास गरौं ? भगवन् ! हजुर त एकत्ववादी पो ! अनेकता कसरी आयो ? यो एउटा संयोग थियो, (तीनोटा कुरा एकै दिन भए) वैशाख पूर्णिमाका दिन हजुर जन्मनुभयो, त्यसै दिन पार्थिव शरीर त्याग गर्नुभयो । त्यसै तिथिमा बुद्धत्व प्राप्त गर्नुभयो । हजुरको दर्शनबाट अनेक मार्ग कसरी जन्मन्छन् ? आश्चर्य छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपालदेश उदिता जनतन्त्रगीति-
रस्मानहो ऋजुमतीन् विमनीकरोति ।
सेयं दलान्युपदलेषु विखण्डयन्ती
सर्वोत्तमं दलमरं विचिकीर्षतीव । २०५

जसरी बौद्धगणमा संगीतिहरू विखण्डनकारी भए, त्यसरी अरू क्षेत्रमा पनि संगीतिहरू विखण्डनकारी नै हुने रहेछन् भन्ने कुरा नेपालको प्रजातन्त्र-संगीतिले देखायो । यस संगीतिले दलहरूलाई उपदलहरूमा विभाजित गऱ्यो, टुक्ऱ्यायो । देशको सर्वोत्तम दललाई पनि छिट्टै बिगार्ला जस्तो देखिन्छ ।

विश्वस्य सांप्रतिकपद्धतिषु प्रशस्या
लोकादरात् प्रचलिता दलवत्प्रणाली
नष्टेऽनुशासन इयं मृदुगात्रबाला
तारुण्यमाप्स्यति नवेति वितर्कयामः । २०६

संसारमा चलेका बर्तमान राजनीतिक पद्धतिहरूमा सर्वोत्तम दलीय पद्धति हो, जो जनताद्वारा सम्मानित हुन्छ, तर दलभित्र अनुशासन नरहेपछि कोमल शरीर भएकी बालिका नै युवती हुन नपाउँदै नष्ट हुने हो कि भन्ने सन्देह हुन लाग्यो ।

सा सांसदी स्थितिरतीव निदर्शनीया
संवत्सरान् कतिपयानरुचज्जनेभ्यः,
मन्त्रित्वलोलुपतया दलकार्यकृत्सु
प्राप्तेषु कापथमियं जनतां व्यकर्षत् । २०७

उदाहरणीय संसदीय पद्धतिलाई प्रारम्भमा जनताले खूब मन पराए । तर मन्त्रिपदका लोभले पार्टीका नेताहरू कुमार्गमा लागेपछि पद्धतिप्रति जनता विकर्षित हुन लागे, खेदको कुरा छ ।

दोषा गुणाश्च गणिता दलपद्धतौ ये
तेषां गुणप्रबलता किमहो न मृग्या ?
दोषाधिकत्वमुदभावि विटैर्दलस्थै-
र्विप्लावनाय जनतन्त्रमहिम्न आशु । २०८

दलीय पद्धतिमा हुने गुण र दोषहरूमध्ये गुणकै बलवत्ता खोज्नु पर्दैन र ? तर यहाँ त दलभित्र प्रवेश गरेका विट (गुण्डा) हरूले दलीय पद्धतिमा गनिने दोषहरूकै अधिकता जन्माए । यी विटहरू नै प्रजातन्त्रको महत्त्व समाप्त पार्ने तत्त्व हुन् ।

संमर्दिभिः प्रतिदिनं दलकार्यकृद्भि-
र्मेलायिता दलगृहा विलसन्ति रम्याः ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

एकत्र तत्र मिलिताः प्रतना नवाश्च
किं नायकाः किमपि मन्त्रयितुं प्रवृत्ता :? २०९

प्रत्येक दिन पार्टी कार्यालयहरू पार्टीको कार्यालयमा भेला हुन्छन्, त्यहाँ रमणीय मेला लागेकोजस्तो देखिन्छ । के त्यहाँ भेला भएका पुराना र नयाँ नेताहरू देशको लागि केही ठोस कुराबारे मन्त्रणा गर्छन् ?

केचिद् दृढाः परिवृढा दलमाध्यमेन
संरक्षितुं जनमतं सततं यतन्ते ।
नेतॄंश्च तान् समभिवञ्च्य गणो विटानां
तत् तद् दले प्रविशतीति महद् विचित्रम् । २१०

कतिपय दृढ र इमानदार नेताहरू दलकै माध्यमबाट प्रजातन्त्ररक्षार्थ सतत प्रयत्नशील हुनुहुन्छ, तर खेदको कुरा छ- साह्रै आश्चर्य छ- जुनसुकै दलमा पनि कार्यकर्ताको खोल ओढेर गुण्डाहरू घुसेकै छन् ।

सर्वत्र सन्ति दलकार्यकृतो द्विधा, ते
सन्तो जनान् परिचरन्ति विटाश्च नेतॄन् ।
स्वार्थाय नेतृपरिचारिविटै र्हि धौर्त्यात्
पर्याप्तलाभपदमाप्यत आर्य ! चित्रम् ! २११

नेपालका प्रायः सबै दलहरूमा इमानदार र गुण्डा गरी दुई थरी कार्यकर्ता छन्, तीमध्ये इमानदारले जनताको सेवा गर्छन् भने गुण्डाहरूले नेताहरूको चाकडी गर्छन् । स्वार्थका निमित्त नेताहरूको चाकडी गर्ने फटाहाहरूले नै पर्याप्त लाभका पदहरू ओगट्छन् ।

राष्ट्रेण वा जनतयाऽपरिचीयमाना
वाचाट-वञ्चक-शिरोमणयश्च केचित्
नेतॄन् सदैव परिचर्य च चाटुवाग्भि-
र्विश्वासयन्ति दलसंघटनात्मकार्ये । २१२

आराध्यमेकमनुकूल्य च नायकेषु
प्रोच्चैः पदं समुपलभ्य धनेन दृप्ताः
गर्जन्त्यहो ! सरललोकसमक्षमेते
कस्कोऽस्ति तादृश इति प्रविनक्तु कोऽत्र ? २१३

जसलाई जनताले चिन्दैन, राष्ट्रले जान्दैन, केवल बकबक गर्ने र ठग्ने काममा अग्रणी छन् । तिनैले चाकडीचापलुसीबाट नेतालाई ठगी "यो त पार्टीको कार्यकर्ता हो" भन्नेमा विश्वस्त पार्छन् । नेताहरूमध्ये आफूलाई पद दिन सक्ने एक नेतालाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्नो अनुकूल तुल्याएर पद पाएपछि भ्रष्टाचारबाट उपार्जित पैसाले मत्त भएर सोझा जनताको अगाडि गर्जन्छन् । त्यस्ता धूर्त, गुण्डाहरू को को छन् ? भनेर कसले छुट्याउने ?

कश्चिच्च पञ्चपविटाधिपति र्विलज्ज:
स्वं घोपयन् मृदुगिरा दलकार्यलग्नम्
वैयक्तिके निजहिते सुधियो नियुङ्क्ते,
सोऽयं भवेत् किमु दलस्य सतां च मित्रम् ? २१४

क्षोदिष्ठ एष घटकद्वितयेऽनुविष्टो
'दासोऽस्मि नाथ' 'भवतश्चरणानुदास:'
एवं वदन्नुभयतो हतप्रत्ययोऽपि
स्वार्थाय नेतृचरणानुपसेवतेऽर्वा । २१५

पूर्वं प्रयस्यति कथञ्चन राजदौत्ये,
जिह्रेति चावहसनाद् दलनायकानाम्,
पश्चात् प्रबन्धकपदं, किमु कार्यकारि-
निर्देशकत्वमनुयाचति सेवमान: । २१६

कुनै पाँच-छ जना विटहरूको नाइके, लाज नभएको, आफूलाई मीठा शब्दहरूद्वारा पार्टीको पक्का, अनिवार्य कार्यकर्ता घोषित गर्दै, आफ्नो नितान्त व्यक्तिगत स्वार्थको काममा विद्वान्हरूलाई खटाउँछ । के त्यस्तो विट व्यक्ति, पार्टी तथा विद्वान्हरूको मित्र होला ?

त्यो क्षुद्रतम विट व्यक्ति पार्टीका दुवै घटकमा चलाकी साथ घुस्छ, म त हजुरको दास हुँ, म त पाउको दास हुँ भन्दै दुवै घटकबाट फाइदा लुट्न खोज्छ, दुवैतिरको विश्वास नरहे पनि चाकडी लगातार गरिरहन्छ ।

प्रारम्भमा राजदूत हुन पाइन्छ कि भनेर प्रयास गर्छ, नेताहरूले खिसी गरेपछि लजाउँछ । त्यसपछि कहिले महाप्रबन्धक पद माग्छ, कहिले कार्यकारी निर्देशक पद माग्छ, चाकडी गर्न छाड्दैन । प्रतिदिन नेताकहाँ हाजिर भएरै छाड्छ । त्यही काममा प्रसिद्ध छ ।

("देशमा प्रजातन्त्र आएपछि मोटाघाटा, चिल्ला र सुकिला लुगा लगाउनेहरू पार्टीमा हावी हुनेछन् र सही कार्यकर्ताहरूले तिनीहरूका विरुद्ध पुन: एकपटक आन्दोलन गर्नुपर्नेछ ।" स्वर्गीय बीपीको यो वाक्य हाल पूर्णत: चरितार्थ छ । मोटाघाटा शब्दसित 'उग्र स्वार्थी गुण्डा' भन्न बीपी बाबु भुलुनुभएछ ।')

❀ ❀ ❀ ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तच्चैतिहासिकदलं जनतादराप्तं
तिस्रः समा अशिषदत्र निदर्श्यशैल्या,
स्वार्थाय नायकगणे विपथे प्रवृत्ते
शिष्टिः स्थिरा विगमिता जनता च खिन्ना । २१७

जनताको आदर पाएको ऐतिहासिक पार्टीले जनमतकै आधारमा तीन वर्षसम्म उदाहरणीय शैलीले शासन गरेको थियो । परन्तु कतिपय नेताहरू व्यक्तिगत स्वार्थनिमित्त कुवाटोमा लागे, प्रशासनिक स्थिरता खतम भयो । जनता पनि खिन्न भयो ।

यूरोपतोऽपगमितो ननु साम्यवादो
नैपालकं हि जनवादिदलं प्रपन्नः
पादोनवर्षमिह ताललयैरनृत्यद्
भूकुंसनर्त्तमथ शासनतो व्यरंसीत् । २१८

यूरोपबाट नराम्ररी लखेटिएको साम्यवाद हिमाली देश नेपालको जनवादी दलकहाँ शरण लिन पुगेछ, शरण पनि पाएछ । नौ महिनासम्म ताल र लयका साथ मारुनी (स्त्रीवेषधारी पुरूष) को नाच देखायो, अनि शासनबाट विश्राम लियो ।

पादत्रयात्मसरकारमपास्य शीघ्रं
भूयः प्रशासनपदं स इहारुरुक्षुः
प्रस्तावमानयदविश्वसनीयताया
गाजा, शुसू अभिनिनीपितवाँस्ततश्च । २१९

त्यसपछि संगठित तीनखुट्टे सरकारलाई हटाएर पुनः सत्तारूढ हुने इच्छाले अविश्वासको प्रस्ताव ल्यायो । त्यो विफल भयो । अनि गा-जा र शु सु कार्यक्रमको अभिनय गर्न खोज्यो ।

वादान्तरीय उत वा दृढसाम्यवादी
यः कोऽपि शासनपदं न्यधिरोपितोऽस्तु,
दुग्धौदनायितमुपायनमश्नुवानो
लोकं प्रवञ्चयति भाषणकौशलेन । २२०

बलियो साम्यवादी होस् वा अरू कुनै वादी, जुनसुकैलाई सत्तारूढ बनाइदिए पनि घूसपात, कमिशन, दूधभात सरह खान्छ, जनतालाई भाषणको सीपबाट ठगिदिन्छ ।

लोकादृतं परदलं सह चान्यकाभ्यां
नेपालभूमिमशिपद् दश चाष्ट मासान्,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्राविते त्रिपदि तादृशि सर्वकारे
भूयो भुनक्ति धरणीमपि साम्यवाद ? २२१

फेरि प्रजातान्त्रिक दलले मामुली अन्य दुई पार्टीको सहयोग लिएर अठार महिना नेपालको शासन चलायो । त्यस्तो तीनखुट्टे सरकार लखेटिएपछि पुनः साम्यवाद नै नेपालभूमिको शासन चलाउँछ ?

प्रस्तावमाददुरविश्वसनार्थमेके,
तं सत्यमास्थिपत विश्वसनार्थमन्ये,
संपादितावसफलावुभकौ सदस्यै-
श्चित्रीयते किमु जनो विमनायते वा ? २२२

एकथरीले अविश्वास प्रस्ताव पेश गरे, अर्काथरीले आफ्नो विजय निश्चित सत्य ठानी विश्वासको प्रस्ताव पेश गरे । परन्तु सदस्यहरूद्वारा दुवैलाई फेल गराइयो । यसमा जनता चकित छ वा दिक्क छ ? कसले निर्णय गर्ने ?

किं सांसदा अनुपलब्धनिजेप्सितार्था
विप्लावयन्तु दलशासनमात्ममान्यम् ?
निन्द्या इमे किमु नृणां महिता उताहो ?
निर्मत्सरो वदतु को निदधद् हृदीशम् ? २२३

आफ्नो व्यक्तिगत स्वार्थ सिद्ध नहुँदा सांसदहरू आफ्नो पार्टीको सरकार ढलाएर भताभुंग पार्छन् ? त्यस्ता व्यक्ति जनताका निन्द्य कि पूज्य ? कुन निष्पक्ष महानुभावले ईश्वर साक्षी राखेर निर्णय देला ?

एकान्तभिन्नपथगामिविचारवन्तः
सम्भूय शासनममी कथमर्थयन्ते ?
अर्थोऽस्ति राष्ट्रिय उत प्रतियोगिनां स्वो,
दीपं प्रदीप्य मृगयेमहि कोविदं कम् ? २२४

अत्यन्त पृथक् सिद्धान्त भएका (दलहरू) मिलेर सत्ता हात पार्न, शासन चलाउन, कसरी चाहन्छन् ? यसमा शासनारूढ हुनेहरूको व्यक्तिगत स्वार्थ छ कि, राष्ट्रिय स्वार्थ छ ? यो छुट्याउन बत्ती बालेर कुनचाहिं ज्ञाता विद्वान् खोजौं ?

क्रान्तिर्गता जनकृताऽऽ दृतमल्लिकाख्या-
ऽयोगो गतोऽपगमितं किल पिस्करञ्च !
ते कामवाः समवयन्त्यपि वामकाश्च ?
ब्रह्मात्मजासहचरी भवतु त्रिशूली ? २२५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जनक्रान्ति गयो, भरपर्दो मल्लिक आयोग हरायो, पिस्कर काण्ड गुपचाप छिपाइयो। स्वेच्छया जता मन लाग्यो उतै बग्नेहरू वाममार्गीसँग एकीभूत हुन्छन् ? ब्रह्मपुत्रनदी र त्रिशूली नदी सँगसँगै मिलेर बग्लान् ?

'गृह्णातु देहविभवौ मम सर्वकारः
सूपान्ततेमनमसौ वितरेद्' रटन्तः
येऽश्वाजमेपवृपचारममी चरन्ति
हा साम्यवाद-पशुभूत-तनूभृतस्तान् ! २२६

वैवस्वतोऽस्ति समवर्तितया प्रतीत-
स्तद् याम्यवादमनुगच्छति साम्यवादः,
दूतायितै र्दलवशीकृतरक्तसैन्यै-
र्यात्या नरा निरयिवद् भुवि साम्यवादे । २२७

'दालभात तरकारी ज्यूधन सरकारी' भन्ने नारा रटाइएको छ (अर्घाखाँचीतर्फ केही ग्रामीण क्षेत्रमा त्यस्तो नारा रटेरटाएको देखिन्छ ।) साम्यवाद प्रभावित किशोर-किशोरीहरू 'पशुपालकरूपी साम्यवादी सरकार बनोस् र आफूहरू त्यसैका पाल्तू पशुसरह घोडा-भेंडा-बाखा-गोरु सरह हुन पाइयोस्' भनी त्यस किसिमको नारा लगाउँछन् । त्यस्ता पशुवत् जीवनचर्या चाहनेहरूप्रति दया गर्नुबाहेक अर्को कुनै उपाय छैन । ज्यूधन आफ्नो नहुनु पशुत्व भएन र ?
साम्यवादले याम्यवादको नक्कल गरेको छ- सबै नरकभोगीहरूप्रति यमराज समवर्ती छन्, साम्यवादी पनि त्यस्तै हुन्छ । यमलोकको साम्यवादमा यमका दूतगणले नारकी पापीहरूलाई विभिन्न नरकक्षेत्रमा यातना भोगाउँछन् भने पृथिवीको साम्यवादमा दलका वशवर्ती लाल सैनिकहरूले विभिन्न क्षेत्रका जनतालाई नारकीय शैलीको यातना भोगाउँछन् । यसरी याम्यवाद र साम्यवाद दुवैको प्रकृति ठ्याम्मै मिल्छ ।

लोकापवाद-दलनीतिगतेतिहास-
स्वाचार-मान-शपथान् सहसाऽपसार्य
शास्तिं स्वहस्तयितुमेव विमुह्यते चेत्
किं राजनीतिकगणेषु जनोऽनुरज्येत् ? २२८

लोकको अपगाल, आफ्नो पार्टीले प्रारम्भदेखि मान्दै आएको नीतिगत इतिहास, आफ्नो आचार व्यवहार, मूल्य, मान्यता, स्वाभिमान, जनताका सामु राखिएको शपथ, यी सारा कुरा मिल्काएर सत्ता हात पार्न पागल सरह बनिन्छ भने त्यस शैलीको पार्टीका पछाडि जनसमूह लाग्ने वा नलाग्ने ?

तत्सर्वकारपरिवर्तनमब्दमब्दं
नैसर्गिकं प्रकरणं दलराजनीतौ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिक्षा-प्रशासन-कलादिगता निकाया:
किं शासनस्य परिवर्तनतो विकार्या: ? २२९

वहुदलीय पद्धतिमा बर्षेनी सरकार बदलिनु स्वाभाविक प्रक्रिया हो । प्रत्येक शासन परिवर्तनमा शिक्षा, प्रशासन, कला आदि क्षेत्रमा परिवर्तन (कर्मचारी हटाएर भाँडभैलो मच्चाउने काम) गर्नैपर्छ र ?

पञ्चाशता न नियता स्थितिरत्र तर्हि
किं मन्त्रिणो दश जना निहिता भवेयु: ?
यद्वा शतं त्र्यधिकमेव नियोजनीया ?
स्तन्निर्णये नयचणं मृगयामहै कम् ? २३०

पचास जना मन्त्रीहरू राख्दा पनि सरकार स्थिर भएन । के त त्यसो भए दश मन्त्री राख्ने ? होइन १०३ जना नै मन्त्री राख्ने कि ? यस निर्णयनिमित्त कुन नीतिवेत्ता खोजौं खै ?

राष्ट्रान्तरेषु दलपद्धतिमाश्रयत्सु
कीदृङ् नयोऽन्तरदलेषु समाश्रितोऽस्ति ?
प्रारम्भिकी मतिरियं यदि दुर्लभा स्यात्
तस्मिन् जन: किमनुरज्यतु सर्वकारे ? २३१

दलीय व्यवस्था भएका देशहरूमा विभिन्न दलहरूको बीचमा के-कस्तो सम्बन्ध वा नीति रहन्छ ? यति मात्र प्रारम्भिक ज्ञान (नेताहरूमा) छैन भने त्यस्तो सरकारप्रति जनता अनुरक्त होला ?

मूलाधिकार-जनतन्त्रसमीहयाऽत्र
पञ्चाशतोऽधिकसमाश्चरतस्तपस्याम्
वर्गादनेकघटका यदि चोद्भवेयु:,
का नाम सा भवतु राष्ट्रियता वराकी ? २३२

मूल मानव अधिकार र प्रजातन्त्र प्राप्तिका निमित्त पचास वर्षभन्दा बढी समय तपस्या गर्ने पार्टीभित्र विभिन्न घटकहरू जन्मन्छन् (पार्टी टुक्रिन्छ) भने विचरो राष्ट्रियता के नामको, कस्तो होला ?

निर्वाचितो जनतयाऽऽनतयाऽपरेद्यु-
र्निर्वाचकान् स्मरति नैव निसर्ग एष: ।
विस्मृत्य चात्ममतदान् धृतमन्त्रिभागै-
राकृष्यतेऽपि जनता दलनीतिमार्गे ? २३३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नम्र जनताले आफ्नो नेता चुन्छन्, भोलिपल्टदेखि निर्वाचकहरूलाई नेता बिर्सन्छ, यो स्वाभाविक धर्म हो । आफ्ना मतदातालाई बिर्सेर मन्त्रीको भाग स्याहार्नेहरूले जनतालाई दलीय राजनीतिमा आकर्षित गर्लान् ?

ग्रामं जनप्रतिनिधेश्चयनस्य काले
संप्राप्य वल्गुवचनै र्जयिनं प्रभुं स्वम्
पीडां निधाय हृदये मतदा विषण्णा
वाराङ्गनाढ्यमदिरामुदिरं नमन्ति । २३४

चुनावको समयमा गाउँमा जान्छन्, मीठा-मीठा भाषण गर्छन्, विजयी बन्छन् । त्यस्ता आफ्ना नेतालाई कुनै बेला भेट हुँदा मतदाता जनताले अत्यन्त खिन्न भएर पीडाहरूलाई मनमनै राखेर ढोगिदिन्छन् । त्यसबेला ती नेता सुरा सुन्दरीमा मस्त हुन्छन्, यो विडम्बना !

धौलागिरीसहित-डिष्टिलरी-त्रिवेणी-
मुख्यैः सुरोद्यमगृहैरभिवाहचमानाः
आ सर्वभूमि विसृता मदिरा-तटिन्यः
प्रस्यन्दयन्ति किमु बुद्धजनुर्धरास्थान् ? २३५

धौलागिरी डिष्टिलरी तथा बुद्धको जन्म क्षेत्रको त्रिवेणी डिष्टिलरीजस्ता ठूलठूला रक्सी उद्योगहरूले बगाइएका सारा देशमा फैलिएका रक्सीरूपी खोलाले बुद्धको जन्मदेशका बासिन्दालाई बगाइरहेका छन् कि ?

राज्य-प्रशासन-प्रबन्ध-वटी-निबद्धा
दूरध्वनिश्रवणयन्त्रविसार्यवार्ता
प्रोच्चैः प्रसारयति पण्यकमद्यजातं
किं वा करोतु जनता विवशा वराकी ? २३६

सरकारद्वारा नियन्त्रित समाचार माध्यम रेडियोले ठूलो ठूलो स्वरमा 'रक्सी खानुहोस्' भन्दै रक्सी बिक्रीको विज्ञापन दिन्छ भने विचरा जनताले के पो गर्न सक्छ र ?

❀ ❀ ❀ ❀

त्वां साम्यवादिनमिमे प्रवदन्ति चैवम्-
'जातीय-भेदमसहिष्ट न शाक्यसिंहः'
जातीय-संघटनया विधिवन्निबद्धाः
किं साम्प्रतं विविधजातय इन्धते नो ? २३७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी साम्यवादीहरूले हजुरलाई साम्यवादी बताउँछन् - बुद्धले जातीय भेदभाव नमानेकाले उनी त साम्यवादी थिए भन्ने यिनीहरूको भनाइ हो । तर हाल नेपालमा जातीय संघहरू पर्याप्त संघटित भएका छन् । के अहिले जातिवाद अत्यन्तै प्रतिस्पर्धामा बढिरहेको छैन र ?

वेदोक्तजातिषु परस्पर-सौहृदय्यात्
संभाषण-प्रगति-चिन्तन-साहचमासीत् ।
बद्धा हि संघटनयाऽऽधुनिकाः प्रवर्गाः
स्वीयोन्नतीरमिलपन्ति परानुपेक्ष्य । २३८

वैदिक जातिहरूमा आपसी घनिष्ट मित्रताको कारणले गर्दा कुराकानी, प्रगति, विचार, चिन्तन आदि कुरामा परस्पर सहयोगको, आदानप्रदानको भावना थियो । तर हाल संघटित जातीय संगठनहरूले आ-आफ्नो जातीय हितमात्र हेर्ने विधान बनाएका हुन्छन्, जात्यन्तरसँग सरोकार रहँदैन ।

साहित्य-कोष-पदशास्त्र-विवर्जितानां
वाचां जनव्यवहृतावतिसीमितानाम्
दूरश्रुति-प्रसृतिरेव सुरक्षिकेति
संनिर्णयन्ति ननु शासनसत्तयाऽऽढ्याः । २३९

ये चक्षतेऽनुदिनमेव जनौघमञ्चाज्
जातीय-संस्कृति-गिरः परिरक्षणीयाः,
क्रन्दन्ति ते च परतोऽत्रप-मन्त्रिवर्या
जातीयता-विनशनं त्वरितं विमृग्यम् । २४०

व्याकरण, साहित्य र कोष नभएका, बोलचालमा मात्रै पूर्णतः सीमित भाषाहरूको सुरक्षा रेडियोबाट समाचार प्रसारण गरिदिए हुन्छ भनी सरकारमा बसेकाहरू भन्छन् र निर्णय दिन्छन् ।
प्रायः प्रतिदिन ठूलठूला सभामा गएर मन्त्रीहरू भाषण दिन्छन्- "सबै जातिका भाषा, परम्परा र संस्कृतिको सरकारले रक्षा गर्नेछ ।" फेरि उनै मन्त्री अर्को सभामा गई भाषण गर्छन्- 'जातीयता मास्नुपर्छ, जातपात निर्मूल पार्न सरकारले जस्तोसुकै कदम पनि चाल्नेछ ।'

❀ ❀ ❀ ❀

नेपाललब्धजनुपस्तव भारतीया
निर्वाणसाधनमहीति जगत्प्रतीतम् ।
हे लोकपालक ! किमर्थमशान्तिरेव
क्षेत्रेऽस्ति ते प्रियतमे तपसाऽतिमेध्ये । २४१

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाल हजुरको जन्मभूमि हो भने तपः साधना र निर्वाणको भूमि भारत हो भन्ने कुरा संसार प्रसिद्ध छ। हे लोकपालक भगवन् ? हजुरको तपस्याद्वारा अतिपवित्र र प्यारो देशमा किन अशान्ति भइरहेको छ ?

'आँग्ला ! द्रुतं त्यजत भारत' मित्यनीके
हिंसाविरोधि तव धर्ममुपाददानः
त्वत्संश्रयाहित-समस्त-गति र्महात्मा
हा ! गोडसे-गुलिकया निहतः स गान्धी ! १४२

'अंग्रेजहरू हो ! भारत छोड चाँडै' भन्ने आन्दोलनमा हिंसाविरोधी हजुरको धर्म स्वीकार गर्दै हजुरकै आड भरोसाबाट आफ्नो समस्त गतिविधि चलाउने महात्मा गान्धीजी, खेदको कुरा छ, गोडसेको गोलीबाट मारिनुभयो।

सर्वान् स्वनागरजनान् समदर्शितायां
निर्धारितेऽध्वनि निधित्सुरशङ्कमाना
सा हीन्दिरा नयवती निहता नृशंसैः
पञ्चाम्बु-देश-पृथगाप्तिपरैः किमर्थम् ? १४३

भारतका सम्पूर्ण नागरिकहरूलाई जातीय, प्रान्तीय, साम्प्रदायिक जस्ता भेदभावबाट माथि उठाएर, समदर्शी शैलीमा एउटा निश्चित मार्गमा हिंडाल्ने इच्छाले काम गरिरहेकी, आफ्नो सफलतामा कुनै शंका नभएकी, किंवा म मारिन्छु कि भन्ने डर, त्रास नभएकी, नीतिकुशल, भारतीय प्रधानमन्त्री इन्दिरागान्धी, पञ्जाबलाई अलग्याउन चाहने नृशंसहरूद्वारा किन मारिइन् ? आश्चर्य छ।

तस्याः सुतो नयचणः स प्रधानमन्त्री
राजीव-गान्धि-कथितोऽधिमहि प्रसिद्धः
लोकानुरञ्जन-निधेय-समानदृष्टिः
पार्थक्यवादिभिरघानि शरारुवारैः। २४४

इन्दिरा गान्धीका छोरा नीतिकुशल प्रधानमन्त्री राजीव गान्धी, जो संसारमा आफ्नो शासन-कौशल्यको कारणले प्रसिद्ध थिए, जसले नागरिकहरूलाई सुखी सम्पन्न तुल्याउन चाहेका थिए, सम्पूर्ण जनतामा समान दृष्टि राख्थे, हिंसक वर्गद्वारा मारिए, पृथक्तावादीहरूबाटै उनले ज्यान गुमाउनुपऱ्यो !

काश्मीरके च सुरलोक-जयि-प्रदेशे
किं प्रत्यहं निरपराधजना निषूद्याः ?
वैदेशकाः सुहृदया भ्रमणार्थिनोऽत्र
नैपालका भृतिभुजश्च हता निहिंस्रैः। २४५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काश्मीर, जो सौन्दर्यद्वारा स्वर्गलोकलाई जित्छ, हत्याराहरूको प्रान्त भयो । त्यहाँ प्रत्येक दिन निरपराध नागरिक मारिन्छन्, सोझा सज्जन विदेशी पर्यटकहरू मारिए ! जागिर खान बसेका नेपालीहरू पनि मारिए !

नक्सालवादि-विदितो विचरँश्च बंगान्
हे देव ! चारुमजुमाप्तगणो गतः क्व ?
बंगोऽनुयाति दशकद्वितयं समानां
ज्योतिर्वसु-प्रबल-वाहित-साम्यवादम् । २४६

हे भगवन्, बंगालमा एउटा समूह यताउता डुल्ने गर्थ्यो, त्यो चारूमजुमदारको नेतृत्वमा चल्ने, उनैको विश्वस्त वर्ग थियो । हाल त्यो कता गयो कुन्नि ? तर बीस वर्षसम्म त्यहाँ साम्यवाद चलेको छ- ज्योतिवसुद्वारा बलियो गरी बोकाइएको साम्यवाद ।

प्रासादमस्य परितश्च परस्सहस्रा
नग्ना बुभुक्षव उतार्त्तिनिपीडिताश्च
क्रन्दन्ति नागरजनाः करुणानिधान !
किं साम्यवादपरिभाषितमित्यवैषि ? २४७

प्रमुख साम्यवादी प्रशासक मुख्यमन्त्री ज्योतिवसुको दरबारवरिपरि नजिकै, कलकत्ताका सडक-गल्लीहरूमा हजारौं-हजारौं नाँगा, भोका, रोगी; दीनदुःखीहरू रोइरहेका छन् ! हे करुणानिधान्, बुद्ध भगवन् ! साम्यवादको परिभाषा के हो कुन्नि ? मलाई त पत्तै भएन ! हजुरलाई थाहा थियो कि ?

❀ ❀ ❀ ❀

आक्रान्तवान् मगधराट् सबलः कलिङ्गं
तत्रत्यबाहुजजनानवधीदशोकः,
वीरेषु राजपुरुषेषु हतेष्वशेषं
वीराङ्गना अधिरणं समुपस्थिता द्राक् । २४८

मगधराज अशोकले कलिङ्ग (उडिसा) मा आक्रमण गरे । त्यहाँका क्षत्रियहरू राजा, राजकुमारलगायत सम्पूर्ण वीरहरू मारिए । त्यसपछि तुरुन्तै शोकाकुल रानीसहित उनका परिचारिकाहरू र सबै राष्ट्रभक्त महिला हातहतियारसहित युद्धभूमिमा उत्रे ।

सम्राडशोक उरसि प्रहरन् सशोक
उच्चै रुरोद महिलाः परिदृश्य युद्धे,
'हत्वाऽबला न हि भवामि रणाङ्गणेऽहं
पापस्य पोटलिकयाऽवनतो विनिन्द्यः ।' २४९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यसपछि नारीहरूलाई रणभूमिमा उपस्थित देखेर सम्राट् अशोक छाती पिट्दै शोकाकुल भएर उँचो स्वरले डाँको छोडेर रोए र भने 'रणभूमिमा नारीहरूलाई मारेर पापको कुम्लाले नुगेको निन्दनीय बन्न चाहन्नँ।

पापप्रशोधनपरोऽनुतपन् स भूपो
बुद्धं ततो मृगितवान् शरणं ससंघम्।
त्यक्तायुधं मगधराजमशोकमार्यं
लक्षं जना अनुगता भवदीय-भक्ताः। २५०

त्यसपछि राजा अशोकले संघसहित भगवान् बुद्धको शरण खोजे। उनलाई राजा राजकुमार र धेरै वीरहरू मारेमा पछुतो थियो, ठूलो पाप गरें भन्ने ग्लानि थियो। उनले हतियार फ्याँके, 'बुद्धं शरणं गच्छामि, संघं शरणं गच्छामि" भन्ने अशोकका पछाडि हे भगवन्! लाखौं भक्तहरू लागे।

अध्येशियं तव मतानि सदर्शनानि
प्रासीसरद् नियतमानस एककः सः
हे शाक्यसिंह! तव तादृश एकभक्तो
लोके न को ऽप्यभवदेव न चापि भावी। २५१

निश्चित र सुदृढ विचार भएका, सचेतन अशोकले एक्लै समस्त एसियामा हजुरको मत, विचार, धर्म र दर्शनको प्रचारप्रसार गरे। हे शाक्यसिंह! अशोकजस्ता अनुपम बुद्धभक्त पुरुष न उनीभन्दा अघि कोही भए, न त पछि कुनै हुनेछ।

सस्तूपचैत्यसदनानि बहूनि तेन
निर्मापितानि परितोऽखिलभारतेऽस्मिन्,
लोकस्त्वदीय-महिम-प्रकृति-प्रभावान्
जानाति यावदिह तस्य कृपाफलं तत्। २५२

भारत वर्षका अनेकौं ठाउँमा, सम्पूर्ण भारत वर्षमा, अशोकद्वारा स्तूप, चैत्य र विहारहरू बनाइए। मानिसहरूले बुद्धका महत्त्व, प्रकृति र प्रभाव जे जति जाने, बुझे त्यो सम्पूर्ण श्रेय अशोकबाट प्राप्त भयो। बौद्ध धर्म, दर्शन, संस्कृतिको ज्ञानको सन्दर्भमा मानवसमुदाय अशोकको ऋणी छ।

शार्मण्यको हिटलरो नृपिशाच एको
यः पष्टिलक्षगणितान् न्यवधीद् यहूदीन्,
कम्बोडियास्थितखमेरप-पोलपोटो
ऽदोपान्न्यहन्नहह! विंशतिलक्षसंख्यान्! २५३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जर्मनीको हिटलर, एकमात्र त्यस्तो नररूपी पिशाच थियो, जसले साठी लाख यहूदीहरूलाई मारेर एउटै चिहान बनायो । त्यस्तै कम्बोडियाका खमेररूजहरूको नेता, पोलपोटले बीस लाख निर्दोष मानिसहरूलाई मारेर एक चिहान बनायो ।

राजन्यवंश्यमगधेशमशोकभूप-
माक्रन्दयन् ननु भवान् नरयातुधानौ
नारोदयद् नृतनु- हिट्लर-पोलपोटौ
नार्शस्य-भार-वहनाद् हतमर्त्यभावौ । २५४

अशोक राजघरानका, परम्परागत राजकुलका राजा थिए, उनमा मानवता थियो, उनलाई हजुरले रुवाउनुभयो । हिंसाको उपक्रममा उनी रोए । हिटलर र पोलपोटलाई हजुरले रुवाउनु भएन, किनभने उनीहरू नररूपी राक्षस थिए । हत्याकै भारले थिचिएका ती दुवैमा मानवता, मानवीय हृदय थिएन । तिनीहरूको त शरीरमात्र मान्छेको जस्तो थियो ।

ओलम्पिकाभिध-मनोहर-विश्वकूर्दे
क्रीडापरेषु सुजनेषु बम-प्रहर्तॄन्
क्रूरान् निरीक्ष्य दृषदोऽपि रुदन्ति नूनम् ।
संसार एष शरदः कति संसरेद् ही ! २५५

मनोविनोदकारी, आनन्ददायक, ओलम्पिक विश्वखेल ! सहृदयी, सज्जन खेलाडीहरू छन्- लडाइँ, झगडा कतै छैन । त्यहाँ बमप्रहार हुन्छ । यो अमानवीय पैशाचिक कृत्य म्यूनेखको ओलम्पिक खेलमा भयो । एटलाण्टामा भएको ओलम्पिक विश्वखेलमा पनि ! मानवीय मूल्य समाप्त भयो । यस्ता नरपिशाचको कृत्यबाट ढुङ्गा पनि रुन्छन्, अवश्य ! अब यो संसार- मानव समुदाय आगामी कति वर्षसम्म संसरणशील, गतिमान् भएर रहला । साह्रै आश्चर्य छ !

निष्कारणं निरपराधजनान् जिघांसु-
र्हिंस्रो नरत्वमवता भवताऽनुताप्यः,
आक्रामकोऽन्यविषयेष्वथवा स्वदेशे-
ऽप्रत्यक्षतः करुणया भवतोऽपवार्यः । २५६

विनाकारण निर्दोष मानिसहरूलाई मार्ने इच्छा लिई हतियार छोड्ने व्यक्ति मानवताका संरक्षक हजुरबाट प्रेरणा पाई पछुताओस् र फर्कोस् । मार्ने कामतर्फ नलागोस् । अरू देशहरूमा हमला गर्ने वा स्वदेशका मान्छे मार्ने आक्रामक, हत्यारा पनि अप्रत्यक्ष (परोक्ष) रूपमा हजुरको करुणाबाट फर्काइयोस् । कता-कता उसको अन्तर्हृदयमा नै हिंसाविरोधी भावना जागृत होस्- आत्मवत्सर्वभूतेषु ।

❀ ❀ ❀ ❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बुद्धो यमाश्रित्य तपश्चचार तद्बोधि-वृक्षो जगतां शिवाय
एवं विचारैः श्रमणै र्हि बौद्धैस्तद्वृक्षमूलं परिसेवमानैः । २५७

नीतास्ततः सौम्यतमाः प्ररोहा लंकास्थितायामनुराधपुर्याम्
जापान-चीनादिषु भारते च लुम्बिन्यटव्यामथ कान्तिपुर्याम् । २५८

जुन बोधिवृक्ष पिपलमनि भगवान् गौतम बुद्धले तप गर्नुभयो, त्यो वृक्ष संसारको निमित्त कल्याणकारी छ भन्ने विचार भएका बौद्ध भिक्षुहरूले त्यस वृक्षको जराबाट सुन्दरतम बिरुवाहरू जतातते लगे- श्रीलंकाको अनुराधापुरमा, जापानमा, भारतमा, चीनमा, लुम्बिनी बनमा, कान्तिपुर काठमाडौंमा लगिए, रोपिए, हुर्काइए ।

स्थले स्थले चैत्यमठादिभूमौ बौद्धे विहारे नगरे गिरौ च
वनाभिवृद्ध्यर्थ-महोत्सवेषु प्ररोपिता बोधितरोः प्ररोहाः । २५९

ठाउँ-ठाउँमा चैत्यमा, मठमा, बौद्ध विहारमा, नगरमा, पर्वतमा- वनवृद्धिका लागि आयोजित महोत्सवहरूमा बोधिवृक्षका बिरुवाहरू रोपिए, रोपिदैछन् ।

महातरुत्वं प्रतिपद्य तेऽमी प्रदाय चास्मभ्यमसूपचारम्
आक्सीजनं जीवनतत्त्वमीश ! पर्यावृतेः सन्तुलने समर्थाः । २६०

यी बिरुवाहरू ठूलो रुख बनेपछि हामी पृथिवीस्थ प्राणीलाई प्राणसंचार गराइदिन्छन्, 'आक्सीजन' भनिने जीवनतत्त्व दिन्छन् । हे भगवन् ! यिनीहरूको मुख्य भूमिका हुन्छ पर्यावरणको सन्तुलनमा ।

अवेदि पर्यावरणं त्वया यत् तदर्धगं जीवनतत्त्वमद्य,
ग्रीष्माम्बु-वाताऽटविका-धरित्र्य-स्तथाऽनुकूला न यथा त्वयाऽऽप्ताः । २६१

भगवन्, हजुरले जुन पर्यावरणको अनुभव गर्नुभयो, त्यसको आधा अंश जीवनतत्त्व हामीलाई प्राप्त छ । हालका घाम, पानी, हावा, जंगल, पृथिवी, त्यति अनुकूल छैनन्, जति हजुरको समयमा थिए ।

वनं प्रदुष्टं भवनं प्रदुष्टमुत्पादकत्वं विगतं धरायाः
दुष्टाऽनलश्चातप आप्रवृद्धः कालोऽधुना नो भवताऽनुभूतः । २६२

अहिले वन दूषित छ, भू दूषित छ । भू को उत्पादकत्व शक्ति विनष्ट छ वा घटेको छ । हावा दूषित छ । चारैतिर गर्मी गर्मी छ, भगवन् ! हजुरले अनुभव गरेको समय अहिले कहाँ छ र !

संपन्न- देशेषु विकास- शैल्यामुद्योगधूमै र्गगनं विकार्यम् ।
विपन्न-देशेषु च भूमिहीनै-र्ग्रामीकृतो रम्य-वनप्रदेशः । २६३

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धनी संपन्न देशहरूमा विकासनिमित्त संचालित उद्योगका धूवाँले आकाश दूषित पाऱ्यो भने गरिब देशहरूमा भूमिहीन सुकुमवासीहरूले वन अतिक्रमण गरे, वनलाई गाउँ बनाए । फलतः पर्यावरण विनष्ट भयो ।

खनि-प्रजन्यै र्ज्वलदिध्मरूपैरङ्गार-तैलाकृतिमत्पदार्थैः
उद्योगयानाद्यभिचालनेन सान्द्र-प्रधूमो गगने विसृष्टः । २६४

कोइला र पेट्रोलियम पदार्थको इन्धनबाट उद्योगहरू कलकारखानाहरू सचालित छन् । यानहरू हवाइजहाज, रेल, बस आदि चलाइन्छन् । यसैबाट बाक्लो बीभत्स कठोर धूवाँ आकाशमा निरन्तर पठाइन्छ ।

ग्यासाभिधा वाष्पसरित् प्रसृष्टा संदूषितो वायुपथो नितान्तम्
संवर्धिता तापतति हर्चजस्रम हिमाकराणां द्रवणं प्रवृत्तम् । २६५

ग्यास भनिने वाष्पनदी बनाइयो वायुमार्ग अत्यन्तै दूषित भयो । निरन्तर तापक्रम बढिरहेको छ । हिमालयका हिउँका डल्ला पग्लने काम बढेर गयो ।

द्वे विंशती व्योमग-वाष्पिकाणां निरन्तरं सक्रियतां गते स्तः
वायोः प्रमार्गान् परिवर्त्य चैते जगन्निसर्गेण विकारयेताम् ! २६६

हाल आकाशमा ४० थरी ग्यासहरू सक्रिय छन् भनिन्छ । यी ग्यासहरूले वायुमार्गहरू दूषित गर्दै बीभत्स रूपमा परिवर्तित गरिरहेका छन् । फलतः नैसर्गिक रूपमा जगत्लाई नै विकृत, विनाशोन्मुख तुल्याउलान् ।

अन्टार्टिका-ग्रीन-हिमोपलाश्चेद् द्रवन्ति हा ! सप्ततिमीटरं द्राक्
वर्धिष्यते सागर आशु, ह्रस्वा द्वीपा ब्रुडिष्यन्ति समुद्रगर्भे । २६७

अण्टार्टिका ग्रीनलैण्डका हिमोपल पग्लन्छन् भने छिट्टै ७० मिटर समुद्र बढ्नेछ । त्यसबेला स-साना द्वीपहरू समुद्र गर्भमा डुब्नेछन् ।

गव्यं हविर्वैदिकयागसाध्यं स्निग्धं प्रधूमं व्यसृजत् पुरा खे,
अंगार-मृत्तैलज-रूक्ष-धूमो विसृज्यते चाद्य किमुत्तरं ते ? २६८

अघि गाईको दूध र गाईकै घिउको हवि, स्निग्ध पदार्थ अग्निमा होमिन्थ्यो । वैदिक आचार्यहरू त्यसबाट उत्पन्न धूवाँ अत्यन्त स्निग्ध तरल हुन्छ, सूर्यमा पुग्छ, वृष्टि हुन्छ भन्थे । भगवन् बुद्ध ! आज कोइला र पेट्रोलियम पदार्थको कडा धूवाँ आकाशमा पुग्छ । यसबारे हजुरको के छ उत्तर ?

समुद्र-वृद्धिक्रम-सुस्थिरत्वे त्वज्जन्मभू-लुम्बिनिकावनी सा
समुद्रगर्भे नु निमङ्क्ष्यतीति प्रकल्प्यते भाविसहस्रके हा ! २६९

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समुद्र बढ्ने क्रम रहिरहेमा, हुंदा हुंदा, हे बुद्ध ! हजुरको जन्मभूमि लुम्बिनी बगैंचा पनि समुद्रगर्भमा, आगामी सहस्राब्दीमा, डुब्ला भन्ने अनुमान छ, साह्रै खेदको कुरा छ । (वैज्ञानिकहरूले 'मोरङ' का निमित्त डुब्ने अनुमान गरेका छन् ।)

उत्तिष्ठमानोऽस्ति हिमालयाद्रिः प्रत्यब्दमिञ्चत्रयमेप आर्य ।
सन्तूलने ऽस्थैर्यमिहास्ति भूमेरित्येव भूगर्भविदो वदन्ति । २७०

हे आर्य ! नेपालको यो हिमालय प्रतिवर्ष तीन इञ्चका हिसाबले बढिरहेको छ भनी भूगर्भ-वेत्ताहरू भन्दछन् । यसको कारण उनीहरू 'भू-सन्तुलनमा अस्थिरता' मान्दछन् ।

सार्धे सहस्रद्वितये समानां याते त्वदीयः समयो ऽधुना क्व ?
वनस्पतीनामथ जन्मिनां ये त्वया प्रदृष्टा बहवो विलुप्ताः ! २७१

हजूर जन्मेका २५ सय वर्ष विते । त्यस बेला हजूरले देखेका वनस्पतिहरू र प्राणीहरूमध्ये हाल कैयन् विलुप्त भए । त्यस बेलाका अनेक प्राणी जाति र वनस्पति जाति अहिले छैनन् !

उष्णप्रदेशीयवनप्रणाशात् समेधितो जीव-समूह-लोपः ।
तत्पञ्चमांशोऽस्ति विलुप्यमानो गवेषकाणां मतमेवमर्हन् ! २७२

हे अर्हन् ! उष्णप्रदेशीय बनहरूको विनाश हुँदै जाँदा जीव-समूहको लोप हुने क्रम बढिरहेको छ । गवेषकहरूको भनाइअनुसार पृथ्वीका समस्त प्राणीहरूमध्ये पञ्चमांश (पाँच भागमा एक भाग जाति, ५ थरी जातिमध्ये एकथरी जाति) विलुप्त हुँदैछन् ।

क्लोरोल्फुलोकार्बननामभिस्तै-रौद्योगिकै र्यौगिकतत्वभूतैः
ओजोनपत्रे विकृते हि जन्तूनुस्राः परावैजनयो दहन्ति । २७३

उस्रीय-दाहाद् नयनस्य रोग स्त्वचो ऽर्बुदो रोग उदेष्यतो द्राक् ।
पर्यावृतिः पेयपयोऽनुबद्धा विनाशिनीं सञ्जनयेत् समस्याम् । २७४

क्लोरोल्फुरो कार्बन भनिने यौगिक तत्व (पदार्थ) हरू, जो उद्योगजन्य हुन्, सौर ओजोन पत्रलाई बिगार्छन् । अनि नछानिईकन आउने परावैजनी किरणहरूले पृथ्वीका जन्तुलाई पोल्छन् । त्यस दाह (पोलाइ) बाट आँखाको रोग र छालाको अर्बुद रोग पैदा हुन्छ रे । पेयजलसँग संबद्ध पर्यावरणले विनाशकारी समस्या पैदा गर्छ रे !

ओजोनपत्रे तनुतां प्रपन्ने विषाक्त-तापक्रम-वर्धनेन
सौरा मयूखाः परुषाश्च रूक्षा भूमौ समापत्य दहन्ति जन्तून् । २७५

सौर ओजोनपत्र पातलिँदै जाँदा विषाक्त तापक्रम बढ्छ, साह्रै कठोर रूखा-सूखा सूर्य किरणले पृथ्वीमा घुसेर प्राणीहरूलाई जलाउँछन । (यसकुराको संकेत विगत १० वर्षयता हामी अनुभव गरिरहेका छौं ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेट्रोजन-सल्फरडाय-कार्बन्- धूमाश्च वायु पारदूपर्यन्ति ।
श्वसन्ति तादृक्श्वसने विशेपान तृतीय-देशस्थ जना जनेश । २७६

हे जनेश ! नेट्रोजन, सल्फरडाय अक्साइड, कार्बनडाय अक्साइड र धूवाँले वायुलाई दूषित पार्छन् । त्यस्तो दूषित हावामा खास गरेर तेस्रो विश्वका मानिसहरू सास फेर्छन् ।

अम्लीय-वृष्ट्या च विपज्जनन्या प्रदूषिताः कूप-तडाग-नद्यः
कृपिस्तथा वृक्षलताश्च दुष्टा जीवन्ति लोकाः कथमद्य नाथ ? २७७

भयावह, खतरनाक अम्ल वर्षाले कूप, तलाउ र नदीजल दूषित पार्दै छ । खेतीपाती र रुख लहरा दूषित हुँदैछन्, हे भगवन् ! अब मानिसहरू कसरी बाँच्छन् ?

धौलागिरी-डिस्टिलरीति नाम्ना मद्योद्यमेन प्रविशोधनार्थम्
प्रक्षेप्य-सान्द्र-द्रव-मिश्रणेन संदूषिता मेध्यतमाऽऽधिखोला । २७८

यहींका मानिसहरू पनि उद्योगधन्दाद्वारा नदी-जल दूषित पार्दैछन् । धौलागिरी डिस्टिलरी भन्ने रक्सीको उद्योगले रक्सी प्रशोधन गर्दा बाक्लो मलरूपी लेदो संकलित गरेर स्याङ्जाको आँधीखोलामा बगाइदियो, जल दूषित भयो । यो आँधीखोला कालीगण्डकीको सहायक हो ।

एकादशीपर्वणि वैष्णवास्तां प्राप्ताः समद्येऽम्बुनि मज्जमानाः
विषाक्त-रासायनिक-द्रवोत्थ-माघ्राय दुर्गन्धमहो ! रुदन्ति । २७९

एकादशी उपवास गर्ने वैष्णव धार्मिक जनहरू रक्सीको लेदो मिसिएको आँधीखोलामा नुहाउँछन् । विषाक्त रासायनिक लेदोबाट निक्लने दुर्गन्ध सुँघेर आश्चर्य परी रुन्छन् ।

पौराणिकाः पूततमा नदीति वदन्ति यां कान्तिपुरोदरस्थाम्,
सा वाग्मती संप्रति नागराणां संमर्दतो किंमलनालिकाऽभूत् । २८०

कान्तिपुरको काखमा रहेको जुन नदीलाई पौराणिकहरू पवित्र नदी मान्दछन्, ती वाग्मती अहिले नागरिकहरूको भीडले कुत्सित मलको नाला (ढल सरह) बनिन् ।

तस्यास्तथा तत्सहगामिनीनां स्कान्दे पुराणे महिमा प्रगीतः,
अस्पृश्यकल्पासु सरित्सु तासु पुराणगीतिः क्व नु संगता स्यात् ? २८१

वाग्मती तथा उनका सहायिका विष्णुमती, रुद्रमती जस्ता नदीहरूको स्कन्द पुराण हिमवत्खण्डमा महत्व गाइएको छ । ती नदीहरू छुनै नहुने खालका भएपछि पुराणका गीतिहरू-महत्त्व-कीर्तनहरू-को संगति कहाँ कसरी मिलाउने ?

युगोऽयमस्त्याणविकः समृद्धो, व्यत्येति चित्रा प्रकृति र्नटीव,
ग्रीष्मर्तुरत्येति पयः प्रवर्षादत्येति वर्षर्तु रवग्रहेण । २८२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यो आणविक युग, समृद्ध संपन्न युग । अनौठो प्रकृति नटी झैं मेकअप गरेर रंगमञ्चमा आउँछ, उल्टोपाल्टो नाच ! ग्रीष्म ऋतुमा ठूलो वर्षा ! वर्षा ऋतुमा ठूलो खडेरी !

क्वचिज्जलं दुर्लभमस्ति पेयं दन्दह्यतेऽवग्रह उग्रताप: ।
आसारतो विप्लवनं क्वचिच्च नद्यम्बुवृद्धेः स्खलनाद् भुवश्च । २८३

कतै पिउनलाई पानी छैन, डरलाग्दो ताप भएको खडेरीले भतभती पोलिरहेको छ, छटपटी छ । कतै मुसलधार वर्षाले बिचल्ली पारेको छ, बाढीको प्रकोप छ, पहिरा खसेका छन् जताततै ।

शैलाग्रसानौ मशका दशन्ति सर्वर्तुसाम्यात् कृमयः कृणन्ति,
अधित्यकोपत्यकयो र्न भिन्नो घर्मोऽस्ति, वस्त्राण्यनपेक्षितानि । २८४

पहाडी थुम्काहरूमा, लेकाली भागमा मच्छडले टोक्छन्, झूल चाहिन्छ । अरू कीरा-भुसुनाहरूले टोक्नु त छवटै ऋतुमा बराबर छ । पर्वतको माथिल्लो भागमा र घाटीमा एउटै गर्मी छ । कपडा चाहिंदैन ।

वैज्ञानिकाः सुष्ठु हरिद्गृहस्य प्रभावमाचिन्त्य विवेचयन्ति
उद्योग-संयन्त्र-जन-प्रवृद्ध्या संकेत्यते विश्वलय: शताब्द्याम् । २८५

वैज्ञानिकहरू हरिद्गृहबारे राम्ररी अभिज्ञ छन्, उनीहरू अति चिन्तित छन् । उनीहरूको विवेचना छ - उद्योग, मेशिनरी र जनसंख्या बढ्नाले आगामी शतकमा विश्वप्रलयका संकेतहरू देखिंदै छन् ।

❀ ❀ ❀ ❀

यदा भवान् लुम्बिनीकावनीं तां स्वजन्मनाऽलङ्कृतवान् तदाऽत्र
लोका यथेच्छं जगृहुर्गिरौ द्वे पालीं तथा निर्जरभारतीञ्च । २८६

जुनबेला हजुरले लुम्बिनीको वनमा जन्म लिनुभयो, त्यसबेला यस क्षेत्रका जनताको वाग्व्यवहारमा २ वटा भाषा थिए - पाली र संस्कृत ।

जानन्ति पालीं सुरभारतीजां सौकर्यतः संस्कृतवागभिज्ञाः
सुगुम्फिता संस्कृतभाषयाऽतो बुधैर्भवद्दर्शन-धर्ममालाः । २८७

संस्कृत भाषाका विद्वान्हरू सजिलै जान्दछन् कि पाली संस्कृतबाट जन्मेको हो । अतः ती विद्वान्हरूले हजुरको धर्म र दर्शन संस्कृत भाषामै लेखे ।

अध्येतुमिष्टः सुरवाग्निबद्धो ग्रन्थो न लोकाहितभाषयाढ्यः
तस्मात् समे ग्रन्थकृतां धुरीणा ग्रन्थान् न्यबध्नन् सुरभाषयैव । २८८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

त्यस बेला, बुद्धको निर्वाणकालपछि, संस्कृतमा लेखिएको ग्रन्थ नै मानिसहरू पढ्न रुचाउँथे, जनभाषामा लेखिएको उपेक्षित हुन्थ्यो । तसर्थ लेखकहरूले संस्कृत भाषामै ग्रन्थहरू लेखे ।

शौद्धोदने दर्शनधर्मसूत्र-प्रचारकाले किल भारतेऽस्मिन्
महीपती संस्कृतवाक्प्रवीणौ बभूवतु र्विक्रम-भोजदेवौ । २८९

जुन बेला भारत वर्षमा बौद्धधर्म र दर्शनको प्रचार-प्रसार भइरहेको थियो, त्यस बेला संस्कृतका विद्वान् र संस्कृतप्रेमी दुइवटा राजा भारतमा भए-विक्रमदित्य र भोजदेव ।

तदेनयो र्द्वे शतके समृद्धे विचक्षणैः संस्कृत-सूरिवर्यैः।
परीक्षिताः संस्कृतभाषयाऽप्ता माहात्म्यमासीन्नहि लोकवाचाम् । २९०

ती दुई राजाको कालका दुई शताब्दी, संस्कृतका वरिष्ठ कविहरूद्वारा समृद्ध भए । त्यसबेला विद्वान्‌हरूको परीक्षा संस्कृत भाषामा हुन्थ्यो, लोकभाषाको महत्त्व (ग्रन्थ लेखन र विद्वत्परीक्षामा) छँदै थिएन ।

सतीष्वनेकासु च लोकगीःषु शास्त्रीयमाहात्म्यमधिप्रपन्ने
समादृते संस्कृत एव सर्वैरपेक्षितं लौकिक-शब्दशास्त्रम् । २९१

अनेक लोकभाषाहरू छँदा छँदै पनि संस्कृत नै शास्त्रीयताको अधिकृत भयो । संस्कृतमा सारा धर्म-दर्शन निहित भए पछि, बौद्धभिक्षुहरूले लौकिक शब्दहरूको साधुत्व-संपादक संस्कृत व्याकरण आवश्यक ठाने ।

"बौद्धं मतं सर्वजनीनमस्तु" धियाऽनया व्याकरणं लिखन्तौ
चन्द्रामरौ शब्दविदां वरिष्ठौ बौद्धादिशब्दज्ञतयाऽप्रथेताम् । २९२

बौद्ध सम्बन्धी ग्रन्थ संस्कृतमै लेखिएका हुनाले "बौद्ध मत सर्वजन हिताय हुनुपर्छ" भन्ने विचारद्वारा प्रेरित 'चन्द्रगोमी' र 'अमर' नामका वरिष्ठ शब्दवेत्ता वैयाकरण व्याकरण लेखेर 'बौद्ध आदिशाब्दिक' भन्ने नामले प्रसिद्ध भए ।

"चान्द्रं च तद् व्याकरणं विसार्यम्" विचारयन् कश्यपनामभिक्षुः
बौद्धो दयालुः सरलां हि वृत्तिं विलिख्य भिक्षुभ्य उपाहरत् सः । २९३

"त्यो चान्द्र व्याकरण प्रचार प्रसारमा आओस्" भन्ने विचार भएका दयालु 'कश्यप' नामक बौद्ध भिक्षुले चान्द्र व्याकरणमाथि सजिलो वृत्ति लेखेर बौद्ध भिक्षुहरूलाई उपहारको रूपमा दिए ।

एकोऽपरश्चामरसिंह आसीद् बौद्धः सुधीः कोपकृतां वरिष्ठः
जगत्पितृत्वेन भुवि प्रतीतो ग्रन्थोऽमरोऽस्याऽमरकोशनामा । २९४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अर्का एकजना अमरसिंह नामका कोशकार बौद्ध विद्वान् थिए । यिनको 'अमरकोश' नाम भएको कोश ग्रन्थ जगत्पिता भन्ने नामले अमर भएर संसारमा प्रसिद्ध छ ।

ऐरावती रापतिका नदी या कोपोऽयमालेखि तटे हि तस्याः,
ऐरावतो बोधितनागरङ्गः शास्त्रान्तरे क्वापि न दृष्टपूर्वः । २९५

रापतीको पुरानो नाम ऐरावती हो । ऐरावंत्यां भवः- ऐरावत : । सुन्तलाको नाम 'ऐरावत' अमरकोशमा मात्र छ, महापुराणहरूमा नागरङ्ग र नारङ्ग मात्र नाम पाइन्छन् । तसर्थ अमरकोश रापतीको तटमा लेखिएको हो । (ऐरावत शब्द सुन्तला बुझाउने अर्थमा यसअघि कुनै शास्त्रमा पाइन्न)

बह्वीः शताब्दीः पठतां जनानां परोऽर्बुदानि प्रतिमुद्रितानि
निवेदयन्तेऽमरकोषमग्र्यं प्रामाणिकं स्निग्धतमञ्च लोके । २९६

अमरकोश लेखिएदेखि हालसम्म यसका अरबौं प्रति छापिए, अनेक शताब्दीसम्म यो पढियो । यसैबाट थाहा हुन्छ, यो कति प्रामाणिक र लोकप्रिय छ ।

श्रीशङ्करो बौद्धमतं प्रदूष्य वेदान्तसिद्धान्तमतिष्ठिपत् सः,
तस्मान्न बौद्धाध्वनि धावनीयं गैर्वाणवाण्याऽपरिचीयमानैः । २९७

शाङ्कर वेदान्तका प्रवर्तक भगवान् शङ्कराचार्यले बौद्ध मत उठाए, विवेचना गरे । त्यसको खण्डन गरेर वेदान्त सिद्धान्त प्रतिष्ठित तुल्याए । कसरी खण्डन गरियो ? भन्ने जान्नु बौद्धहरूलाई अनिवार्य छ । तसर्थ संस्कृत नजानीकन बौद्ध मार्गतर्फ दौड्नु व्यर्थ छ ।

साहित्यकोशैः सह शब्दशास्त्रमधीत्य साधुत्वविभागविज्ञैः
अधीयतां दर्शनशास्त्रतत्वं विविच्यतां खण्डन-मण्डनादि । २९८

व्याकरण, साहित्य र कोश पढी शब्दसाधुत्व र प्रयोगशैलीमा निपुण व्यक्तिहरू दर्शनशास्त्र पढ्नेतर्फ लागून्, खण्डन-मण्डनको विवेचना गरून् ।

'बौद्धोऽस्म्यहं भिक्षुरतीव शान्तः पठामि तद्दर्शनधर्ममग्र्यम् ।'
एवं वदन् संस्कृतवाग्विरोधी बम्भ्रम्यमाणोऽपि गणोऽस्ति कश्चित् । २९९

"म शान्त बौद्ध भिक्षु हुँ, संमान्य बौद्ध दर्शन र धर्म पढ्छु" भन्ने तर संस्कृत भाषाको विरोध गर्ने भ्रान्त घुमक्कड गण पनि यहाँ छ कुनै !

विरोधिनस्तान् दयया विलोक्य बौद्धान् निबद्धान् सुरवाचि लेखान्
विज्ञाप्य संचेत्य गिराऽर्थवत्या प्रातीपिकाश्चाप्यनुकूलनीयाः । ३००

त्यस्ता संस्कृतविरोधीहरूमाथि दया दृष्टि राख्नुपर्छ । संस्कृतमा लेखिएका बौद्ध ग्रन्थहरूको ज्ञान दिनुपर्छ । युक्तिबुद्धिद्वारा तिनीहरूलाई होशियार बनाउनुपर्छ । यसरी प्रतिकूलहरूलाई अनुकूल तुल्याउनुपर्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाल्या तथा संस्कृतभाषयाऽत्र विभिन्नकालेषु च बौद्धसद्भिः
कृतानि शास्त्राण्यभिसंकलय्य भव्यं बृहत् पुस्तकवेश्म धार्यम् । ३०१

गत शताब्दीहरूमा समय-समयमा पाली र संस्कृतमा बौद्ध विद्वान्हरूले लेखेका शास्त्रीय ग्रन्थहरू संकलित गरेर लुम्बिनीमा एउटा विशाल पुस्तकालय खडा गर्नुपर्छ ।

भाषाद्वयं बौद्धमतावलम्ब्यं स्थिरीभवेद् लुम्बिनिकाधरायाम् ।
वेदान्तयोगादिकदर्शनैश्च विविच्यतां सौगतदर्शनन्तत् । ३०२

लुम्बिनीमा पाली र संस्कृत दुई भाषा, दुवैमा रचित ग्रन्थहरूको प्रतिष्ठा हुनुपर्छ । त्यसको साथै वेदान्त, योग आदि दर्शनको प्रतिष्ठा पनि रहनुपर्छ । यसरी आस्तिक दर्शनको साथसाथ बौद्ध दर्शनको अध्ययन अपेक्षित छ ।

सिद्धार्थपुर्यामुत बुद्धवल्ल्यां जन्मस्थले कापिलवास्तुके वा
संसारबौद्धग्रहणीयविश्वविद्यालयः स्थाप्य इहाग्रगण्यः । ३०३

सिद्धार्थनगर, बुद्धबल्ली, लुम्बिनीवन, कपिलबस्तु- यीमध्ये कुनै ठाउँमा ठूलो विश्वविद्यालय स्थापित गरिनुपर्छ, जहाँ संसारका बौद्धहरू पढून् ।

प्रसार्यतां दर्शनशास्त्रमात्र-मान्वीक्षिकीपीठप्रतिष्ठया वा
तद् वैदिकैः सार्धमवैदिकानि शास्त्राणि चैकत्र मिलेयुरत्र । ३०४

अथवा 'विश्वविद्यालय' न राख्ने केवल 'आन्वीक्षिकी विद्यापीठ' राख्ने, जहाँ वैदिक तथा अवैदिक गरी दुई थरी दर्शनहरूमात्रै पढाउने गर्न सकिन्छ ।

वैशेषिका न्यायतृषोऽथ सांख्या वेदान्तिनो योगिन आर्हताश्च
रामानुजाद्या अपि वैष्णवाश्च बौद्धैर्भदन्तैः सह संमिलन्तु । ३०५

वैशेषिक, न्याय, सांख्य, योग, वेदान्त, जैन, रामानुज (निम्बार्क, माध्व) आदि सारा दर्शनका अध्येताहरू बौद्ध भिक्षुहरूसँग लुम्बिनीमा मिलून्, भेटघाट, विचार-विमर्श, चिन्तन आदि गरून् ।

अध्यापकाः सेवितनायकानां यन्त्रायिताः शासनतन्त्रवश्याः
न सन्तु, शश्वत् स्ववशाः सुधीराः शास्त्राब्धिमग्नाः सुधियो भवन्तु । ३०६

यहाँ अध्यापकहरू राजनीतिक नेताका वा शासनतन्त्रका बेलौना, नियन्त्रित कर्मचारीजस्ता नबनून् । परन्तु हमेशा स्वाधीन, धीर, शास्त्रचिन्तक विद्वान् बनून् ।

❀ ❀ ❀ ❀

नेपालधरणीहृत्स्था पावनी लुम्बिनी-वनी
शौद्धोदनिजनुर्भूमि र्लोकानामस्तु शान्तिसूः । ३०७

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राष्ट्रियगीतिमालायां विन्यस्तं बुद्धपुष्पकम्
उद्गिरत् शान्तिसन्दोहमम्लानं शोभतां सदा । ३०८

प्रभवतु करुणा नो दुःखिनां दुःखराशे-
रुदयतु मुदिता द्राक् पश्यतां मोदमानान्,
विकसतु समदृष्टिर्जानतासुच्चमैत्रीम्,
विसरतु समुपेक्षा निर्विकारस्वभावा । ३०९

समीचीना दृष्टिर्भवतु भवतां लोकभविका,
सुमृष्टं कर्तव्यं प्रसरतु नृणामादरभरम्,
असंकीर्णे कृत्ये परिणमतु संकल्प उदित,
ऋजुः सत्या वाणी ध्वनतु मधुरा प्रत्ययकरी । ३१०

नेतारो भाविविज्ञा अणुबमसमरं संविदा वारयन्तु,
प्राज्ञाः पर्यावृतिं तां समवतुलयितुं संयताः संयतन्ताम् ।
संघातो मानवानां भवतु सभविको बन्धितो बन्धुभावे,
साधिष्ठा सौगती सा वरयतु सरणिः सुस्थिरां विश्वशान्तिम् । ३११

❀ ❀ ❀ ❀

इति बुद्धस्मरणम्

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखक-परिचय

नाम : डा. टीकाराम पन्थी

जन्ममिति : सन् १९३९ जून २३

जन्मस्थान : अर्खले गाउँ विकास समिति, वडा नं. ८, भाडगाउँ, गुल्मी जिल्ला, लुम्बिनी अञ्चल, नेपाल ।

शैक्षिक योग्यता : नव्यव्याकरणाचार्य– सन् १९६४ (वि.सं. २०२०)
: विद्यावारिधि (पी.एच्.डी.) सन् १९६७ (वि.सं.२०२४)

विषय : पाणिनीयव्याकरणात् प्राक्तनव्याकरणानां पर्यालोचनम् ।

संस्था : वाराणसेय संस्कृत विश्वविद्यालय, वाराणसी ।
: हाइस्कूल तथा इण्डर मिडिएट (उत्तर प्रदेश, माध्यमिक शिक्षापरिषद्, इलाहावाद)

सेवा

१. **शिक्षक**– श्रीहरिहर संस्कृत पाठशाला, वाराणसी, (वि.सं.२०१८-२०२१)
२. **शिक्षक**– नेपाली संस्कृत महाविद्यालय, वाराणसी, (वि.सं. २०२१-२०२४)
३. **उपप्राचार्य**– गुल्मी इण्टर कलेज, गुल्मी, (वि.सं.२०२५-२०३०)
४. **उपप्राध्यापक**– त्रिभुवन विश्वविद्यालय, नेपाल (बि.सं. २०३०) महेन्द्र क्याम्पस, बागलुङ ।
   (क) **क्याम्पस प्रमुख**– महेन्द्र क्याम्पस, बागलुङ (वि.सं. २०३१-२०३३)
   (ख) **उपप्राध्यापक**– त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा (वि.सं.२०३३-२०४७)
५. **सहप्राध्यापक**– त्रिभुवन विश्वविद्यालय, (वि.सं.२०४७ देखि) त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा ।
६. **शिक्षाध्यक्ष**– महेन्द्र संस्कृत विश्वविद्यालय, नेपाल, (वि.सं.२०४८-२०५२)

कृतिहरू

संस्कृतमा

१. **रुरुवृत्तम्** (वि.सं.२०२१)
२. **नेनेपालः** (वि.सं. २०३९)
३. **अश्रूपहारः** (वि.सं.२०३९)
४. **सुधर्मा** (वि.सं.२०४०)
५. **बुद्धस्मरणम्** (वि.सं.२०५३)
६. **काव्यचतुष्टयविमर्शः** (अनुसन्धानात्मक प्रबन्ध)

नेपालीमा

१. **केही जनश्रुतिहरू** (वि.सं.२०४१)
२. अन्य लेखरचनाहरू (भाषिक र अनुसन्धानात्मक लेखहरू) विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित ।

Jayatu Sanskritam, Kathmandu, Nepal